शोधनिर्देशक
सहप्रा. केशव सुवेदी

गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधार्थी

सुवर्ण कटुवाल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६५

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

मिति : २०६५/०८/२९

स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र **सुवर्ण कटुवाल**ले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति	**हस्ताक्षर**
(१) प्रा. राजेन्द्र सुवेदी (विभागीय प्रमुख	....
(२) सहप्रा. केशव सुवेदी (शोधनिर्देशक)	....
(३) सहप्रा. जगतप्रसाद उपाध्याय (बाह्य परीक्षक)	....

शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र सुवर्ण कटुवालले **गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । म उहाँको यस शोधकार्यप्रति सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६५/०८/२९

....
(सहप्रा. केशव सुवेदी)
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रि. वि., कीर्तिपुर
काठमाडौँ ।

कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सहप्रा. केशव सुवेदीका प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतीहरूसँग जुध्ने प्रेरणा दिँदै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यव्यस्तताहरूलाई थाती राखी कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभाग एवम् विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्नाका लागि आवश्यक सामग्री एवम् जानकारी प्रदान गर्नुहुने शोधनायक श्री गोविन्दप्रसाद 'कुसुम' र उहाँका बारेमा थप जानकारी उपलब्ध गराइदिनुहुने हाल नेकपा एमालेका नेता युवराज ज्ञवालीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने कार्यमा आफ्नो कार्यव्यस्ततालाई परवाह नगरी अमूल्य समय निकालेर समयसमयमा प्रत्यक्ष तथा साङ्केतिक निर्देशन, सुझाव तथा हौसला दिई उत्प्रेरित गर्नुहुने नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरूप्रति कृतज्ञताज्ञापन गर्दछु ।

यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता सीताराम कटुवाल र माता दुर्गाकुमारी कटुवालप्रति म आजीवन ऋणी छु । आफूले व्यावहारिक बोझ थामेर मलाई यस अवस्थासम्म पुऱ्याउन मरिमेट्ने दाजु बालकिशोर, भाइ रामचन्द्र, दिदीहरू रञ्जना र उमा, भिनाजु भीमबहादुर कट्टेल, गणेश बस्नेत, बहिनी रिना एवम् सम्पूर्ण परिवारप्रति म हार्दिक कृतज्ञताज्ञापन प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत शोधकार्यमा परोक्ष तथा प्रत्यक्ष रूपमा सहयोग गर्नुहुने साथीहरू चन्द्रमणि दाहाल, गणेश विष्ट, खेमराज पोखेल, सोनी बज्राचार्यप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु र यस शोधपत्रको पाण्डुलिपिलाई यथासम्भव शुद्धताका साथ टङ्कन गरी प्राविधिक सहयोग गर्ने मित्र वीरेन्द्र नेपालप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र : २०६३/०६४

मिति : २०६५/०८/...

सुवर्ण कटुवाल
नेपाली केन्द्रीय विभाग
स्नातकोत्तर तह दोस्रो वर्ष

सङ्क्षेपीकृत शब्द तथा सङ्केत

सङ्क्षिप्त रूप	–	**पूर्ण रूप**
अप्र.	–	अप्रकाशित
आई. ए.	–	इन्टरमिडिएट अफ आर्टस्
आई. कम्	–	इन्टरमडिएट अफ कमर्स
आर्. ए.	–	नेपाल वायुसेवा
आई. भी. पी.	–	इन्टरनेसनल भिजिटर प्रोग्राम
ई. सं.	–	ईस्वी संवत्
एम्. ए.	–	मास्टर अफ आर्टस्
ए. व.	–	एकवचन
क्र. सं.	–	क्रम सङ्ख्या
गा.वि. स.	–	गाउँ विकास समिति
गो. प.	–	गोरखापत्र
चौ. सं.	–	चौथो संस्करण
छै. सं.	–	छैटौँ संस्करण
डा.	–	डाक्टर
ते. सं.	–	तेस्रो संस्करण
त्रि. वि.	–	त्रिभुवन विश्वविद्यालय
त्रै.	–	त्रैमासिक
दो. सं.	–	दोस्रो संस्करण
ने.रा. प्र. प्र.	–	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
पृ.	–	पृष्ठ
प्र.	–	प्रकाशन
प्रा.डा.	–	प्राध्यापक डाक्टर
प्रा. लि.	–	प्राइवेट लिमिटेड
बी. ए.	–	ब्याचलर अफ् आर्टस्
बी. एल्	–	ब्याचलर अफ् ल
मा.	–	मासिक
वि. सं.	–	विक्रम संवत्
स्व.	–	स्वर्गीय
सम्पा.	–	सम्पादन/सम्पादक
साप्ता.	–	साप्ताहिक
सा. प्र.	–	साझा प्रकाशन
...	–	केही अंश छोडिएको
( )	–	विकल्पबोधक
‘ ’	–	शीर्षकबोधक

विषयसूची

विषय *पृष्ठसङ्ख्या*

पहिलो परिच्छेद : शोधपरिचय **१-५**

१.१ शोधशीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ विषयप्रवेश १

१.४ समस्याकथन २

१.५ शोधको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ अध्ययनको औचित्य र महत्त्व ४

१.८ सामग्रीसङ्कलन र शोधविधि ४

१.९ शोधकार्यको सीमाङ्कन ४

१.१० शोधपत्रको रूपरेखा ४

दोस्रो परिच्छेद : गोविन्दप्रसाद 'कुसुम'को जीवनीको अध्ययन **६-१७**

२.१ जन्म र जन्मस्थान ६

२.२ नामकरण ६

२.३ पुर्ख्यौली ७

२.४ बाल्यावस्था ७

२.४ उपनयन संस्कार ८

२.५ शिक्षादीक्षा ८

२.६ दाम्पत्य जीवन र छोराछोरी ९

२.७ आर्थिक अवस्था १०

२.८ जागिरे जीवन ११

२.९ सामाजिक एवम् राजनीतिक जीवन १२

२.१० साहित्यिक क्षेत्रमा प्रवेश, लेखन, प्रेरणा र प्रकाशन १२

२.११ भ्रमण, सम्मान र विभूषण १४

२.१२ व्यक्तिगत रुचि तथा स्वभाव १५

२.१३ साहित्यिक मान्यता र जीवन दर्शन १६

तेस्रो परिच्छेद : गोविन्दप्रसाद 'कुसुम'को व्यक्तित्व को अध्ययन १८-२१

३.१ शारीरिक, व्यक्तित्व तथा स्वभाव १८

३.२ व्यक्तित्वका विभिन्न पाटाहरू १९

३.२.१ साहित्यिक व्यक्तित्व १९

३.२.२ प्रशासनिक व्यक्तित्व २१

३.२.३ बहुभाषी व्यक्तित्व २१

३.२.४ सामाजिक व्यक्तित्व २१

चौथो परिच्छेद : गोविन्दप्रसाद 'कुसमु'का कृतिहरूको विश्लेषण २२-१०२

४.१ पृष्ठभूमि २२

४.२ 'तन्द्राभित्रको अतीत' (२०६०) कथासङ्ग्रहका कथाहरूको विश्लेषण २२

४.२.१ लेखन, प्रकाशन र अन्य सन्दर्भ २२

४.२.२ 'तन्द्राभित्रका अतीत'का कथाहरूको विश्लेषण २२

(१) 'अन्तर्वार्ता' कथाको विश्लेषण २३

(२) 'आदर्श र व्यवहार' कथाको विश्लेषण २४

(३) 'तन्द्राभित्रको अतीत' कथाको विश्लेषण २५
(४) 'तरिका' कथाको विश्लेषण २७
(५) 'मुद्दा जो किनारा लाग्न बाँकी थियो' कथाको विश्लेषण २८
(६) 'साठी रुपियाँको करामत' कथाको विश्लेषण ३०
(७) 'मत' कथाको विश्लेषण ३१
(८) 'खोइ मान्छे ?' कथाको विश्लेषण ३२
(९) 'समय' कथाको विश्लेषण ३३
(१०) 'अपाङ्ग' कथाको विश्लेषण ३५
(११) 'रातिको दुई बजिसक्यो' कथाको विश्लेषण ३६
(१२) 'सोचाइ' कथाको विश्लेषण ३८
(१३) 'घूस' कथाको विश्लेषण ३९
(१४) 'के. बी. जी' कथाको विश्लेषण ४१
(१५) 'आफन्त' कथाको विश्लेषण ४२
(१६) 'पेम्बा' कथाको विश्लेषण ४४
(१७) 'कार्यालयभित्र' कथाको विश्लेषण ४५
(१८) 'किनकि...' कथाको विश्लेषण ४७
(१९) 'मेरो बस्तीको कथा' कथाको विश्लेषण ४८
(२०) 'उपियाँ' कथाको विश्लेषण ५०
(२१) 'मङ्गली' कथाको विश्लेषण ५१
(२२) 'आफैँले बेचेको जीवन' कथाको विश्लेषण ५३
(२३) 'वैज्ञानिक १३६ 'ए' को डायरी' कथाको विश्लेषण ५४
(२४) 'साहिँली भाउजू' कथाको विश्लेषण ५६
(२५) 'व्यवहार' कथाको विश्लेषण ५७

(२६) ‘रात यसरी ढल्छ’ कथाको विश्लेषण ५९
(२७) ‘स्वतन्त्रता’ कथाको विश्लेषण ६०
(२८) ‘संस्कार’ कथाको विश्लेषण ६१
(२९) ‘नयाँ हाकिम’ कथाको विश्लेषण ६३
(३०) ‘विश्वास’ कथाको विश्लेषण ६४
(३१) ‘बुबा’ कथाको विश्लेषण ६५
(३२) ‘कर्फ्यू’ कथाको विश्लेषण ६६
(३३) ‘एक गते’ कथाको विश्लेषण ६८
(३४) ‘कार्यसिद्धि’ कथाको विश्लेषण ६९
(३५) ‘बाँच्नका लागि’ कथाको विश्लेषण ७०
(३६) ‘चाकडी अधुरै रह्यो’ कथाको विश्लेषण ७२
(३७) ‘हलेदोलाई चिनेपछि’ कथाको विश्लेषण ७३
(३८) ‘धूर्तबहादुर’ कथाको विश्लेषण ७४
(३९) ‘मृत्युको मुख’ कथाको विश्लेषण ७६
(४०) ‘अनुत्तरित प्रश्न’ कथाको विश्लेषण ७७
(४१) ‘सहरी अक्टोपस र जिन्दगी’ कथाको विश्लेषण ७९
(४२) ‘इस्तानवुलको रात’ कथाको विश्लेषण ८०
४.२.३ निष्कर्ष ८२
४.३ ‘पारिको अनुभव’ यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रहको विश्लेषण ८३
४.३.१ लेखन, प्रकाशन र अन्यसन्दर्भ ८३
४.३.२ ‘पारिको अनुभव’ यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रहको विश्लेषण ८४
४.३.२.१ विषयवस्तुका दृष्टिले ‘पारिको अनुभव’का यात्रासंस्मरणहरूको विश्लेषण ८४
(१) ‘भ्रमणको तयारी’ संस्मरण ८४
(२) ‘त्रिभुवन विमानस्थलदेखि वासिङ्गटनसम्म’ संस्मरण ८५

(३) वासिङ्गटन डी. सी. र मेरो अनुभव' संस्मरण ८७
(४) 'चार्ल्सटनको रमाइलो' संस्मरण ८९
(५) 'प्युब्लो र सान्टाफे' संस्मरण ९१
(६) 'साल्ट लेकको नुनिलो पानी' संस्मरण ९२
(७) 'लस एन्जेलसमा लाइन मिच्दा' संस्मरण ९३
(८) 'हिथ्रोदेखि काठमाडौँसम्म' संस्मरण ९४
४.३.२.२ भाषाशैलीका दृष्टिले 'पारिको अनुभव' यात्रासंस्मरणहरूको विश्लेषण ९५
४.३.२.३ निष्कर्ष ९६
४.४ गोविन्दप्रसाद 'कुसुम'का कविताको विश्लेषण ९७
४.४.१ लेखन तथा प्रकाशन-सन्दर्भ ९७
४.४.२ गोविन्दप्रसाद 'कुसुम'का कविताको विश्लेषण ९७
(१) 'एक भियतनामी बालक' कविताको विश्लेषण ९८
(२) 'जिजीविषा' कविताको विश्लेषण ९८
(३) 'यात्रा लामो छ' कविताको विश्लेषण ९९
(४) 'बुद्ध किन बोल्दैनौ ?' कविताको विवेचना १००
(५) 'परेवा र चील' कविताको विवेचना १०१
४.४.३ निष्कर्ष

१०१

पा“चौ“ परिच्र्छेद : उपसंहार तथा निष्कर्ष

ज्ञणघ-ज्ञण्ड

सन्दर्भसामग्री विवरण **१०९-११०**

पहिलो परिच्छेद

शोधपरिचय

१.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार गोविन्दप्रसाद 'कुसुम' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

१.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

१.३ विषयप्रवेश

वि. सं. २०११ असोज २० गते शनिबारका दिन दाङ जिल्लाको हापुर गाउँमा जन्मिएका गोविन्दप्रसाद 'कुसुम' नेपाली साहित्यका फाँटमा नौलो नाम होइन । उनले सर्वप्रथम त्रिभुवन कलेज पाल्पाले आयोजना गरेको साहित्यिक कार्यक्रममा 'एक भियतनामी बालक' शीर्षकको कविता वाचन गरी प्रथम स्थान हासिल गरेका थिए । त्यसैका प्रेरणा र हौसलाले उनी साहित्यतिर आकृष्ट भएका थिए । यही कविता पाल्पाबाट प्रकाशित हुने **श्रीनगर** साहित्यिक पत्रिका (२०२८) मा प्रकाशित गराउँदै कुसुमले सार्वजनिक साहित्यिक यात्रा सुरु गरेका थिए । उनका त्यसपछिका कविता, कथा, निबन्ध तथा लेखहरू **मधुपर्क**, **समकालीन साहित्य**जस्ता साहित्यिक पत्रिकामा छापिँदै आएका छन् ।

'कुसुम'का हालसम्म दुई साहित्यिक पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । ती हुन् : **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रह र **पारिको अनुभव** (२०६०) यात्रासंस्मरण । उनका अप्रकाशित कृतिहरूमध्ये **बुरान** र **सान्नानी** खण्डकाव्य पनि हुन् । यी अहिले उपलब्ध छैनन् । उनको एउटा कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । उनका साहित्यइतर कृतिमा **हायु : एक पिछडिएको जनजाति** (सन् २००४) अनुसन्धानात्मक कृति हो । यसरी 'कुसुम' ले साहित्यका विविध विधामा कलम चलाउनुका साथै साहित्येतर विषयमा पनि कलम चलाएकाले उनी एक बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् ।

१.४ समस्याकथन

गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्व शीर्षक रहेको प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

(क) गोविन्दप्रसाद 'कुसुम'को जीवनी कस्तो रहेको छ ?

(ख) गोविन्दप्रसाद 'कुसुम'को व्यक्तित्वका केकस्ता आयामहरू छन् ?

(ग) गोविन्दप्रसाद 'कुसुम'का साहित्यिक एवम् साहित्येतर कृतिहरू केकस्ता रहेका छन् ?

माथिका समस्याहरूको समाधानमा यो शोधपत्र केन्द्रित छ ।

१.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) गोविन्दप्रसाद 'कुसुम'को जीवनी प्रस्तुत गर्नु,

(ख) गोविन्दप्रसाद 'कुसुम'का व्यक्तित्वका विविध पाटाहरूको निरूपण गर्नु,

(ग) गोविन्दप्रसाद 'कुसुम'का कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु,

१.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा ३० को दशकदेखि निरन्तर साधनारत गोविन्दप्रसाद 'कुसुम' वहुप्रतिभा सम्पन्न साहित्यकार हुन् । उनले साहित्यका कविता, कथा तथा निबन्धअन्तर्गत यात्रासंस्मरणजस्ता विविध उपविधामा कलम चलाएका छन् । नेपाली साहित्यको भण्डारलाई दुई पुस्तकाकार कृति दिइसकेका 'कुसुम'का जीवनी, व्यक्तित्व र कृतिका बारेमा कुनै शोधकार्य भएको पाइँदैन । यसबाहेक उनका कृतिहरूको विस्तृत, सुव्यवस्थित अध्ययन भएको पनि पाइँदैन तर पनि केही साहित्यिक पत्रपत्रिका र पुस्तकहरूमा उनको सामान्य चर्चा र समीक्षा भने गरिएको देखिन्छ जसलाई कालक्रमअनुसार यसरी प्रस्तुत गर्न सकिन्छ :

यज्ञबहादुर हमालले **मधुपर्क** (वर्ष २२, अङ्क ६, कार्तिक, २०४६) को पृष्ठ ४ मा 'पत्र प्रशंसा' शीर्षकमा कुसुमको 'धूर्तबहादुर' कथाका बारेमा टिप्पणी गर्दै भनेका छन् : "कथा धूर्तबहादुरमा कथाकारले अनेक बुट्टाबहाना बनाएर अरूलाई फसाउने र त्यसबाट आफूलाई भरपुर फाइदा लिने मानवीय प्रवृत्तिदेखि सदा सजग र सचेत रहन आग्रह गरेका छन् ।"

राविया दिक्तेलले **मधुपर्क** (वर्ष २२, अङ्क ६, कार्तिक, २०४६) को पृष्ठ ६४ मा 'पत्र प्रशंसा' शीर्षकमा मधुपर्कमा प्रकाशित लेख-रचनाको प्रतिक्रिया दिने क्रममा 'कुसुम'को धूर्तबहादुर कथाको पनि नाम उल्लेख गरेका छन् । यसबाहेक उनले अरू टिप्पणी गरेको पाइँदैन ।

रमेश विकलले **समकालीन साहित्य** (वर्ष ९, अङ्क २, वैशाख, जेठ, असार, २०५६) मा 'कुसुम'को जन्ममिति, शिक्षा, कृति तथा यिनले पाएका पुरस्कार र विभूषणको जानकारी गराउँदै यिनलाई प्रतिभाशाली साहित्यकारका रूपमा चिनाएका छन् ।

नकुल सिलवालले **तन्द्राभित्रको अतीत** (२०६०) पुस्तकमा 'प्रकाशनको मन्तव्य' शीर्षकमा 'कुसुम'लाई साहित्यका बहुविधामा रचना प्रकाशन गर्ने साहित्यकारका रूपमा लिँदै उनको साहित्यिक भाषा सरल र सहज भएको उल्लेख गरेका छन् ।

मोहनराज शर्माले **तन्द्राभित्रको अतीत** (२०६०) पुस्तकमा 'कथा 'कुसुम'का' शीर्षकमा भूमिका लेख्ने क्रममा 'कुसुम' र यस पुस्तकमा सङ्कलित कथाहरूको सामान्य चर्चा गरेका छन् ।

कमल दीक्षितले **पारिको अनुभव** (२०६०) पुस्तकमा 'प्रकाशकीय' शीर्षकमा टिप्पणी लेख्दै पुस्तकको प्रशंसा गरेका छन् र नेपाली भ्रमण साहित्यका स्थापित लेखकहरूसँग तुलना गर्दै जेठो हुन नसक्ने विचार व्यक्त गरेका छन् । त्यस्तै तारानाथ शर्माको भावुक मधुरता, केदारमणि आ.दी. को सूचना विपुलता अथवा घनश्याम राजकर्णिकारको विषयगत व्यापकता यस पुस्तकमा पाइने छैन भन्दै कटरको स्वाद आँप र लिचीमा खोजेर पाइँदैन भनेका छन् ।

चूडामणि खनालले **जगदम्बा शतक** (२०६१) पुस्तकमा **पारिको अनुभव** शीर्षकमा 'कुसुम'को यस कृतिको सामान्य समीक्षा गर्दै नेपाली भाषामा यात्रासाहित्यको कमी नभएको भन्दै केदारमणि आ. दी., तारानाथ शर्मा, घनश्याम राजकर्णिकारका परम्परामा गोविन्दप्रसाद 'कुसुम' पनि **पारिको अनुभव**बाट यात्रा लेखकका रूपमा जोडिन पुगेको कुरो उल्लेख गरका छन् ।

यसप्रकार गोविन्दप्रसाद कुसुमको सृजनात्मक पक्षका बारेमा उपर्युक्त केही चर्चापरिचर्चा भएको देखिए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन अहिलेसम्म हुनसकेको छैन । त्यसैले यस शोधपत्रमा गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने प्रयास गरिएको हो ।

१.७ अध्ययनको औचित्य र महत्त्व

गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा आजसम्म पूर्ण रूपले अध्ययन नभइसकेको तथ्य पूर्वकार्यको समीक्षाबाट पनि पुष्टि भइसकेको छ । नयाँ पुस्ताका एउटा उल्लेख्य साहित्यकार 'कुसुम'का जीवनी, व्यक्तित्व र कृतित्वको खोजी गरी शोधपत्र तयार पार्ने

उद्देश्य यस अध्ययनले लिएको स्वभावतः यो अध्ययन औचित्यपूर्ण छ । यसबाहेक 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वको यो अध्ययनकार्यले भविष्यका अध्येतालाई यिनका बारेमा अध्ययन गर्न सहयोग पुग्नेछ । यसबाहेक नेपाली साहित्यको इतिहास लेख्न र साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने कार्यमा पनि यस शोधकार्यले सहयोग गर्नेछ । यी विविध पक्षबाट नै प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व रहेको छ ।

१.८ सामग्रीसङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मूलतः पुस्तकालय अध्ययनविधिका आधारमा नै सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी सामग्रीसङ्कलन गरिएको छ । साथै शोधनायकसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट पनि लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिनुका साथै उनका परिवार र निकटका व्यक्तिसँग सम्पर्क गरी 'कुसुम'का जीवनी र व्यक्तित्वका विविध पक्षका सम्बन्धमा आवश्यक सूचना र तथ्यहरू बटुली यो शोधकार्य सम्पन्न गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूको विवेचनाका क्रममा यस शोधपत्रमा आवश्यकताअनुसार जीवनीपरक समालोचना पद्धति, ऐतिहासिक अनुसन्धान एवम् विभिन्न विधासिद्धान्तहरूको पनि उपयोग गरिएको छ ।

१.९ शोधकार्यको सीमाङ्कन

गोविन्दप्रसाद 'कुसुम'ले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि उनले विशेषतः कथाकार र यात्रा संस्मरणकारका रूपमा ख्याति कमाएका छन् । प्रस्तुत शोधपत्रमा 'कुसुम'का कुनै खास कृतिको कृतिपरक अध्ययन नगरी समग्रमा उनका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै यस शोधपत्रको सीमा हो ।

१. १० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नानुसार विभिन्न परिच्छेदहरूमा संरचित छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : गोविन्दप्रसाद 'कुसुम'को जीवनीको अध्ययन

तेस्रो परिच्छेद : गोविन्दप्रसाद 'कुसुम' को व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : गोविन्दप्रसाद 'कुसुम'का कृतिहरूको विश्लेषण

पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त विभिन्न परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न उपशीर्षकमा विभाजन गरी प्रस्तुत शोधकार्यलाई सङ्गठित गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो अनुच्छेदमा यस शोधकार्यको परिचय दिइएको छ । यस क्रममा विभिन्न उपशीर्षकहरूमार्फत शोधकार्यको प्रयोजन शोधकार्यको समस्या, शोधकार्यको उद्देश्य, पूर्वाध्ययनको सर्वेक्षण, शोधको औचित्य, सामग्रीसङ्कलनका आधार र शोधविधि एवम् शोधसीमाको परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा गोविन्दप्रसाद 'कुसुम' को जीवनी प्रस्तुत गरिएको छ । यस क्रममा विभिन्न उपशीर्षकहरूमार्फत कुसुमको जन्म र जन्मस्थान, नामकरण, पुर्ख्यौली, बाल्यावस्था, उपनयन संस्कार, शिक्षादीक्षा, दाम्पत्य जीवन र छोराछोरी, आर्थिक अवस्था, जागिरे जीवन, सामाजिक एवम् राजनीतिक जीवन, साहित्यिक क्षेत्रमा प्रवेश, लेखन, प्रेरणा र प्रकाशन, भ्रमण, सम्मान र विभूषण, व्यक्तिगत रुचि तथा स्वभाव एवम् साहित्यिक मान्यता र जीवन दर्शनलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदअन्तर्गत गोविन्दप्रसाद 'कुसुम'को व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । यस क्रममा विभिन्न उपशीर्षकहरूमार्फत कुसुमको शारीरिक, व्यक्तित्व तथा स्वभाव, व्यक्तित्वका विभिन्न पाटाहरू, साहित्यिक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, बहुभाषी व्यक्तित्व एवम् सामाजिक व्यक्तित्वलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा गोविन्दप्रसाद 'कुसुम'का कृतिहरू **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रहका बयालीसवटा कथाहरूलाई कथाका तत्त्वका आधारमा एकएक गरी विश्लेषण गरिएको छ भने **पारिको अनुभव** (२०६०) यात्रासंस्मरणभित्रका आठवटा निबन्धहरूको पनि विश्लेषण गरिएको छ । यसका साथै उनका चारवटा कविताहरूको पनि कविताका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ अनुच्छेद प्रस्तुत शोधपत्रको निष्कर्षका रूपमा रहेको छ ।

दोस्रो परिच्छेद

गोविन्दप्रसाद 'कुसुम'को जीवनीको अध्ययन

२.१ जन्म र जन्मस्थान

गोविन्दप्रसाद 'कुसुम' को जन्म २०११ साल असोज २० गते शनिबारका दिन भएको हो ।[१] उनी दाङ जिल्लाको हापुर गाउँमा सामान्य ग्रामीण परिवारमा जन्मिएका थिए ।[२]

२.२ नामकरण

गोविन्दप्रसाद 'कुसुम'को न्वारनको नाम गोविन्द नै हो ।[३] बालककालदेखि नै उनलाई सबैले गोविन्द भनेर नै बोलाउने गर्थे । उनले २०२८ सालमा इन्टरमिडिइट पढ्ने क्रममा आफ्नो नामका पछाडि 'कुसुम' उपनाम राखेका थिए ।[४] त्यसबेला साहित्यलेखन र अध्ययनमा चाख राख्ने व्यक्तिहरूले आफ्नो नामको पछाडि उपनाम राख्ने चलन थियो ।[५] उनी पनि साहित्यप्रति विशेष रुचि राख्ने व्यक्ति भएकाले आफ्ना निकटतम मित्र युवराज ज्ञवालीसँग सल्लाह गरी उनले 'कुसुम' उपनाम जुराएका थिए ।[६] 'कुसुम' उपनाम राख्नुको कारणबार प्रस्ट पार्दै शोधनायक भन्छन् :

"कुसुम एउटा फक्रन लागेको फूल हो । जसले फक्रेपछि सबैलाई सुवास र सुगन्ध दिन्छ । त्यसैको प्रतिबिम्बस्वरूप म पनि असल र सक्षम नागरिक भई समाजका लागि राम्रा र असल काम गर्न सकूँ भन्ने भावनाले यो उपनाम राखेको थिएँ ।"[७]

'कुसुम'को सपना आजसम्म उनका जीवनमा साकार हुँदै आएको छ । उनी नेपाली साहित्य तथा नेपालको प्रशासनिक क्षेत्रमा गोविन्दप्रसाद 'कुसुम' उपनामले परिचित छन् ।

---

[१] शोधनायकबाट मौखिक जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] नेकपा एमालेका नेता युवराज ज्ञवालीबाट मौखिक जानकारी ।

[५] शोधनायकबाट मौखिक जानकारी ।

[६] नेकपा एमालेका नेता युवराज ज्ञवालीबाट मौखिक जानकारी ।

[७] शोधनायकबाट मौखिक जानकारी ।

२.३ पुर्ख्यौली

गोविन्दप्रसाद 'कुसुम'को पुर्खा जातिले ब्राह्मण र कर्मले ज्योतिष थिए । उनका पुर्खा आफ्नो पुर्ख्यौली थलो लमजुङ जिल्ला छाडेर पश्चिम सल्यान जिल्लामा बसाइँ सर्न पुगेका थिए । उनका पुर्खाहरू कालान्तरमा कसरी फैलँदै गए भन्ने बारेमा एउटा किम्बदन्ती रहेको छ । उनका अनुसार 'कुसुम'का जिजु हजुरबुबाका पनि जिजु हजुरबुबा ज्योतिष विद्याका प्रकाण्ड विद्वान् थिए । उनको त्यही ज्योतिष विद्याबाट प्रभावित भएर सल्यानी राजाले कुसुमका ती जिजु हजुरबुबाका पनि जिजु हजुरबुबालाई हालको प्यूठान जिल्लामा पर्ने उदयपुर राज्य बकसका रूपमा दिएका थिए । उदयपुर त्यतिबेला नेपालमा भएका विभिन्न राज्यहरूमध्ये त्यस्तो राज्य थियो जहाँ ब्राह्मणहरूले राज्य गर्दथे ।[८] ब्राह्मणहरूले राज्य गरेको भएर नै पृथ्वीनारायण शाह र पछि बहादुर शाहको नेतृत्वमा नेपाल एकीकरण गर्दा यो उदयपुर राज्य आक्रमणको निसानामा परेको थिएन । नेपाल एकीकरणपछि पनि उदयपुर एउटा राज्यका रूपमा रहिरह्यो । यस राज्यमा 'कुसुम'का पुर्खा अधिकारीहरूले राज्य गरेका थिए । तिनै अधिकारीहरूमध्ये कालान्तरमा कतिपयले आफ्नो थर अधिकारीको सट्टा कार्की पनि लेख्न थालेको पाइन्छ ।[९]

२.४ बाल्यावस्था

गोविन्दप्रसाद 'कुसुम'को जन्म दाङ जिल्लाको हापुर गाउँमा भए पनि उनी हुर्केको ठाउँ दाङकै हेकुली भन्ने ठाउँ हो । कुसुमको बाल्यावस्था त्यति सुखद थिएन । उनी एउटा सामान्य आर्थिक अवस्था भएको ग्रामीण परिवारमा जन्मेका थिए ।[१०] २०१६ सालमा आफ्ना पिताको असामयिक निधनले उनको परिवारमा ठूलो सङ्कट उपस्थित भएको थियो । पतिको मृत्युको पीडाबोध एवम् सासूससुराको अपहेलना र असहयोगका कारण उनकी आमा नाबालक कुसुमलाई लिई पतिको घर हापुर छोडेर हेकुली गाउँमा बसाइँ सरेकी थिइन् ।[११] आफू अशिक्षित भए पनि शिक्षाको महत्त्व थाहा पाएकी उनकी आमाले बनीबुतो गरेर कुसुमका निम्ति शिक्षाको बन्दोबस्त मिलाइ दिएकी थिइन् । उनकी आमाले निकै दुःखकष्ट भोगे पनि कुसुमले भने बाल्यकालमा त्यति

---

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

[११] नेकपा एमालेका नेता युवराज ज्ञवालीबाट मौखिक जानकारी ।

दुःख भोग्नु परेन ।[१२] उनको बाल्यकाल आफ्ना गाउँका थारू बालबालिकाहरूसँग खेल्नु, गोठाला जानु, विद्यालय जानु, आउनु, शिक्षकहरूले दिएको गृहकार्य गर्नुजस्ता क्रियाकलापमा बितेको थियो ।

हाल नेकपा एमालेका नेता युवराज ज्ञवाली कुसुमका बाल्यकालीन मित्र थिए ।[१३] त्यसैले बेलाबखत कुसुम आफ्ना मित्र ज्ञवालीका घरमा जानेबस्ने गर्थे । ज्ञवाली परिवारले कुसुमलाई छोरासमानको मायाममता दिएका थिए । युवराज ज्ञवालीका पिता निकै उदार र विद्वान् भएकाले एउटा बाबुविहीन कुसुमलाई कहिल्यै पनि बाबुको अभावको अनुभूति नहोओस् भन्ने हेतुले र आफ्नो माहिलो छोरा गोविन्द ज्ञवालीको असामयिक निधनले ल्याएको पीडालाई बिर्सन पनि उनले कुसुमलाई माहिलो छोरोतुल्य मानेका थिए ।[१४] अवश्यै कुसुमकी आमाले जीवनमा निकै दुःखकष्ट पाइन् तापनि कुसुमले भने सबैको मायाममता पाएका कारण उनको बाल्यावस्था सुखद नै बित्यो । आफ्नो बाल्यकालका स्मृतिहरूलाई समेट्दै कुसुमले भनेका छन् : "दाङको त्यो हेकुली गाउँछेउको जङ्गलछेउको ठूलो मैदान जहाँ मेरो बाल्यकाल कुद्दैमा र खेल्दैमा बित्यो ।"[१५] समग्रमा भन्दा कुसुमको बाल्यावस्था हेकुली गाउँमा सुखपूर्वक नै बितेको देखिन्छ ।

२.४ उपनयन संस्कार

हिन्दू धर्म र संस्कृतिअनुसार मानव जीवनका विविध षोडश संस्कारहरूमध्ये उपनयनलाई महत्त्वपूर्ण संस्कार मानिन्छ । उपनयनलाई व्रतबन्ध पनि भनिन्छ । उपयनय संस्कार खास गरी बाल्यावस्थामै गर्ने शास्त्रीय प्रावधान छ तापनि गोविन्दप्रसाद 'कुसुम'को २० वर्षको उमेरमा २०३१ सालमा युवराज ज्ञवालीको पुर्ख्यौली घर गुल्मीमा उपनयन संस्कार सम्पन्न भएको थियो । युवराजका बाबुले नै कुसुमको उपनयन संस्कार गरिदिएका थिए ।[१६]

२.५ शिक्षादीक्षा

दाङ जिल्लाकै हेकुलीको स्थानीय गाउँघरका केटाकेटीलाई प्रारम्भिक अक्षर सिकाउन बन्दोबस्त गरिएको पाटीबाट अक्षर आरम्भ गरेका गोविन्दप्रसाद 'कुसुम'ले विभिन्न समयमा भिन्नभिन्न स्थानका शिक्षण संस्थाहरूबाट शिक्षा लिएको देखिन्छ; जसको विस्तृत विवरण यसप्रकार छ :

---

[१२] ऐजन ।

[१३] शोधनायकबाट मौखिक जानकारी ।

[१४] नेकपा एमालेका नेता युवराज ज्ञवालीबाट मौखिक जानकारी ।

[१५] शोधनायकबाट मौखिक जानकारी ।

[१६] ऐजन ।

गोविन्दप्रसाद ‘कुसुम’ले वीरेन्द्र निम्न माध्यमिक विद्यालय हेकुली, दाङबाट प्राथमिक शिक्षा प्राप्त गरेका थिए । त्यसपछि महेन्द्र हाइस्कुल दाङ, तुलसीपुरबाट उनले माध्यमिक तहको शिक्षा पूरा गरेका थिए तर एस्. एल्. सी. परीक्षा चाहिँ उनले पद्मोदय हाइस्कुल, दाङ घोराहीबाट २०२६ सालमा उत्तीर्ण गरेको देखिन्छ । त्यसपछि इन्टरमिडियट पढ्न उनी पाल्पा आए र उनले पाल्पास्थित त्रिभुवन कलेजबाट २०२९ सालमा द्वितीय श्रेणीमा आई. कम्. उत्तीर्ण गरेका थिए ।[१७]

कुसुमले प्राथमिक तहदेखि आई. कम्. सम्मको शिक्षा विद्यालय तथा महाविद्यालयहरूबाट नियमित छात्रका रूपमा ग्रहण गरेका थिए । तर त्यसपछिको उच्च शिक्षा भने उनले स्वाध्ययनबाट गरेको देखिन्छ । यस क्रममा उनले व्यक्तिगत (प्राइभेट) विद्यार्थीका रूपमा बी. ए. डि. पी. ए. र बी. एल्. का साथै राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका थिए । यसपछि जागिर खान थालेको पनि धेरै वर्षपछि उनले सन् २००४ मा द्वन्द्वव्यवस्थापन विषयमा त्रि. वि.बाट विद्यावारिधि उपाधि पनि हासिल गरे ।[१८] विद्यालयस्तरको पढाइमा अत्यन्तै मिहिनेती भएका कारण उनले सबैको साथ, सहयोग एवम् प्रेरणा प्राप्त गरेका थिए भने उच्च शिक्षाको निम्ति खर्च जुटाउन अप्ठ्यारो भएकाले उनले नियमित विद्यार्थीका रूपमा शिक्षण संस्थामा गई शिक्षा आर्जन गर्न पाएनन् ।[१९] त्यसकारण उनले जागिर गर्दै स्वाध्ययनबाट विद्यावारिधिसम्मको उच्च शिक्षा अगाडि बढाएको र त्यसमा सफलता प्राप्त गरेको पनि देखिन्छ ।

२.६ दाम्पत्य जीवन र छोराछोरी

गोविन्दप्रसाद ‘कुसुम’को काठमाडौँ निवासी तेजलक्ष्मीसँग दाम्पत्य जीवन प्रारम्भ भयो ।[२०] उनका हाल एक छोरी र दुई छोरा गरी जम्मा तीन सन्तान छन् । पहिलो सन्तानका रूपमा छोरी अस्मिता ‘कुसुम’ अधिकारीको जन्म भएको थियो । हाल उनी सेन्टमेरिज स्कुलबाट विज्ञान विषय लिई १२ कक्षाको परीक्षा दिई घरमै बसेकी छिन् । कुसुमका दोस्रो र तेस्रो सन्तानको रूपमा गौरव ‘कुसुम’ अधिकारी र अजय ‘कुसुम’ अधिकारीको जन्म भएको थियो । हाल उनीहरू सेन्टजेभियर्स स्कुलमा क्रमशः १० र ९ कक्षामा अध्ययनरत छन् ।[२१]

कुसुमले आफ्नो जीवनसाथी रोज्ने कुरामा कसैको करकापमा पर्नु परेको देखिँदैन । उनले आफ्नै छनोटमा र निर्णयमा विवाह गरेका थिए र उनी आफ्नो दाम्पत्य एवम् पारिवारिक जीवनबाट सन्तुष्ट नै देखिन्छन् । अहिलेसम्म उनको वैवाहिक जीवनमा आन्तरिक असमझदारीका कारण कुनै

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

पनि गम्भीर समस्या नआएको हुनाले कुसुमको विवाहपश्चात्को जीवन सुखमय र आनन्ददायी नै छ भन्न सकिन्छ ।

२.७ आर्थिक अवस्था

गोविन्दप्रसाद 'कुसुम'को जन्म ग्रामीण मध्यमवर्गीय परिवारमा भएको थियो । उनको परिवारको आर्थिक अवस्था सामान्य किसिमको थियो ।[२२] कुसुमका पिता र माता परिश्रमी र पौरखी भएकाले घरव्यवहार सामान्य रूपमा चलेको पाइन्छ तर उनका पिताको असामयिक निधनले गर्दा उनको परिवारको आर्थिक अवस्था पनि कमजोर हुन पुगेको थियो ।[२३] उनका बाबुको नाममा रहेको सानो खेतबारीको उत्पादनले घरव्यवहार चलाउन धौधौ पर्दथ्यो । त्यसकारण उनकी आमाले दैनिक घरव्यवहार चलाउन धेरै परिश्रम र दुःखकष्ट भोग्नुपरेको थियो ।[२४] शोधनायक आफ्नो पारिवारिक दुःखलाई यसरी सम्झना गर्दछन् :

"मेरो घरायसी अवस्था सामान्य थियो । म पाँच वर्षको हुँदा बुबा बित्नुभयो । आमाले मलाई हुर्काउन र पढाउन निकै दुःख बेहोर्नुपरेको थियो । आफूले जस्तोसुकै जटिलता खेप्नुपरे पनि छोरालाई शिक्षा दिनै पर्छ भन्ने मान्यताबाट मेरो पढ्ने खर्च काम गरेर र ऋण खोजेर जुटाइदिनुभएको थियो ।"[२५]

आमाको दुःख बुझेर नै कुसुमले एस्. एल्. सी. पास गर्नेबित्तिकै जागिर खाएका थिए । त्यसपछि कुसुमले आफ्नो पढाइ खर्च आफैँ जुटाउँदै उच्च शिक्षा प्राप्त गर्न सफल भएका थिए ।[२६] २०३७ सालमा सरकारी कर्मचारीका रूपमा शाखा अधिकृत भएपछि उनको आर्थिक अवस्था क्रमशः सुदृढ हुँदै गएको पाइन्छ । उनले २०३९ सालमा आफ्नो तलबबाट बचत भएको केही रकम र गाउँको केही अचल सम्पत्ति बेची काठमाडौँमा एउटा घडेरी जोडेका थिए ।[२७] हाल त्यही घडेरी बेची काठमाडौँकै बुद्धनगर १० मा दुई तलाको ८ कोठे निजी घर बनाएका छन् । हाल उनको अचल सम्पत्तिका रूपमा एउटा घर र जीविकोपार्जनको साधनका रूपमा नेपाल सरकारको गृह मन्त्रालयको

---

[२२] ऐजन ।

[२३] नेकपा एमालेका नेता युवराज ज्ञवालीबाट मौखिक जानकारी ।

[२४] ऐजन ।

[२५] शोधनायकबाट मौखिक जानकारी ।

[२६] नेकपा एमालेका नेता युवराज ज्ञवालीबाट मौखिक जानकारी ।

[२७] शोधनायकबाट मौखिक जानकारी ।

विशिष्ट श्रेणी सचिवले पाउने सेवासुविधा आयको मुख्य स्रोत हो ।[२८] त्यसकारण कुसुमको आर्थिक अवस्था विगतमा कमजोर भए पनि हाल सुदृढ रहेको देखिन्छ ।

२.८ जागिरे जीवन

गोविन्दप्रसाद 'कुसुम'को जागिरे जीवन २०२६ सालमा शिक्षण पेसाबाट सुरु भएको पाइन्छ । उनले सि. प्र. माध्यमिक विद्यालय श्रीगाउँ, दाङमा (२०२६-२०२८) दुई वर्ष शिक्षक भई काम गरेका थिए ।[२९] शिक्षण पेसालाई स्वच्छ र सामाजिक पेसाका रूपमा लिने कुसुमले पछि उच्च शिक्षा पढ्नका लागि यो पेसा छाडेका थिए ।[३०] त्यसपछि उनले २०३३ सालदेखि २०३६ सालसम्म करिब ४ वर्ष कृषि सामग्री संस्थानमा सुब्बासरहको जागिर खाएका थिए ।[३१] त्यसबाट सन्तुष्ट हुन नसकेका कुसुम २०३७ सालमा राष्ट्रिय पञ्चायतको शाखा अधिकृत पदमा नियुक्त भएका थिए ।[३२] २०३७ देखि अनवरत रूपमा सरकारी सेवामा प्रवेश गरेका कुसुमले हाल सम्मको अवधिमा विभिन्न सरकारी कार्यालयमा आफ्नो जिम्मेवारी निर्वाह गरिसकेका छन् । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

क. सं.	कार्यालय	पद	सेवा अवधि
१	राष्ट्रिय पञ्चायत	शाखा अधिकृत	२०३७..............
२	स्वास्थ्य मन्त्रालय	सहायक सचिव	१ वर्ष ६ महिना ।
३	पर्यटन मन्त्रालय	उपसचिव	१ वर्ष ।
४	भौतिक योजना मन्त्रालय	उपसचिव	१ वर्ष ६ महिना ।
५	स्थानीय विकास मन्त्रालय	स्थानीय विकास अधिकारी	६ वर्ष ६ महिना ।
६	उद्योग वाणिज्य मन्त्रालय	सहसचिव	७ वर्ष ।
७	नेपाल महावाणिज्य दूतावास, कोलकत्ता	महावाणिज्य दूत	३ वर्ष
८	सामान्य प्रशासन मन्त्रालय	सचिव	१० महिना ।
९	गृह मन्त्रालय	सचिव	हाल कार्यरत ।

यसरी कुसुमको जागिरे जीवन शिक्षण पेसाबाट सुरु भए पनि नेपाल सरकारको निजामती कर्मचारीका हैसियतले नै उनको जागिरे जीवन उन्नत र उर्वर रहेको पाइन्छ । उनले निजामती

---

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

कर्मचारीका रूपमा आफ्नो २७ वर्षको अवधिमा जिम्मेवार पदमा रही कुशल नेतृत्व र कार्यसम्पादन गरेकाले उनको जागिरे जीवन सफल रहेको छ ।

२.९ सामाजिक एवम् राजनीतिक जीवन

गोविन्दप्रसाद 'कुसुम'को सामाजिक जीवन पनि महत्त्वपूर्ण छ । उनले समाज विकासका विभिन्न क्रियाकलापमा रुचिपूर्वक भाग लिँदै आएका छन् । उनी समाजविकासका लागि मठमन्दिर, पाटीपौवा, बाटोघाटो बनाउन आर्थिक एवम् नैतिक सहयोग दिनाका साथै सल्लाह, सुझाव दिने गर्छन् । उनी छर-छिमेकमा छिटो घुलमिल हुन सक्ने भएकाले नै उनलाई सबैले औधी मन पराउँछन् । कुसुमका कार्यक्षेत्र लोकसेवा वा (जनसेवा) भएकाले राजनीतिक क्षेत्रमा उनको उपस्थिति शून्य देखिन्छ । उनको कर्मक्षेत्र निजामती सेवा भएकाले पनि उनको मूल ध्येय जनताको सेवा गर्नु रहेको देखिन्छ । उनी भन्छन् : "राजनीति मेरो कार्यक्षेत्र होइन । म सरकारी कर्मचारी अर्थात् लोकसेवक हुँ । लोकसेवकले राजनीति र पार्टीगत विचारधाराबाट प्रेरित भई कार्य गर्नुहुँदैन भन्ने मेरो मान्यता छ ।"[३३]

यसरी कुसुमको मुख्य क्षेत्र राजनीति नभई सामाजिक सेवा भएकाले उनको सामाजिक जीवन नै उच्च रहेको छ । उनले नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य र काठमाडौँ उपत्यका पब्लिक लाइब्रेरीमा सदस्य भएर पनि समाजसेवाका कार्यहरू गरेका छन् ।

२.१० साहित्यिक क्षेत्रमा प्रवेश, प्रेरणा तथा लेखन र प्रकाशन

गोविन्दप्रसाल 'कुसुम'को परिवारमा संस्कृत भाषा र साहित्यको राम्रो प्रभाव परेको थियो । उनकी आमा उनलाई भक्तिरसका कविता र स्वस्थानीको व्रतकथा सुनाउँथिन् ।[३४] यसका आधारमा उनले सृजनातर्फको प्रथम प्रभाव र प्रेरणास्रोत परिवार नै रहेको देखिन्छ । उनकै गाउँमा बसोबास गर्ने थारू जातिमाथि भएको सामन्ती शोषण र अत्याचारबाट पनि उनले सृजनाका निम्ति प्रेरणा प्राप्त गरेका थिए ।[३५] एवम् रीतले उनले नेपाली साहित्यका **गुलबकावलीको कथा**, **लालहीराको कथा**, **वीरसिक्का**जस्ता आख्यानहरू र हिन्दी, बङ्गाली साहित्यका **देवदास** र **चरित्रहीन**, चर्चित कथाकार रमेश विकलको 'फुटपार्थ मिनिस्टर्स', पुष्कर शमशेरद्वारा अनूदित हेनरी राइडरको **सी** उपन्यास, रवीन्द्रनाथ ठाकुरको **गोरा** र **नौका डुब्यो** उपन्यासका साथै म्याक्सिम गोर्कीको **आमा** उपन्यास आदि

[३३] ऐजन ।

[३४] ऐजन ।

[३५] ऐजन ।

कृतिहरूको अध्ययनबाट पनि उनले गहन प्रभाव ग्रहण गरेका थिए ।[36] त्यस्तै गरी उनले आफ्ना निकटतम मित्र युवराज ज्ञवाली (हाल नेकपा एमालेका नेता) बाट पनि प्रेरणा पाएका थिए ।[37] जागिरका सिलसिलामा उनको सुवर्ण श्रेष्ठ, गोविन्द गिरी 'प्रेरणा', मञ्जुरत्न शाक्य, लोकेन्द्रबहादुर चन्द, क्षेत्रप्रताप अधिकारी, कृष्णचन्द्रसिंह प्रधान, कृष्ण जोशी, उदय निरौला र लालिजन रावल, कमलमणि दीक्षित, मोहन कोइराला, मोदनाथ प्रश्रित आदि साहित्यकारहरूसँग सम्पर्क भएका कारणले पनि कुसुमलाई सृजनाका क्षेत्रमा निरन्तरता दिन थप बल प्राप्त भएको पाइन्छ ।[38] यसरी उपर्युक्त क्षेत्रबाट प्रेरणा र प्रभाव ग्रहण गरेका कुसुमको प्रथम सृजना २०२८ सालमा लेखिएको 'एक भियतनामी बालक' कविता हो । कुसुमको उक्त कविता त्रिभुवन कलेज पाल्पाले आयोजना गरेको साहित्यिक कार्यक्रममा प्रथम भएको थियो । यही कविता २०२८ सालमा तानसेनबाट निस्कने **श्रीनगर** पत्रिकामा प्रकाशित भएको थियो । त्यसपछि कुसुमले आफ्नो साहित्यिक गतिविधिलाई निरन्तरता दिँदै गए र हालसम्म पनि लेखिरहेकै छन् ।

यसरी कुसुमले उपर्युक्त विभिन्न क्षेत्रहरूबाट प्रेरणा र प्रभाव लिए तापनि उनको कलमले विशेष गरी सामाजिक यथार्थवादी धाराका सृजनाहरू नै बढी गरेको देखिन्छ । उनका अधिकांश रचनाहरूमा सामाजिक यथार्थको मार्मिक रेखाङ्कन गरिएको छ भने कतिपय कथाहरूमा राजनैतिक एवम् प्रशासनिक भ्रष्टाचारप्रति व्यङ्ग्यात्मक अभिव्यक्तिका साथै वर्तमानका अमिल्दोपन, ह्रास, पतन, धुर्त्याइँ र त्यसबाट समाजमा सिर्जिएका समस्याहरूलाई विषयबद्ध गरेको पाइन्छ । २०२८ सालदेखि हालसम्म अनवतर रूपमा साहित्यसृजनामा लागेका कुसुमका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र हाल प्राप्त सृजनाहरूलाई विधागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

कविता

क्र. सं.	शीर्षक	प्रकाशनस्रोत
१	एक भियतनामी बालक	**श्रीनगर** (तानसेन, २०२८)
२	जिजीविषा	**मधुपर्क**, (वर्ष ३०, अङ्क ९, पूर्णाङ्क ३४४, माघ २०५४)
३	यात्रा लामो छ	**मधुपर्क**, (वर्ष ३१, अङ्क ११, पूर्णाङ्क ३५६, चैत्र २०५५)

[36] ऐजन ।

[37] ऐजन ।

[38] गोविन्दप्रसाद 'कुसुम', **पारिको अनुभव**, ललितपुर : जगदम्बा प्रकाशन, २०६०, पृ. ६९-७०) ।

४	बुद्ध किन बौल्दैनौ ?	**पारिको अनुभव**, २०६०, पृ. ३८
५	परेवा र चील	**पारिको अनुभव**, २०६०, पृ.३९

कथा

क्र. सं.	शीर्षक	प्रकाशनस्रोत
१	धूर्तबहादुर	**मधुपर्क**, (वर्ष २२, अङ्क १, २०४६)
२	संस्कार	**मधुपर्क**, (वर्ष २२, अङ्क २६, कार्तिक २०४६)
३	शहरी जिन्दगी र अक्टोपस	**मधुपर्क**, (वर्ष २६, अङ्क ९, २०५०)
४	वैज्ञानिक-१३६ 'ए' को डायरी	**समकालीन साहित्य**, (वर्ष ९, अङ्क २, पूर्णाङ्क ३४, वैशाख, जेठ, असार, २०५६)

उपर्युक्त प्रकाशित तथा अधिकांश अप्रकाशित कथाहरूको सङ्कलन गरी कुसुमको **तन्द्राभित्रको अतीत** कथासङ्ग्रह (२०६०) मा बगर फाउन्डेसन नेपालबाट प्रकाशित भएको छ । यसैगरी कुसुमको यात्रासंस्मरणात्मक कृतिका रूपमा **पारिको अनुभव** (२०६०) जगदम्बा प्रकाशनबाट प्रकाशित भएको छ भने **हायू : पिछडिएको जनजाति** (२०४५) शीर्षकको एउटा अनुसन्धानात्मक कृति पनि प्रकाशित भएको छ । उनले केही पाठ्यपुस्तक पनि लेखेको देखिन्छ । यसै क्रममा उनले एम्. बी. एस्. लागि ३ थान पुस्तकहरू प्रकाशित गरेको देखिन्छ ।

२.११ भ्रमण, सम्मान र विभूषण

गोविन्दप्रसाद 'कुसुम'ले हालसम्ममा स्वदेश तथा विदेश गरी धेरै स्थानहरूको भ्रमण गरिसकेका छन् । उनका धेरैजसो भ्रमणहरू जागिरसँग सम्बन्धित छन् । उनले जागिरे जीवनमा नेपालका थुप्रै जिल्ला र भारतका केही ठाउँहरूको भ्रमण गरेका थिए भने यसै अवधिमा २६ वटा देशको भ्रमण पनि गरेका छन् । पश्चिम नेपालको दाङ जिल्लामा जन्मिएका कुसुम दाङबाट २०३७ सालमा जागिर खोज्ने क्रममा काठमाडौँ आएका थिए । जागिरमा लागेपछि उनले नेपालका धेरै जिल्लाहरू एवम् विदेशका २६ देशहरूको भ्रमण गर्ने अवसर पाएका छन् । खासगरी जागिरका सिलसिलामा तालिम, गोष्ठी, सेमिनार, सम्मेलनमा नेपाल सरकारका तर्फबाट अवसर पाएकाले उनले विभिन्न क्षेत्रहरूमा घुम्न पाए । उनले भ्रमण गरेका देशहरूमा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, फ्रान्स, फिनल्यान्ड, जर्मनी, बेल्जियम, चीन, थाइल्यान्ड, टर्की, भियतनाम, लाओस आदि पर्दछन् ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका कुसुमले आफ्नो लामो साहित्यिक जीवनमा केही पुरस्कार र सम्मानहरू पाएका छन् । उनले पहिलोपल्ट २०२८ सालमा 'एक भियतनामी बालक' कवितामा त्रिभुवन कलेजबाट प्रथम पुरस्कार र प्रमाणपत्र पाएका थिए । त्यसपछि २०६० मा उनले बगर फाउन्डेसन, नेपालबाट बगर सम्मान प्राप्त गरेका थिए । त्यस्तै नेपाल सरकारका तर्फबाट कुशल भूमिका र कार्यसम्पादन गरेवापत उनी निम्नानुसारका विभूषणबाट पनि सम्मानित हुने अवसर पाएका छन् :

(क) प्रबल गोरखा दक्षिणवाहु- सन् १९८८

(ख) दैवीप्रकोप पीडितोद्धार पदक- सन् १९८८

(ग) जनपद सेवा पदक - सन् १९९६

(घ) गद्दी आरोहण रजत महोत्सव पदक - सन् १९९६

(ङ) अति विशिष्ट सेवा पदक - सन् १९९९

(च) सुप्रबल गोरखा दक्षिणबाहु- सन् १९९९

उनले जीवनमा पाएका उपर्युक्त सम्मान, पुरस्कार र विभूषणले उनको प्रतिष्ठा र गौरवलाई बढाउँदै अझ दक्ष र कुशल कार्यमा लाग्न प्रेरित गरेको देखिन्छ ।

२.१२ व्यक्तिगत रुचि तथा स्वभाव

गोविन्दप्रसाद 'कुसुम'को रुचि भ्रमण, जनसेवा, साहित्य तथा सङ्गीतमा रहेको पाइन्छ । यीमध्ये पनि उनको विशेष रुचि क्षेत्र भनेको लेखन कार्यमा निरन्तर लाग्नु नै हो । साहित्यका क्षेत्रमा विशेष गरेर उनी कथाविधामा बढी केन्द्रित छन् भने निबन्ध विधामा पनि उनी सक्रिय नै देखिन्छन् । मार्क्सवादी साहित्यसिद्धान्तबाट प्रभावित साहित्यिक कृतिहरूको अध्ययन गर्ने र लेखनमा विभिन्न सिद्धान्तहरूको प्रयोग गरी सिर्जना गर्ने कार्यमा उनको विशेष रुचि देखिन्छ ।[३९] शरीरमा चट्ट मिलेको कपडा लगाउने र सफासुग्घर भएर बस्न रुचाउने कुसुमले खानामा हरियो सब्जी र सुखा रोटी सर्वाधिक रुचाउँछन् भने उनको मन पर्ने खाना दाल, भात र तरकारी हुन् ।[४०] यसरी हेर्दा उनको रुचि सैद्धान्तिक र व्यक्तिगत क्षेत्रमा सामान्य नेपाली जनजीवनबाटै प्रभावित रहेको देखिन्छ ।

कुनै पनि अर्को व्यक्तिसँग कुराकानी गर्दा मुसुक्क हाँसेर मात्र कुरा गर्ने अनि अत्यन्तै संयम र नम्र भाषाको प्रयोग गर्ने मृदुभाषी स्वभाव यिनको छ । जनताको सेवा र सरकारको काम भनेपछि आफ्ना सम्पूर्ण निजी कामहरू छाडेर लाग्ने यिनको जनतामुखी स्वभावगत विशेषता हो । अनुशासन

[३९] शोधनायकबाट मौखिक जानकारी ।

[४०] तेजलक्ष्मीबाट मौखिक जानकारी ।

र नियम उल्लङ्घन गरी कार्य गर्नेहरूमाथि अत्यन्त कठोर आपत्ति उठाउने र कुनै पनि कुराको समयसापेक्ष उपयोग गर्नुपर्छ भन्ने यिनको मान्यता रहेको पाइन्छ । यसरी हेर्दा कुसुम कुनै पनि विषयमा नियमानुसारको व्यवस्था गर्दै जाने स्वभाव भएका देखिन्छन् ।

२.१३ साहित्यिक मान्यता र जीवनदर्शन

साहित्य जीवन हो, जीवन साहित्य हो; जीवन नभएको साहित्य हुँदैन । साहित्यकार एउटा स्रष्टा हो । ऊ आफ्नो सिर्जनाद्वारा एउटा नयाँ समाजको आशा गर्दछ । यसका निम्ति उसले आफ्नो स्पष्ट जीवनदर्शन बनाएको हुन्छ । साहित्यकारले बनाएको यस्तै जीवनदर्शनबाट उसको सृजना प्रभावित भएको हुन्छ । कुसुम व्यक्त गरिएको जीवन र व्यक्त नगरिएको जीवनको अभिव्यक्ति क्रियाशील हुनुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन् । उनको वैचारिकतामा नैतिकता र इमानदारीताको समन्वय पाइन्छ । उनी मानव जीवनमा नैतिकता, इमानदारीता र कर्मठताप्रति आस्थावान् देखिन्छन् । उनी स्रष्टा भएकाले आफ्नो शिल्प र अभिव्यक्तिद्वारा एउटा नयाँ समाजको रचना गरी नयाँ दिशाबोध गराउन चाहन्छन् । समाजमा साहित्यकारहरूको नैतिकताको निर्धारण उनीहरूको लेखकीय दायित्व र सामाजिक दायित्वबाट गर्न सकिन्छ । लेखकीय दायित्वअन्तर्गत उसले सिर्जनात्मक र कलात्मक शैलीमा स्वस्थ र जीवन्त रूपमा आफ्ना भावनाहरू अभिव्यक्त गर्नुपर्छ भने सामाजिक दायित्वअन्तर्गत प्रत्येक लेखकले आफू बाँचेको समाज र परिवेशप्रति इमान्दार भएर बहुजनहिताय आफ्नो अभिव्यक्ति पोख्नुपर्दछ । कुसुम साहित्यकारको यस दायित्वप्रति सजग छन् ।

मूलतः साहित्यकार र लोकसेवकका रूपमा परिचित कुसुमको सामाजिक जीवनको छाप उनका साहित्यिक रचनाहरूमा भएको पाइन्छ । जीवनमा भोगेका र देखेका यथार्थजन्य घटनालाई संवेदनशील र अनुभूतिजन्य सरल र सहज भाषामा प्रस्तुत गरी समाजसुधारको चाहना राख्नु नै उनका साहित्यिक कृतिहरूको मूल उद्देश्य रहेको छ ।

यसरी कुसुमका सिर्जनालाई समाजउपयोगी एवम् जीवन र समाजलाई युगसापेक्ष रूपमा बदल्न सक्ने कृतिका रूपमा लिन सकिन्छ । आजका मानवीय समस्याहरूमाथि स्रष्टाहरूले साहित्यिक जलप लगाएर अभिव्यक्ति दिन सक्नुपर्छ भन्ने कुसुमको धारणा रहेबाट पनि उनी समाजका निम्ति आफ्नो सृजनाहरू पस्कन लागिरहेको देखिन्छ ।

तेस्रो परिच्छेद

गोविन्दप्रसाद 'कुसुम'का कृतिहरूको विश्लेषण

४.१ पृष्ठभूमि

गोविन्दप्रसाद 'कुसुम'ले नेपाली साहित्यका कथा, निबन्ध र कविता विधामा कलम चलाएका छन् । यस परिच्छेदमा गोविन्दप्रसाद 'कुसुम'द्वारा लिखित कथासङ्गह **तन्द्राभित्रको अतीत** (२०६०), यात्रासंस्मरण **पारिको अनुभव** (२०६०) र केही फुटकर कविताहरूको विश्लेषण गरिएको छ ।

४.२ 'तन्द्राभित्रको अतीत' (२०६०) कथासङ्ग्रहका कथाहरूको विश्लेषण

४.२.१ लेखन, प्रकाशन र अन्य सन्दर्भ

गोविन्दप्रसाद 'कुसुम'द्वारा लिखित **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रह बगर फाउन्डेसन नेपालबाट प्रकाशित कृति हो । कुसुमको प्रकाशन/लेखनका दृष्टिले पहिलो पुस्तकाकार कृतिमा रूपमा रहेको यस कृतिको आवरण पृष्ठमा अमूर्त चित्र कोरिएको छ । आवरण पृष्ठको सिरानमा कृतिको नाम **तन्द्राभित्रको अतीत** लेखिएको छ । बीचमा लेखकको नाम र अन्त्यतिर प्रकाशन संस्थाको नाम लेखिएको छ । दोस्रो र तेस्रो पृष्ठ खाली रहेको छ । चौथो पृष्ठमा कृतिको नाम, लेखकको नाम र प्रकाशन संस्थाको नाम दिइएको छ भने चौथो पृष्ठको अर्कापट्टि प्रकाशक, संस्करण, मूल्य, मुद्रक आदिको उल्लेख गरिएको छ । पाँचौँ पृष्ठमा 'प्रकाशन-मन्तव्य' शीर्षकमा नकुल सिलवालले लेखेको १ पृष्ठको मन्तव्य छ । पाँचौँ पृष्ठको अर्कापट्टि 'कथा 'कुसुम'का' शीर्षकमा मोहनराज शर्माको मन्तव्य रहेको छ । १४३ पृष्ठमा आबद्ध आएको प्रस्तुत कृतिको साइज डिमाइ आकारको रहेको छ । यसमा जम्मा बयालीसवटा कथाहरू सङ्गृहीत भएका छन् । कथाहरू कुनै छोटा र कुनै मध्यम प्रकारका रहेका छन् । प्रस्तुत कृतिको अन्तिम पृष्ठमा कथाकारको सङ्क्षिप्त जीवनवृत्त दिइएको छ ।

४.२.२ 'तन्द्राभित्रका अतीत'का कथाहरूको विश्लेषण

गोविन्दप्रसाद 'कुसुम'को प्रस्तुत **तन्द्राभित्रको अतीत**मा सङ्कलित कथाहरूको विश्लेषण कथाका विधागत तत्त्वका आधारमा क्रमशः तलका उपशीर्षकहरूमा गरिएको छ :

(१) 'अन्तर्वार्ता' कथाको विश्लेषण

'अन्तर्वार्ता' कथा गोविन्दप्रसाद 'कुसुम'द्वारा लिखित **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रहको पहिलो कथा हो । 'अन्तर्वार्ता' शीर्षकको यो कथा शीर्षकविधानका दृष्टिले सार्थक रहेको छ । 'अन्तर्वार्ता' शब्दमार्फत कथाकी मुख्य पात्र अनिताको मौखिक परीक्षामा सहभागिता र असफलताको चित्रण गरिएकाले यस कथाको शीर्षक सार्थक हुनपुगेको छ ।

कथाअनुसार कुनै सहरमा 'म' पात्र (बाबु) र छोरी (अनिता) रहेका छन् । अनिता आई. ए. पास गरेर विभिन्न कार्यालयहरूबाट प्रकाशित विज्ञापनअनुसार अन्तर्वार्ता दिँदै जान्छे । बाबुको तलब न्यून भएकाले अनितालाई उसले पढाउन सकेको छैन । ऊ छोरीलाई अन्तर्वार्तामा असफल हुँदा हार्नुहुँदैन भन्दै सम्झाउँछ र जसरी भए पनि छोरीलाई जागिर खुवाउन खोज्छ । पछिल्लोपटक पनि अनिता अन्तर्वार्तामा असफल हुन्छे । कथानक यही समाप्त हुन्छ । सामाजिक यथार्थलाई कथानकको स्रोत बनाइएको प्रस्तुत कथाकी मुख्य पात्र अनिता अन्तर्वार्ता दिएर आउनु कथाको आदिभाग हो भने बाबुले अनितालाई सम्झाउनु, मन्त्रालयमा महिलालाई प्राथमिकता दिइने नियम पारित हुनु र त्यसबाट अनिता आशावादी हुनु मध्यभाग र अनिता अन्तर्वार्तामा असफल हुनु कथाको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । अनिता र बाबुका मनमा खेलेका कुराहरूलाई यहाँ आन्तरिक द्वन्द्वका रूपमा प्रस्तुत गरिएको छ । यही अन्तर्द्वन्द्वका कारणले पनि यसको कथानक सक्षम बन्न पुगेको छ ।

प्रस्तुत कथाका बाबु र अनिता प्रमुख पात्र हुन् भने कालिका, कालिकाको काका र कर्मचारी सहायक पात्रहरू हुन् । स्वभाव र जीवनचेतनाका आधारमा दुवै पात्र गतिहीन र वर्गीय चरित्र भएका पात्र हुन् । दुवै पात्र बहिर्मुखी प्रवृत्ति भएका र मञ्चीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य रूपमा रहेका छन् ।

कथामा अनिता विभिन्न कार्यालयमा अन्तर्वार्ता दिन गएको प्रसङ्गमा काठमाडौँस्थित 'रत्नपार्क' को उल्लेख भएबाट यस कथाको परिवेश काठमाडौँ रहेको बुझिन्छ । न्यून तलब भएका कर्मचारीको चित्रण र शिक्षित युवायुवतीले सहरमा भोग्नुपरेको बेरोजगारीको यथार्थलाई यस कथामा देखाइएको छ ।

कथाकारले प्रस्तुत कथामा शिक्षित महिलाहरूको पृष्ठभूमिमा सामाजिक अवस्थालाई देखाएका छन् । नातावाद र कृपावादको विकृतिले गर्दा आफूमा दक्षता र योग्यता भए पनि जागिर खान नपाएकी अनिताको मनोदशालाई चित्रण गर्दै 'म' पात्र अर्थात् अनिताको बाबुलाई उपस्थित

गराएर कथानक अगाडि बढाइएकाले यस कथामा प्रथम पुरुषीय दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

कथाकारले यस कथामा लेख्य भाषाको प्रयोग गरे तापनि पात्रहरूको संवादमा कथ्य, एवम् विचलनयुक्त भाषाशैलीको प्रयोग गरेका छन् । तत्सम शब्दहरू नै प्रचुर मात्रामा प्रयोग गरिएको प्रस्तुत कथामा पैसै, नोटै, भिटामिन, अफिसजस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको देखिन्छ । कथामा कतैकतै संवादात्मक शैलीको प्रयोग पनि गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त सरल र सहज भाषाशैलीमार्फत पाठकमा कुतूहल सृजना गर्दै कथाको अन्त्य गरिएको छ ।

प्रस्तुत कथामा अनिताले बारम्बार अन्तर्वार्ता दिँदा पनि ऊ असफल भएकी छे । देशमा महिलाहरूलाई प्राथमिकता दिने भनी नियम बने पनि यथार्थमा महिलाहरूलाई दबाएर राखिएको परिस्थितिलाई नै कथाकारले यस कथामा देखाउन खोजेका छन् । सामाजिक विकृतिका कारण शिक्षित युवायुवती बेरोजगार भएको, काठमाडौँमा न्यून तलब भएका कर्मचारीको दयनीय अवस्था आदिलाई उजागर गर्नु नै यस कथाको सारवस्तु हो ।

(२) 'आदर्श र व्यवहार' कथाको विश्लेषण

'आदर्श र व्यवहार' **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रहको दोस्रो कथा हो । यस कथामा जगदीशप्रसादको आदर्शवादी सोचाइ र गाउँबस्तीमा त्यस्तै व्यवहार गरे तापनि वास्तविक धरातलमा उसको यो सोचाइ केवल देखावटी भएको कुरालाई कथाले दर्साएको हुँदा शीर्षकविधानका दृष्टिले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

कथाको प्रमुख पात्र जगदीशप्रसाद आदर्श सोचाइ र नारीस्वतन्त्रताको पक्षधर व्यक्ति हो । गाउँबस्तीमा आदर्शवादी र परोपकारीका नामले चिनिएको जगदीशप्रसादकी श्रीमतीको मृत्यु भएको छ ऊ पनि पेटसम्बन्धी रोगले अस्पतालमा भर्ना भएको छ । अस्पतालमा बस्दा उसको गीता नामकी केटीसँग प्रेम बस्छ । अन्ततः गीतासँग विवाहको प्रस्ताव राखेको जगदीशले म नारीस्वतन्त्रताको नारा बोकेर आगडि बढ्नें व्यक्ति हुँ भनेर आफूलाई चिनाउँछ । जगदीशप्रसादको प्रेममा लट्ठ भएकी गीताले विवाह भइसकेकी तर लोग्नेसँगको झगडा भएका कारण एक्लै बसेकी र आफू दमाई जातकी हुँ भनेर आफ्नो परिचय दिन्छे । यसपछि आदर्शवादी विचार लिएर हिँड्ने जगदीशप्रसादको ब्राह्मणत्व उर्लेर आउँछ र विवाह गर्न सक्दैन । यही स्थितिमा कथानकको अन्त्य हुन्छ । कथानकीय संरचनाका आधारमा जगदीशकी पत्नीको मृत्यु हुनु र जगदीश पनि अस्पतालमा भर्ना हुनु यस कथाको आदिभाग, गीता नामकी नर्ससँग जगदीशको प्रेम बस्नु, जगदीशले विवाहको प्रस्ताव राख्नु मध्यभाग र गीताले आफ्नो यथार्थ परिचय प्रस्तुत गरिसकेपछि जगदीशले गीतालाई

बिहे नगर्ने अवस्थामा पुग्नु कथाको अन्त्यभाग हो । सामाजिक यथार्थलाई नै कथानकको स्रोत बनाइएको प्रस्तुत कथाको प्रमुख पात्र जगदीश र गीताका मनमा उठेका शङ्का, उपशङ्का आन्तरिक द्वन्द्व हुन् भने जगदीशले गीतालाई विवाह गर्न नसक्नु यसको सामाजिक द्वन्द्व हो ।

प्रस्तुत कथामा जगदीश र गीता प्रमुख पात्र हुन् भने गाउँले छिमेकीहरू सहायक पात्र हुन् । स्वभाव र प्रवृत्तिका आधारमा यी दुवै पात्र बहिर्मुखी र गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा र आबद्धताका आधारमा यी वर्गीय तथा मञ्चीय पात्र हुन् । यहाँ अन्य पात्रहरू नेपथ्य रूपमा उपस्थित भएका छन् ।

कथाकारले प्रस्तुत कथा सामाजिक यथार्थलाई ग्रहण गरेर लेखेकाले यस कथाको परिवेश हाम्रै देशको समाज रहेको छ । समाजका अनमेल विवाह, अन्धविश्वासी परम्परा, कुरीति आदि प्रचलनहरूलाई प्रस्तुत कथामा देखाइएकाले यस कथाको वातावरण समग्र समाज नै हो ।

कथामा कथाकारले चलनचल्तीका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । तत्सम शब्दको बहुलता भएको उक्त कथाको संवादमा कतैकतै कथ्य र विचलनयुक्त भाषाको प्रयोग भएको देखिन्छ । प्रस्तुत कथाको भाषा सरल र सहज छ । पाठकमा प्रशस्त कुतूहलता सृजना गर्न सक्ने प्रस्तुत कथाको कथानक एकैनासले अगाडि बढेको छ । कथामा कतैकतै संवादात्मक शैलीको पनि प्रयोग भएको देखिन्छ ।

'आदर्श र व्यवहार' जगदीशलाई समाजमा आदर्शवादी र नारीस्वतन्त्रतासम्बन्धी नारा लिएर हिँड्ने व्यक्तिका रूपमा चित्रण गरिएको छ । छरछिमेकमा आदर्शवादी नारालाई घन्काएर हिँडेको जगदीश गीतालाई विवाह गर्ने कुरा गर्छ तर अन्त्यमा गीताले आफू विवाहिता स्त्री र दमाई जातकी हुँ भनेर परिचय गराएपछि ऊ विवाह नगर्ने अवस्थामा पुग्छ । यसरी समाजमा आदर्शको खोक्रो विचार लिएर हिँड्ने समाजवादी हुँ भनेर आफूलाई चिनाउने द्वैध चरित्र भएका व्यक्तिहरूको व्यवहारलाई प्रस्ट रूपमा पाठकसमक्ष राख्नु नै प्रस्तुत कथाको सारवस्तु हो ।

(३) 'तन्द्राभित्रको अतीत' कथाको विश्लेषण

कथासङ्ग्रहको शीर्षक नै यसै कथाबाट राखिएको प्रस्तुत कथासङ्ग्रहको तेस्रो कथा 'तन्द्राभित्रको अतीत' हो । उक्त कथाको शीर्षक 'तन्द्राभित्र' र 'अतीत' दुई शब्दबाट निर्मित छ भने मानिसले अर्धचेतन अवस्थामा आफ्ना अतीतका कुराहरूलाई स्मरण गर्छ भन्ने यथार्थलाई प्रस्ट रूपमा यस कथामा देखाइएकाले उक्त कथाको शीर्षक सार्थक छ ।

यस कथाको प्रमुख 'म' पात्रले आफ्नो बाल्यकालीन जीवनको स्मरण गर्दै आफू बाल्यकालमा फटाहा स्वभावको भएको र आफ्नी आमाको बाल्यकालमै मृत्यु भएकाले काकीआमा र काकाको

कुटाइ र गाली खाएको कुरा सम्भिन्छ । उसलाई यस्तो परिस्थितिमा गाउँकी गोमा नामकी दिदीले सहयोग गरेको, ऊ काठमाडौँ आएको र शिक्षा लिएको अनि १० वर्ष पछाडि घर फर्कँदा आफ्नी 'बोइ' (हजुरआमा) बितेको, दिदीको विवाह भएर विधवा भई दिदी पनि बितेको आदि कुरा स्मरण गरिरहेको बेला काम गर्ने केटाले ढोका उघार्दा कथानक अन्त्य भएको छ । संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत कथाको 'म' पात्रले बाल्यकालीन समयको स्मरण गर्नु आदिभाग, काका र काकीको अवहेलना भोग्नु, गोमाले आफूलाई सहयोग गर्नु र ऊ भागेर काठमाडौँ आउनु कथाको मध्यभाग र ऊ पुनः गाउँ फर्किंदा बोई र दिदीको मृत्यु हुनु कथाको अन्त्यभाग हो । 'म' पात्रको अतीतको स्मृतिसन्दर्भबाट यस कथाको कथानकको निर्माण भएको छ । कथानक सीधा रेखामा अगाडि बढेको कथाको ढाँचा रैखिक प्रकारको छ । सामाजिक यथार्थ नै प्रस्तुत कथाको स्रोत हो भने 'म' पात्रका अन्तर्मनका सम्भनाहरूको प्रस्तुति नै यस कथाको मुख्य उद्देश्य हो ।

'म' पात्र प्रस्तुत कथाको प्रमुख चरित्र हो भने गोमा सहायक र काका, काकीआमा, बोई आदि गौण पात्रहरू हुन् । स्वभावका आधारमा 'म' पात्र गतिशील र गोलो पात्र हो । 'म' पात्र मनमा धेरै कुरा खेलाएर बस्ने भएकाले अन्तर्मुखी स्वभावको छ । ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत र आबद्धताका आधारमा ऊ मञ्चीय पात्र हो ।

कथामा उच्च पहाडी भेगको कुनै ठाउँ, काठमाडौँ आदि उल्लिखित छन् । ग्रामीण क्षेत्रमा बाल्यकालमै मातृवियोगको पीडामा पिल्सिनुपरेको 'म' पात्र काकीबाट अपहेलित हुनुपरेको घटनाको स्मृतिसन्दर्भ यस कथामा पाइन्छ । यसरी सामाजिक यथार्थलाई प्रस्तुत कथामा समेटिएको छ । कथामा मुख्य पात्रको रूपमा 'म' पात्रलाई उपस्थित गराएर कथानक अगाडि बढाइएकाले प्रथम पुरुषीय दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत कथामा कथाकारले लेख्य भाषाको प्रयोग गरेका भए पनि संवादहरू प्रस्तुत गर्दा ग्रामीण क्षेत्रमा प्रयोग गरिने ढाँचाका विचलनशील वाक्यहरूको प्रयोग गरेर यो कथा लेखेका छन् । यस कथामा प्रशस्त मात्रामा गालीगलौजका शब्दहरूको प्रयोग पनि भेटिन्छ । कथाको भाषा सरल र सहज देखिन्छ । कथा कुतूहलतायुक्त छ ।

प्रस्तुत कथामा एउटा अबोध बालकलाई मातृप्रेमको आवश्यकता हुन्छ भन्ने कुराको प्रस्तुति गरिएको छ । मातृवात्सल्यको अभावमा बालकको मानसिक अवस्था गिर्दै जान्छ भन्ने यथार्थलाई समेट्दै कथाकारले 'म' पात्रका माध्यमबाट समाजमा काकाकाकीले र सौतेनी आमाको व्यवहारलाई देखाएका छन् । अन्धविश्वास र रुढिवादी संस्कारले गर्दा सामाजिक परिपाटीमा परिवर्तन हुन नसकेको अवस्थामा त्यस्तो समाजमा चेतनाको आवश्यकता छ । 'म' पात्रले आफ्नो विगतलाई

कोट्याउँदै आफूले बाल्यकालमा भोग्नुपरेको पीडा, समाजका मजस्ता अरू व्यक्तिहरूले भोग्नु नपरोस् भन्ने कुरा दर्साउनु नै यस कथाको सारवस्तु हो ।

(५) 'तरिका' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत (२०६०) कथासङ्ग्रहको चौथो क्रममा 'तरिका' शीर्षकको कथा रहेको छ । यहाँ 'तरिका' शब्दमार्फत प्रशासनिक भ्रष्टाचारको एक प्रकारलाई दर्साउने काम गरिएको छ । उक्त कथाले प्रशासनको हाकिमले मिश्रालाई गरेको व्यवहार प्रशासकीय भ्रष्टाचार हो भन्ने कुरा देखाएकाले कथाको शीर्षक सार्थक छ ।

जिल्ला प्रशासन कार्यालयबाट उपाध्यायले काठमाडौँ फोन गर्छ । मिश्रालाई भ्रष्टाचारको आरोप लगाइएकाले सो निवारण गर्न उपाध्यायले काठमाडौँका हाकिम बस्नेतलाई १०,००० दिलाउँछु भन्ने कुरा गर्छ । हाकिमले फोनमा गरेको गफ सुनेपछि मिश्रा छक्क पर्दै गहना बेचेर भए पनि पैसा असुल गर्ने विचार गर्छ । बाटामा टेलिकमको साथीलाई भेटेर सबै कुरा सुनाउँदा साथीले तपाईंको अफिसबाट काठमाडौँ फोन गरेको रेकर्ड टेलिकममा नभएको कुरा गर्छ । मिश्राको अनुहारमा केही खुसी छाउँछ र हतारहतार अफिसको गेटमा पुग्दा पालेले हाकिमको सरुवा भएको कुरा मिश्रालाई सुनाउँछ, मिश्रा हाकिमको कोठातिर जान्छ । यहीँ कथानकको अन्त्य हुन्छ । यसरी प्रस्तुत कथामा हाकिमलाई सरुवासम्बन्धी पत्र आउनु आदिभाग हो भने हाकिमले मिश्रालाई फसाउन खोज्नु, हाकिमले काठमाडौँ फोन गरेको बहाना गर्नु मध्यभाग र पियनले मिश्रालाई हाकिमको सरुवासम्बन्धी पत्र आएको भनी जानकारी गराउनु कथानकको अन्त्यभाग हो । उक्त कथा कथानकको मध्यभागबाट प्रारम्भ भएकाले वृत्ताकारीय शैलीमा लेखिएको छ । प्रशासनमा भएका विकृति र विसङ्गति नै यस कथाको कथानकको स्रोत रहेका छन् । प्रस्तुत कथामा मिश्राको मनमा उठेका शङ्का, उपशङ्का आन्तरिक द्वन्द्व हुन् भने मिश्रालाई हाकिमले मनगढन्ते कुरा गरेर फसाउन खोज्नु प्रशासनिक भ्रष्टाचार हो ।

प्रस्तुत कथाका उपाध्याय र मिश्रा प्रमुख पात्रहरू हुन् भने कार्यालयका अन्य कर्मचारी, टेलिकमको कर्मचारी, पियन र बस्नेत कथाका सहायक पात्रहरू हुन् । स्वभावका आधारमा दुवै गतिहीन पात्र हुन् । अन्तर्मनमा षड्यन्त्र रचेर भ्रष्टाचार गर्ने हाकिम र भ्रष्टाचारको आरोपमा मुछिएको मिश्राका अन्तर्मनमा द्वन्द्व भए तापनि दुवै बहिर्मुखी स्वभाव भएका पात्र हुन् । जीवनचेतनाका आधारमा दुवै पात्र वर्गीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् । कथाका अन्य पात्रहरू नेपथ्य रूपमा प्रस्तुत भएका छन् भने पियन चाहिँ बद्ध पात्र हो ।

कथाको सम्पूर्ण घटना कार्यालयमा घटित भएकाले कथाको परिवेश हाम्रो देशको कुनै प्रशासनिक कार्यालय रहेको देखिन्छ । कार्यालयमा हुने गरेका भ्रष्टाचारसम्बन्धी कुराहरू कसरी घटित भइराखेका छन् भन्ने तथ्यलाई प्रस्ट पार्दै यस कथामा कथाकारले हाकिमको व्यवहार र

हाकिमबाट अन्य कार्यालयका कर्मचारीहरूले भोग्नुपरेको पीडालाई हाकिम उपाध्याय र मिश्रामार्फत देखाएका छन् । सीमित पात्रमा केन्द्रित भई कथानकले गति लिएको छ भने कथाकार कथाबाहिर बसेर सम्पूर्ण कथाका घटना घटित भएकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत कथामा संवादका क्रममा कथ्य र विचलनयुक्त वाक्यहरूको प्रयोग गरेको देखिन्छ । कार्यालय नै कथाको परिवेश भएकाले प्रशासनिक कार्यालयमा प्रयुक्त शब्दहरू नै बढी मात्रामा कथाकारले यहाँ प्रयोग गरेका छन् । सबै प्रकारका शब्दहरू प्रयोग भएको उक्त कथामा तत्सम शब्दको बहुलता पाइन्छ । संवादात्मक शैली पनि कथामा प्रयुक्त छ । कथाकारले सरल र सहज भाषामा कथ्यलाई अभिव्यक्त गरेका छन् ।

यस कथामा हाकिम उपाध्यायले नाटक रचेर ओभरसियर मिश्रालाई फसाउन खोजेका छन् । हाकिमलाई सरुवा पत्र आएको र मिश्रालाई उसले तपाईंलाई भ्रष्टाचारको मुद्दा लागेको र सो मुद्दाबाट उम्किन १०,००० रुपियाँ चाहिन्छ भनेर षड्यन्त्र गरी पैसा खान खोजेको छ । यस घटनाबाट हाम्रो देशको प्रशासनमा हुने गरेका भ्रष्टाचार र भ्रष्टाचार गर्ने तरिकालाई स्पष्ट रूपमा देखाउनु नै यस कथाको सारवस्तु हो ।

(५) 'मुद्दा जो किनारा लाग्न बाँकी थियो' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको पाँचौँ स्थानमा 'मुद्दा जो किनारा लाग्न बाँकी थियो' कथा रहेको छ । वाक्यात्मक ढाँचामा शीर्षक राखिएको प्रस्तुत कथामा राजतन्त्र हटेर गणतन्त्र आएको प्रसङ्ग प्रस्तुत गरिएको छ र कथाको शीर्षक सार्थकयुक्त छ ।

सहरमा विद्रोहको राँको सल्केको र स्वतन्त्रताका पक्षमा सहरमा भइरहेको आन्दोलनलाई दबाउन प्रतिवादीहरूले गरेको प्रयास, केही आन्दोलनकारीहरूको गोलीबाट मृत्यु भएको, आन्दोलन चरम सीमामा पुगेर प्रतिवादीलाई निस्तेज पार्दै देशमा प्रजातन्त्र आएको घटना नै प्रस्तुत कथाको कथानक रहेको छ । कथानकीय संरचनाका आधारमा हेर्दा सहरमा आन्दोलन प्रारम्भ हुनु कथानकको आदिभाग, प्रतिवादीले आन्दोलनलाई दबाउन खोज्नु, कैयौँ आन्दोलनकारीको मृत्यु हुनु आदि मध्यभाग र देशमा प्रजातन्त्र आउनु अन्त्यभाग हो । यसरी प्रस्तुत भएको उक्त कथा रैखिक ढाँचा आबद्ध छ । कथानकको स्रोत राष्ट्रमा भएको आन्दोलन रहेको छ भने वादी र प्रतिवादीबीच भएको भिडन्त यस कथाको सामाजिक द्वन्द्व हो ।

कथामा सहरबासी सम्पूर्ण जनता पात्रका रूपमा उपस्थित छन् । कथामा वादीतर्फका सम्पूर्ण जनताहरू अनुकूल पात्रहरू हुन् भने प्रतिवादीहरू सबै प्रतिकूल पात्र हुन् । यसका सबै पात्र मञ्चीय रहेका छन् ।

कथाको कथानक सहरिया वातावरणमा घटित भएको छ । आन्दोलन सहरमा हुँदै आएको यो आन्दोलन निर्णायक आन्दोलन रहेको अनि अन्त्यमा देशमा प्रजातन्त्र आएको विषयवस्तु यसमा समेटिएको छ । यसरी कथाका सम्पूर्ण घटनाहरू सहरकेन्द्रित भएका छन् र कथाको परिवेश सहर नै रहेको छ । कथामा कथाकार कथाबाहिर बसेर सम्पूर्ण आन्दोलनको वर्णन गरेकाले तृतीय पुरुष शैलीको वाह्‌य सीमित दृष्टिबिन्दुमा प्रस्तुत कथा लेखिएको छ ।

प्रस्तुत कथाको घटना आन्दोलनसँग सम्बन्धित भएकाले कथामा ओजपूर्ण शब्दहरू बढी मात्रामा प्रयोग गरिएका छन् । कथाकारले लेख्य भाषामा कथा लेखे तापनि कथ्य, विचलनयुक्त भाषाको प्रयोग कथामा गरेका छन् । कतैकतै अनादरवाची शब्दको प्रयोग पनि कथामा गरेको देखिन्छ । बारुद, गोली, ठोक्, झन्डा जस्ता आन्दोलनका सन्दर्भमा प्रयुक्त हुने शब्दहरू प्रशस्त मात्रामा कथामा प्रयोग भएका छन् । समग्रमा यस कथाको भाषा सरल, सहज र स्पष्ट रहेको छ ।

संसारमा अन्यायका विरुद्ध न्याय एवम् शान्तिको स्थापनाका लागि हुने गरेका आन्दोलनमा जहिले पनि न्याय वा शान्तिका पक्षधरहरूको जित भएको हुन्छ । त्यस्तै यस कथामा पनि असत्य, अशान्ति, अत्याचार, सामाजिक विकृति र विसङ्गतिका विरुद्ध सहरबासीले आन्दोलन गरेको देखाइएको छ । प्रतिवादीहरूले जतिसुकै निरङ्कुश भएर आन्दोलनलाई दबाउन खोजे पनि अन्त्यमा आन्दोलनकारीहरूको जीत भएको कुरा नै प्रस्तुत कथाको सारवस्तु हो । सत्यका अगाडि असत्यको हार अवश्य हुन्छ भन्ने कुरा देखाउनु नै यस कथाको मूल उद्देश्य हो ।

(६) 'साठी रुपियाँको करामत' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत (२०६०) कथासङ्ग्रहको छैटौँ कथा 'साठी रुपियाँको करामत' रहेको छ । तीन शब्दबाट प्रस्तुत कथाको शीर्षक राखिएको छ भने कथामा साठी रुपियाँको कुपनले तल्लो तहका कर्मचारीले भोग्नुपरेको दशालाई प्रस्तुत गरिएकाले कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

काठमाडौँको कुनै कार्यालयको तल्लो तहको कर्मचारीले आफ्नो परिवारको समस्या धान्न नसकिरहेको अवस्थामा उसलाई अफिसले साठी रुपियाँ बराबरको सुपथ मोलको खाद्यान्न किन्ने कुपन दिन्छ । सरकारी अनुमतिप्राप्त सरकारी दोकान भएकाले मिसोट हुन्न भन्ने 'म' पात्रले दाल, तेल, चामल किनेर ल्याउँछ । त्यो चामल, दाल र तेल खाएपछि 'म' पात्रलाई पखाला लाग्छ । गएर साहूलाई सबै वृत्तान्त सुनाउँदा मिसावट नभएको खाद्यान्न ठूला कर्मचारीका लागि रिजर्भ हुने कुरा साहूले बताउँछ । 'म' पात्र अफिस पुग्दा तल्लो तहका कर्मचारीको अनुहार मलिन र माथिल्लो तहका कर्मचारीको अनुहार हँसिलो देख्छ कथानक यही समाप्त हुन्छ । यसरी प्रस्तुत कथाको 'म' पात्रले साठी रुपियाँको कुपन पाउनु कथानकको आदिभाग, ऊ बिरामी पर्नु मध्यभाग र कार्यालयमा

पुग्दा ऊ बराबरका कर्मचारीको अवस्था उसको जस्तै र ऊभन्दा माथिका कर्मचारीको अनुहार हँसिलो देखेर 'म' पात्र निराश हुनु कथानकको अन्त्यभाग हो । उक्त कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक र प्रशासनिक क्षेत्रमा हुने गरेका विकृति र विसङ्गतिलाई नै यस कथाको कथानकको स्रोत बनाइएको छ ।

उक्त कथाको सम्पूर्ण घटना काठमाडौँमा घटित छ । काठमाडौँका कार्यालयमा तल्लो तहका कर्मचारीको अवस्था, समान सुविधा उपभोग गर्न नपाएको अवस्था र अनुमतिप्राप्त सरकारी दोकानमा पनि सुपथ मूल्यमा सामान नपाएको स्थितिलाई चित्रण गर्दै कथाको कथानक अगाडि बढेकाले कथामा सहरिया परिवेशको चित्रण भएको छ । कथाकारले कथामा 'म' पात्रद्वारा स्वयम्लाई उपस्थित गराएर कथानकको कार्यव्यापार अगाडि बढाएकाले उक्त कथा प्रथम पुरुषशैलीय दृष्टिबिन्दुमा लेखिएको छ ।

यस कथाको प्रमुख पात्र 'म' पात्र हो । सम्पूर्ण कथा यही 'म' पात्रको केन्द्रीयतामा सीमित छ । 'म' पात्रकी श्रीमती, भुन्टी, साहू, कार्यालयका माथिल्ला तहका, तल्ला तहका कर्मचारी आदि कथाका सहायक पात्रहरू हुन् । स्वभावका आधारमा 'म' गतिहीन पात्र हो । बाटामा आउँदा मनमा धेरै कुरा खेलाउने भए पनि अन्ततः 'म' पात्र बहिर्मुखी र जीवनचेतनाका आधारमा वर्गीय चरित्र भएको पात्रका रूपमा प्रस्तुत भएको छ । 'म' पात्र, पसलको साहू मञ्चीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य रूपमा रहेका छन् ।

सहरिया वातावरणमा घटित प्रस्तुत कथाको भाषाशैली सरल र सहज छ । नेपाली जनजीवनमा भिजेका भुन्टी, पाइखाना, ङ्याङ आदि शब्दहरूको प्रयोग गरिएको उक्त कथामा कथ्य र विचलनयुक्त वाक्यहरू पनि प्रयोग गरिएका छन् । कथा सरल र सहज भाषामा लेखिएको छ ।

'म' पात्र कार्यालयको तल्लो तहको कर्मचारी रहेको र अफिसबाट पाएको सुविधाले उसलाई बिरामी बनाएको तथ्यलाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् । काठमाडौँमा तल्लो तहका कर्मचारीको दयनीय अवस्था, माथिल्ला तहका कर्मचारीको व्यवहार, सरकारी दोकानको अनियमितता, सामाजिक विकृति र विसङ्गतिलाई स्पष्ट रूपमा 'म' पात्रका माध्यमबाट उक्त कथामा दर्साइएको छ ।

(७) 'मत' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको सातौँ क्रममा रहेको 'मत' कथाको शीर्षक मात्र एक शब्दबाट राखिएको छ । यही 'मत' शब्दले चुनावमा दिइने मतलाई सङ्केत गरेको छ र कथाको शीर्षक सार्थक छ ।

प्रस्तुत कथामा चुनावको परिणाम निस्किसकेपछि दुईचार मतदाताहरू भेला भएर उनीहरूले श्यामप्रसादलाई मत दिएको तर रामप्रसादले जितेको अवस्थामा चुनावमा धाँधली भएको चर्चा गर्दै आफूले पाएको मत रक्षा गर्ने हुती नभएकालाई मत नदिने र जसले हामीले दिएको मतको रक्षा गर्न सक्छ त्यस्तालाई मत दिने अठोट गर्दछन् र रामप्रसाद पनि एक असल व्यक्ति रहेको र उनसले यसपालिको चुनावमा जितेको कुरा गर्दै रामप्रसादलाई फूल, माला र अबिर लिएर सबै जना बधाई दिन जान्छन् । यहीँ कथानक समाप्त हुन्छ । प्रस्तुत कथामा चुनावको परिणाम निस्कनु कथानकको आदिभाग हो भने मतदाताहरूबीच विभिन्न शङ्काउपशङ्का उब्जिनु कथानकको मध्यभाग र अन्त्यमा रामप्रसादलाई बधाई दिन सबै जानु अन्त्यभाग हो । यसरी आदि, मध्य र अन्त्यको कथानकीय संरचनामा आबद्ध भएको उक्त कथा रैखिक ढाँचामा लेखिएको छ । यसमा सामाजिक यथार्थलाई नै कथानकको स्रोत बनाइएको छ ।

कथामा मतदाताहरू, रामप्रसाद, श्यामप्रसाद आदि पात्रहरू रहेका छन् । श्यामप्रसाद कथाको प्रमुख पात्र हो भने अन्य पात्रहरू सहायक पात्रहरू हुन् । चुनावमा रामप्रसाद व्यक्तिगत रूपमा योग्य र असल भएकाले मत पनि राम्रै पाएको घटनाको चित्रण भएकाले ऊ असल व्यक्तिका रूपमा कथामा उपस्थित भएको छ ।

कथाको परिवेश हाम्रै समाज रहेको छ । हाम्रो समाजमा भएका नेताहरू आफूले पाएको मतको रक्षा गर्न सक्ने खालका छैनन् भन्ने मतदाताहरूको गफबाट प्राप्त हुन्छ अन्ततः जसले हामीले दिएको मतको रक्षा गर्न सक्छ त्यस्ता उम्मेदवारलाई नै जिताउनुपर्छ भन्ने निष्कर्ष निकालेकाले हाम्रा नेताहरूको व्यवहारसँग उक्त कथाको कथानकले मेल खाएले हाम्रै सामाजिक परिवेशमा उक्त कथाको कथानक घटित भएको छ । कथामा कथाकार कथाबाहिर बसेर रामप्रसाद, श्यामप्रसाद, मतदाता आदि पात्रहरूका कार्यव्यापारहरूको संयोजन गरिएकाले उक्त कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित भएर लेखेको देखिन्छ ।

प्रस्तुत कथा आयामका दृष्टिले छोटो छ । मतदाताहरू एकआपसमा गफ गरिरहेको अवस्था सृजना गरी प्रस्तुत गरिएको उक्त कथा सरल संवादात्मक शैलीमा लेखिएको छ । तत्समबहुल शब्दको प्रयोग गरिएको उक्त कथामा शिष्ट भाषाको प्रयोग भएको छ ।

कथामा मतदाताहरू भेला भएर चुनावको परिणामबारे गफ गरिरहेका छन् । कोही रामप्रसादले जित्न नहुने, कोही श्यामप्रसादले कसरी हारे, कोहीले मत गन्न तलमाथि पारिएको जस्तो छ भन्ने कुरालाई प्रस्तुत गर्दै अन्ततः जसले मतदाताको मतलाई रक्षा गर्न सक्छ त्यसलाई नै मत दिनुपर्छ भन्ने निष्कर्षमा मतदाता पुगेको अवस्थाको चित्रण गर्नु नै कथाको उद्देश्य रहेको छ ।

(८) 'खोइ मान्छे ?' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको आठौँ क्रममा 'खोइ मान्छे ?' कथा रहेको छ । दुईवटा शब्दबाट प्रस्तुत कथाको शीर्षक राखिएको छ भने कथामा मान्छेको खोजी गरिएको हुनाले कथाको शीर्षक र विषयवस्तुबीच अन्तर्सम्बन्ध देखिन्छ र कथाको शीर्षकले सार्थकता प्राप्त गरेको स्पष्ट हुन्छ ।

प्रस्तुत कथा अकथात्मक कथा हो । यस कथामा निश्चत परिवेशमा घटित घटनायुक्त कथानक छैन । प्रश्नोत्तर शैलीमा मान्छेका सम्पूर्ण अङ्गप्रत्यङ्ग खोइ ? भनेर सोधिएको छ भने उत्तरमा ती अङ्गप्रत्यङ्गहरू देखाइएको छ र अन्त्यमा सम्पूर्ण अङ्गप्रत्यङ्ग हुँदा पनि खोइ मान्छे ? 'कहाँ गयो मान्छे ?' भनेर मान्छेको खोजी गर्दै कथा टुङ्ग्याइएको । कथाको ढाँचा परम्पराबाट विचलनशील छ ।

यस कथामा प्रत्यक्ष रूपमा कोही पनि पात्र छैनन् तर अप्रत्यक्ष रूपमा भने प्रश्न सोध्ने र प्रश्नको उत्तर दिने दुई पात्र उपस्थित रहेका छन् । एउटाले मान्छेलाई लक्ष्य गर्दै मान्छेका सम्पूर्ण अङ्गहरू देखाएर यो के हो ? भनेर सोध्छ भने अर्काले त्यसको उत्तर दिएको छ ।

कथाको परिवेशका दृष्टिले हेर्दा यस कथाको परिवेश विश्वब्रह्माण्ड हो । जहाँ मान्छेहरू बस्छन् त्यही नै कथाको परिवेश रहेकाले सार्वभौम परिवेशमा यो कथा सृजना गरिएको छ । यहाँ कथाकारले प्रश्न सोधेको र उत्तरदाताले उत्तर दिएको हुनाले प्रश्नोत्तर शैलीको प्रयोग गरेर यो कथा लेखिएको छ । कथामा प्रश्नवाचक चिह्नहरू अधिक मात्रामा प्रयोग गरिएको छ । शीर्षकमा नै प्रश्नात्मक चिह्न रहेको यस कथामा प्रत्येक वाक्यमा प्रश्न चिह्न प्रयोग गरिएको छ भने कथाको अन्त्य पनि प्रश्नात्मक वाक्यद्वारा नै गरिएको छ । कथा पढ्दा कथा नै होइन कि भन्ने भान पाठकलाई पर्ने खालको यस कथाको भाषाशैली सरल भए तापनि कथाले दिन खोजेको सन्देश बुझ्न भने पाठक एकछिन घोरिनुपर्छ । संवादात्मक एवम् प्रश्नोत्तरात्मक शैलीमा उक्त कथा लेखिएको छ ।

प्रस्तुत कथामा कथाकारले प्रश्न सोधेको र उत्तरमा मान्छेका अङ्गप्रत्यङ्गबारे उत्तर दिएको रूपमा कथाको अन्त्य गरिएको छ । कथामा मान्छेका अङ्गप्रत्यङ्ग बताइसकेपछि अन्त्यमा खोइ मान्छे ? भनेर मान्छेको खोजी गरिएको छ । मान्छेका अङ्गप्रत्यङ्ग भएर पनि मान्छे तिरोहित भएको अवस्थालाई देखाउनु प्रस्तुत कथाको मूल उद्देश्य हो ।

(९) ‘समय’ कथाको विश्लेषण

‘समय’ **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको नवौँ कथा हो । कथामा बाबुको समय (विगत) र वर्तमान समयका बीचमा तुलना गरिएको हुनाले कथाको शीर्षक सार्थक छ ।

कथामा चित्रित ‘ऊ’ पात्रले बाको समयमा बा बाहिरबाट आउनेबित्तिकै आमाले बाको कोट फुकालेर सन्चोबिसन्चो सोधी आफैँले पकाएर खाजा खुवाएको त्यो देखेर बा निकै खुसी भई बाले आमालाई अचाक्ली माया गरेका कुरा संस्मरण गरेको छ तर आज आफू अफिसबाट घर फर्किंदा आफू धेरै थाकेको र आफ्नी स्वास्नी भने रिसाएर सुतिराखेकी हुन्छे भन्ने सन्दर्भ प्रस्तुत छ । ‘ऊ’ पात्रले आफ्नी स्वास्नीलाई उठाउन खोज्छ तर उल्टै गाली गर्छे र खेलिरहेको छोरालाई एक थप्पड हान्छे । ‘ऊ’ पात्रले किन रिसाएकी भनेर प्रश्न गर्दा “तपाइँ पाँच बजे जसरी भए पनि अफिसबाट आइपुग्नोस् म मात्रै घरको काम एक्लै गर्न सक्तिनँ” भन्छे । ‘ऊ’ पात्र केही बोल्दैन र कथानक पनि यहीँ समाप्त हुन्छ । दुई अनुच्छेदमा संरचित प्रस्तुत कथाको पहिलो अनुच्छेद संस्मरणात्मक शैलीमा लेखिएको छ । कथानकीय संरचनाका आधारमा ‘ऊ’ पात्रले विगतका बाबु र आमाको प्रेम बारेमा सोच्नु कथानकको आदिभाग हो भने ‘ऊ’ पात्र अफिसबाट फर्कनु कथानकको मध्यभाग र घर आएर ‘ऊ’ पात्रले श्रीमतीलाई उठाउँदा श्रीमती रिसाएर उत्तर दिनु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । पुरानो समय र वर्तमान समयका बीचमा गरिएको तुलना र घटनाले कथामा पारिवारिक द्वन्द्वलाई सङ्केत गरिएका छ भने ‘ऊ’ पात्र र उसकी पत्नीबीचको द्वन्द्व पनि यहाँ बाह्य द्वन्द्वका रूपमा प्रकट भएको छ । यस कथामा सामाजिक यथार्थलाई कथानकको स्रोत बनाइएको छ ।

कथामा ‘ऊ’ पात्र प्रमुख पात्र हो भने ‘ऊ’ पात्रका बाबु, आमा, श्रीमती, छोरो सहायक पात्रहरू हुन् । स्वभावका आधारमा ‘ऊ’ गतिहीन पात्र हो भने प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । ‘ऊ’ पात्र जीवनचेतनका आधारमा वर्गीय र आबद्धताका आधारमा मञ्चीय पात्र हो । अन्य पात्रहरू सबै मञ्चीय पात्रहरू हुन् ।

कथाको परिवेश हाम्रै समाज रहेको छ । पुरानो र नयाँ समाजलाई आधार बनाएर प्रस्तुत कथाको कथानक चित्रण भएको छ । पुरानो समाजमा लोग्नेस्वास्नीबीच कस्तो मायाममता रहने गर्थ्यो भन्ने कुरा ‘ऊ’ पात्रका बाबुआमाको सम्झनाबाट चित्रण गरिएको छ भने आधुनिक समाजमा पतिपत्नीबीचको सम्बन्ध, मायाममता केकस्तो रहने गरेको छ भन्ने कुरा ‘ऊ’ पात्र र उसकी स्वास्नीको प्रसङ्गबाट देखाइएको छ । यसैले कथाको परिवेश समाज रहेको छ । कथामा कथाकार

उपस्थित नभई 'ऊ', बाबु, आमा, स्वास्नी आदि पात्रहरूको सिर्जना गरी कथा लेखिएको हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

प्रस्तुत कथाको भाषाशैली सहल र सहज छ । कथामा बीचबीचमा केही संवाद र कतै प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । पहिलो अनुच्छेद संस्मणात्मक शैलीमा लेखिएको उक्त कथामा 'ऊ' पात्रले केही भावनात्मक स्वर पनि प्रकट गरेको छ । कथामा आदरवाची शब्द 'गर्नोस्', 'आइपुग्नोस्' (पृ. २३) आदिको प्रयोग गरिएको छ । कथाको विषयवस्तु सरल रूपमा प्रस्तुत गरिएको उक्त कथाको भाषा सरल र सम्प्रेष्य खालको रहेको छ ।

कथामा 'ऊ' पात्रले बाआमाको समय र आफ्नो समयबीच तुलना गरेर बाआमाको मायाममता र आफू एवम् स्वास्नीबीचको मायाममतामा भिन्नता देखेको कुरा नै उक्त कथामा चित्रित छ । वस्तुतः उपर्युक्त कथानक र चरित्रलाई आधार बनाएर पुरानो पुस्ता र नयाँ पुस्ताबीचको अन्तरलाई प्रस्ट पार्नु नै यस कथाको उद्देश्य हो ।

(१०) 'अपाङ्ग' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको दसौँ कथा 'अपाङ्ग' रहेको छ । यस कथाको मुख्य पात्र उमेशले आफू अपाङ्ग भएर भोगिरहेको स्थितिको चित्रण गरिएकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

प्रस्तुत कथामा उमेशले आठदसवटा कुखुरा पालेको छ । तीमध्ये एउटा फाइटर जातको भालेले अन्य सबै भालेहरूलाई नङ्ग्रयाएर दिक्क पार्थ्यो । कुनै दिन त्यस भालेलाई कसैले हिर्काएदिएपछि त्यसको खुट्टा भाचिन्छ र ऊ शक्तिहीन हुन्छ । त्यस्तै उमेश पनि केही दिन अगाडि आएको भुइँचालोमा आफ्नी श्रीमतीलाई जोगाउन खोज्दा घरको गारोले किचेर अपाङ्ग भएको छ । ऊ ह्विल चियरमा बसेर दिन काट्छ । उसले त्यस बिरामी भालेलाई काखमा लिएको बेला उसकी स्वास्नीले देख्छे र उमेशलाई 'स्वाँठ !' भनी गाली गर्छे । उमेशका हातबाट भाले भुइँमा खस्छ । भाले खोच्याउँदै अलि पर गएर उमेशलाई हेरिरहन्छ र कथा पनि समाप्त हुन्छ । यस कथालाई कथानकीय संरचनाका आधारमा छुट्याउँदा फाइटर जातको भाले सबैभन्दा बलियो हुनु यस कथाको आदिभाग हो भने सो भाले घाइते हुनु, उमेशले घाइते भालेलाई हातमा लिनु र स्वास्नीले उमेशलाई हकार्नु कथानकको मध्यभाग अनि उमेशका हातबाट खसेको भालेले उमेशलाई अनौठो दृष्टिले हेरिरहनु कथानकको अन्त्यभाग हो । कथा बीचबाट प्रारम्भ भएको हुनाले यसको ढाँचा वृत्ताकारीय रहेको छ । संस्मरणात्मक शैली मिश्रित उक्त कथाको स्रोत पनि सामाजिक यथार्थ नै रहेको छ ।

प्रस्तुत कथाको उमेश प्रमुख पात्र हो भने उसकी श्रीमती, कुखुरा आदि सहायक पात्र हुन् । प्रवृत्तिका आधारमा उमेश अनुकूल, स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा पुलिङ्ग, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो । अन्य पात्रहरू पनि मञ्चीय पात्रहरू हुन् भने उमेशकी श्रीमती मानव र कुखुरा मानवेतर प्राणी पात्रका रूपमा उपस्थित भएका छन् ।

कथाको परिवेश हाम्रै समाज रहेको छ । हाम्रो समाजमा उमेशजस्ता अपाङ्गहरूले भोग्नुपरेको दशालाई यस कथामा प्रस्तुत गरिएको छ । कुखुरा पालनको सन्दर्भ देखाइएकाले कथामा सहरिया समाज नभएर ग्रामीण समाजको परिवेश चित्रण छ भन्न सकिन्छ । यस कथामा कथाकार कथाभन्दा बाहिर रही उमेश, उसकी श्रीमती, कुखुरा आदि पात्रहरूलाई उभ्याएर कथानक प्रस्तुत गरिएको हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

प्रस्तुत कथाको भाषा सरल र सहज छ । कथामा मानवेतर प्राणी कुखुराहरूलाई पनि पात्रका रूपमा उपस्थित गराइएको छ र ती प्राणीसँग सम्बन्धित शब्दहरू, उनीहरूको स्वभाव, भाषा आदिलाई बुझाउने शब्दहरू प्रयोग गरिएका छन् । यो कथा मूलतः लेख्य भाषामा लेखिएको भए तापनि संवादका क्रममा यहाँ कथ्य र विचलन शब्द, पदावली र वाक्यको प्रयोग गरिएको देखिन्छ । आवेगमा आएर गाली गरिने 'स्वाँठ !' (पृ. २४) जस्ता शब्दको प्रयोग पनि यस कथामा भएको छ । कथा वृत्ताकारीय शैलीमा लेखिएकाले यो कथा पढ्दा पाठकमा कौतूहल जाग्छ ।

कथामा आफ्नी श्रीमतीलाई जोगाउँदा उमेश अपाङ्ग बनेको हुन्छ र 'ऊ' अपाङ्ग बनेपछि त्यही श्रीमतीले गालीगलोज गरेको प्रसङ्गलाई कथाकारले प्रस्तुत गरेका छन् । उमेशजस्ता अपाङ्गले हाम्रो समाजमा भोग्नुपरेको यथार्थलाई यस कथामा देखाउन खोजिएको छ । कथाको अन्त्यतिर उमेशले भालेलाई भुइँमा छोडिदिएपछि भालेले उमेशलाई एकोहोरो हेरिरहेकाले आज समाजमा मानिसभन्दा पशुपक्षी ज्ञानवान् हुन थालेको कुरालाई दर्साउन खोजिएको छ । उमेशकी श्रीमतीको गाली सुनेको कुखुराले उमेशको भावना बुझेको छ तर उसकी श्रीमती भने संवेदनाहीन छे भन्ने कुरालाई देखाएर कथाकारले मानिसभन्दा पशुपक्षी विवेकशील हुन थालेको कुरा देखाउने उद्देश्य लिएको देखिन्छ

(११) 'रातिको दुई बजिसक्यो' कथाको विश्लेषण

'रातिको दुई बजिसक्यो' कथा **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको एघारौँ कथा हो । यस कथाको 'म' पात्र आफ्नी श्रीमती बिरामी भएको अवस्थामा दुई बजेसम्म रुँगेर बसेको कथानकसँग शीर्षकसम्बन्धित भएकाले कथाको शीर्षक सार्थक देखिन्छ ।

कथाको ‘म’ पात्र बेलुका पाँच बजे अफिसबाट फर्किंदा उसकी श्रीमती ओछ्यानमा पल्टिरहेकी हुन्छे । तीनचार महिनादेखि बिरामी रहेकी उसकी श्रीमतीलाई डाक्टरले केही रोग छैन भनेर बिदा दिए तापनि ऊ निको भएकी छैनन् । त्यो देखेर ‘म’ पात्र दिक्क मान्छ र मनमा अनेक प्रकारका शङ्काउपशङ्का गरेर बस्छ । कतै पक्षाघातको रोग हो कि ? भनेर शङ्का गरिरहेको ‘म’ पात्र डाक्टरमाथि तथा भूत, बोक्सीप्रति अनेक प्रकारका शङ्का गर्न थाल्छ । श्रीमतीले “भोक लागेको होला जानोस् खाना बनाउनुहोस्” भने पछि ‘म’ पात्रको सोचाइको धागो चुँडिन्छ र खाना बनाएर आफू खान्छ र श्रीमतीलाई पनि खुवाउँछ । मनमा अनेक प्रकारका कुरा खेलाउँदै ‘म’ पात्र राती दुई बजेसम्म बसिरहन्छ । श्रीमतीले “अब त सुत्नोस् दुई बजेछ” भनेपछि ‘म’ पात्र सुत्ने तरखरमा लाग्छ र कथा पनि समाप्त हुन्छ । यसरी घटित भएको प्रस्तुत कथाको कथानकीय संरचनामा ‘म’ पात्र अफिसबाट फर्कनु कथानकको आदिभाग हो भने घरमा आएर पत्नीलाई सम्झाउनु, मनमा अनेक कुराहरू खेलाएर बस्नु, खाना बनाएर खुवाउनु कथानकको मध्यभाग र श्रीमतीले दुई बजिसक्यो अब त सुत्नोस् भन्नु र ‘म’ पात्र सुत्ने तरखरमा लाग्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध रहेको छ । सामाजिक यथार्थ नै कथानकको स्रोत रहेको उक्त कथामा ‘म’ पात्रका आन्तरिक मनमा खेलेका कुराहरू कथाका आन्तरिक द्वन्द्व हुन् ।

प्रस्तुत कथामा दुई जना पात्रहरू मात्र रहेका छन् । ‘म’ पात्र यस कथाको प्रमुख पात्र हो भने उसकी श्रीमती सहायक पात्र हो । ‘म’ पात्र प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा पुलिङ्ग, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो भने उसकी श्रीमती पनि मञ्चीय र बद्ध पात्र हो ।

कथाको घटना सहरिया वातावरणमा घटित भएको छ । ‘म’ पात्र र उसकी श्रीमती सहरको कुनै एक घरमा कोठा लिएर बसेका, ‘म’ पात्र अफिस जाने गरेको र उसको तलब त्यति धेरै नभएकाले जीवन धान्न कठिन परिरहेको कुरा कथामा देखाइएकाले कथाको परिवेश हाम्रै देशको कुनै सहरको रहेको कुरा प्रस्ट हुन्छ । ‘म’ पात्रमार्फत कथाकार स्वयम् उपस्थित भएकाले कथाको दृष्टिबिन्दु प्रथम पुरुष रहेको छ ।

भाषाशैलीका दृष्टिकोणबाट हेर्दा कथा सरल र सहज भाषामा लेखिएको छ । कथामा लेख्य भाषाको प्रयोग गरिए तापनि कथ्य र विचलनयुक्त शब्द, पदावली र वाक्य प्रशस्त रूपमा प्रयोग गरिएको देखिन्छ । कथामा सम्बोधनात्मक र प्रश्नात्मक वाक्यहरू पनि प्रयोग गरिएका छन् । कथामा संवादात्मक, संस्मरणात्मक शैलीलाई पनि आत्मसात् गरिएको छ । पाठकले कथाको सारभाव सजिलै बुझ्न सक्ने हुँदा कथाको भाषाशैली सरल रहेको छ भन्न सकिन्छ ।

सहरमा बसेको 'म' पात्रले आफ्नी श्रीमती बिरामी भएको चार महिना बितिसक्दा पनि एकपटकबाहेक डाक्टरकहाँ लान नसकेको र श्रीमतीले ओछ्यानमा नारकीय जीवन बिताइरहनु परेको अवस्थाबाट सहरमा कम तलब भएका कर्मचारीको अवस्थालाई कथाकारले प्रस्ट्याउन खोजेका छन् ।

(१२) 'सोचाइ' कथाको विश्लेषण

'सोचाइ' **तन्द्राभित्रको अतीत**मा सङ्कलित बाह्रौं कथा हो । यस कथाको 'ऊ' पात्र दिल्लीबाट फरिदाबाद जान भनी बसको अग्रभागमा बसेर यात्रा गरिरहेको छ । 'ऊ' पात्रका मनमा अनेक प्रकारका कुराहरू खेलिरहेका हुन्छन् । 'ऊ' कतिखेर घर पुगिने हो भनेर हतारिरहेको थियो । उसले आफ्नो छेवैमा बसेको व्यक्तिलाई अब कति टाढा होला ? भनेर प्रश्न गरेको अवस्थामा त्यस व्यक्तिले आफूलाई सभ्य देखाउन अङ्ग्रेजीमा उत्तर दिन्छ । उसले म पनि अङ्ग्रेजीमा कम छैन भनेर अङ्ग्रेजीमा गफ गर्न थाल्छ । बीच बाटामा बस रोकिएको देखेर सबै यात्रुहरू छक्क पर्छन् । बसकै अगाडि एउटा दुःखद दृश्य देखिन्छ । के रहेछ भनी हेर्न गएका बेला अगाडि अङ्ग्रेजी बोल्ने व्यक्तिले त्यस घटनाको छेवैमा नेपाली टोपी देखेर एउटा नेपाली, केही होइन भनेपछि 'ऊ' पात्रले म पनि एउटा नेपाली हुँ भनी उत्तर दिन्छ । कथा यहीँ समाप्त हुन्छ । यसरी उक्त कथालाई कथानकीय संरचनामा छुट्ट्याउँदा 'ऊ' पात्रले दिल्लीबाट फरिदाबादतिरको यात्रा आरम्भ गर्नु कथानकको आदिभाग, 'ऊ' पात्रले बसमा अन्य यात्रीसँग गफ गर्नु, बाटामा एउटा घटना देख्नु, सबै ओर्लेर हेर्न जानु आदि मध्यमाग र अङग्रेजी बोल्ने व्यक्तिले नेपालीको अवहेलना गरेकाले 'ऊ' पात्रले त्यस सभ्य भनाउँदाको भनाइलाई उपेक्षा गर्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । अन्तर्राष्ट्रिय समाजिक परिवेश यस कथाको कथानकको स्रोत रहेको छ ।

प्रस्तुत कथाको 'ऊ' प्रमुख पात्र हो भने बसमा यात्रा गर्ने महाशयलगायत अन्य यात्रुहरू सहायक पात्रहरू हुन् । 'ऊ' पात्र प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा पुलिङ्ग, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो भने अन्य पात्रहरू पनि केही मञ्चीय र केही नेपथ्य रूपमा रहेका छन् ।

कथाको परिवेश भारतीय भूमि रहेको छ । 'ऊ' पात्र दिल्लीबाट फरिदावादको यात्रामा निस्केको छ । बसको यात्रा, बसमा यात्रा गर्ने यात्रुहरूको स्थिति र भारतमा पुगेका नेपालीहरूको अवस्थालाई प्रस्तुत कथामा देखाइएको छ । कथामा कथाकार कथाभन्दा बाहिर बसेर कथानकको

घटना घटित भएकाले यसमा तृतीय पुरुष शैलीअन्तर्गत बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

प्रस्तुत कथा सरल र सहज छ । यात्राको घटनासन्दर्भ भएकाले बसका यात्रुहरूको होहल्ला, बस दौडिरहेको गति आदिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको यस कथाको भाषाशैली स्तरीय प्रकारको छ । बीचमा प्रशस्त अङ्ग्रेजी शब्द, पदावली र वाक्य प्रयोग गरिएको यस कथामा बीभत्स दृश्यको चित्र देखाएकाले घृणा भावका शब्दहरू पनि प्रशस्त मात्रा प्रयोग गरिएको देखिन्छ ।

'ऊ' पात्र यात्रा गरिरहेको अवस्थामा बीच बाटामा घटेको घटना सबै यात्रुहरू हेर्न गएको अवस्थामा भारतीय मूलको मान्छेले नेपाली टोपी देखेर "ए नेपाली, केही होइन" भन्ने घृणित भाव प्रकट भएको देख्ता 'ऊ' पात्रलाई रिस उठ्छ । भारतमा नेपालीलाई हेर्ने दृष्टिकोण हेय भएको कुरा देखाउनु नै यस कथाको मूल उद्देश्य हो ।

(१३) 'घूस' कथाको विश्लेषण

'घुस' **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको तेह्रौँ कथा हो । 'घुस' भन्नाले हाम्रा सरकारी कार्यालयमा काम गराउँदा काम छिटो होस् भनेर लुकाएर दिइने पैसालाई जनाउँछ र सभापतिले अन्त्यमा घुस नख्वाई आफ्नो छोरालाई जेलबाट मुक्त गर्न नसकेको अवस्थालाई कथामा देखाइकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

प्रस्तुत कथामा कहिल्यै घुस नखाने र कसैले घुस खाएको थाहा पाए भने सम्बन्धित व्यक्तिलाई झपार्ने र मञ्चबाट औँल्याउने कार्य गर्ने जिल्ला सभापति 'म' पात्रका घरमा गएर चार हजार रुपियाँ माग्छन् । किन पैसा चाहियो भनेर 'म' पात्रले सोध्दा छिमेकीले च्याउ ल्याएर खाएको, उनीहरूको सात बर्से छोरो मरेको र परिवारका अन्य व्यक्तिहरू बिरामी भएकाले मेरो छोराले मरेकालाई सद्गति गर्नु भनी अरूलाई लिएर अस्पताल गएको तर कसैले मेरो छोरोउपर प्रहरीमा उजुर गरी फौजदारी केसमा उसलाई प्रहरीले पकडेको र चार हजार रुपियाँ दिए छोडिदिने भनेको कुरा सभापतिले सुनाएपछि 'म' पात्रले चार हजार रुपियाँ दिन्छ । कथानक यहीँ समाप्त भएको छ । कथानकीय संरचनाका आधारमा छिमेकीले च्याउ ल्याएर खानु कथानकको आदिभाग हो भने छोराले छिमेकीलाई बचाउनु, सभापति 'म' पात्रकहाँ पैसा माग्न जानु आदि कथानकको मध्यभाग र 'म' पात्रले सभापतिलाई पैसा दिनु कथानकको अन्त्य भाग हो । कथा बीचबाट सुरु भएको हुनाले वृत्ताकारीय ढाँचामा आबद्ध छ । उक्त कथा सामाजिक यथार्थलाई कथानकको स्रोत बनाइएर लेखिएको छ ।

प्रस्तुत कथामा सभापति र 'म' प्रमुख पात्र रहेका छन् भने सभापतिको छोरो, छिमेकीहरू र प्रहरीहरू सहायक पात्र हुन् । सभापति र 'म' पात्र प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत, लिङ्गका आधारमा पुलिङ्ग, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् भने सभापतिको छोरो, छिमेकीहरू र प्रहरी पनि मञ्चीय पात्रहरू हुन् ।

कथाको परिवेश हाम्रै देशको समाज र प्रशासनिक कार्यालयहरू रहेको देखिन्छ । जिल्लाको प्रमुखलाई बुझाउने जिल्ला सभापतिको चरित्रलाई इङ्गित गरी हाम्रै देशको कुनै जिल्लामा घटित घटनाका रूपमा परिवेश प्रस्तुत गराइएकाले कथाको परिवेश कुनै जिल्लाको रहेको छ । कथामा कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएका छन् र यो कथा प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ ।

कथामा कथानक सिधा रूपमा नभएर घुमाउरो पारामा घटित भएकाले कथाको शैली केही जटिल प्रकारको देखिन्छ । कथा लेख्य भाषामा लेखिए तापनि संवादका क्रममा कथ्य र विचलनयुक्त भाषाको प्रयोग कथाकारले यसमा गरेका छन् । जटिल र मिश्र वाक्यहरूको प्रयोग गरिएको उक्त कथामा बोलचालमा प्रयुक्त हुने शब्दहरू पनि प्रयोग गरिएको छ ।

आफू पनि घुस नखाने र अरूले घुस खाएको थाहा पाएपछि घुस दिने र लिनेलाई औंल्याउने सभापति आज आफ्नै छोरो फौजदारी केसमा कारागारमा परेपछि घुस ख्वाउन तयार भएको घटनालाई कथाकारले यस कथामा व्यङ्ग्यात्मक रूपमा चित्रण गरेका छन् । अरूलाई घुस लिँदा हप्काउने सभापतिले आफैले घुस दिन लागेको कुरा देखाउनु नै यस कथाको सारवस्तु हो । अर्कालाई असल व्यवहार सिकाउने सभापतिले आफूले असल व्यवहार नगरेको देखाएर कथाकारले हाम्रो समाज घुसका कारण पथभ्रष्ट हुँदै गएको छ भन्ने देखाएका छन् । यही नै यस कथाको मूल विचार पनि हो ।

(१४) 'के. बी. जी' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको चौधौँ क्रममा 'के. बी. जी' कथा रहेको छ । यस कथामा कुनै प्रशासनिक कार्यालयको पियन कालीबहादुरलाई कसैले सपनामा के. बी. जी नाम राख्नु उपयुक्त हुन्छ भन्ने सल्लाह दिएको कुरालाई विषयवस्तु बनाएर लेखिएको यस कथाको कथानक र शीर्षकबीच तादाम्त्य भएको हुनाले कथाको शीर्षक सार्थक हुन पुगेको देखिन्छ ।

कालीबहादुरले सधैँ झैँ आज पनि ९ बजे कार्यालयको ढोका खोल्यो र कार्यालय सफा गर्न थाल्यो । सबैतिर सफा गर्दै ऊ हाकिमको कुर्सी सफा गर्न पुग्यो । उसले बीस वर्ष काम गरिसकेको यस कार्यालयको हाकिमको कुर्सीमा बस्ने चाहना गर्छ र सबैतिर हेरेर ऊ त्यो कुर्सीमा बस्छ । घुम्ने कुर्सीमा बसेको पियन कालीबहादुरले आफू नै हाकिम भएको र जेनेभा घुमेको सपना देख्छ । जेनेभामा धाराप्रवाह भाषण दिन्छ र अर्न्तराष्ट्रिय विमानस्थलमा उच्च अधिकृतसरहको स्वागतमा लिएर ऊ आफ्नो घर फर्कन्छ । आधुनिक घरमा उसकी श्रीमती सजिएर उसको स्वागमा तल्लीन हुन्छे । वीणा नामकी आफ्नी श्रीमतीलाई पुकारिरहेको अवस्थामा हाकिमको आगमन हुन्छ र हाकिमले दुई डन्ठा लगाएपछि ऊ सपनाबाट ब्युझिन्छ र डराएर रुनु र हाँस्नु हुँदै आफ्नो कामतिर लाग्छ । कथानक यहीँ समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा कालीबहादुरले ९ बजे कार्यालयको ढोका खोल्नु कथानकको आदिभाग, उसले कार्यालय सफा गर्नु, हाकिमको कुर्सीमा बस्नु, अनेक प्रकारका सपना देख्नु आदि कथानकको मध्यभाग र हाकिमले दुई डन्ठा लगाएपछि उसको होस आएर रुनु र हाँस्नु हुँदै आफ्नो कामतिर लाग्नु कथानकको अन्त्यभाग हो । यसको कथानक रैखिक ढाँचामा आबद्ध छ । कालीबहादुरका अन्तर्मनमा खेलेका कुराहरू कथामा आयोजित आन्तरिक द्वन्द्व हुन् भने सामाजिक विकृति कथानकको मूलस्रोत रहेको छ ।

प्रस्तुत कथाको कालीबहादुर मुख्य पात्र हो भने हाकिम र वीणा सहायक पात्र हुन् । कालीबहादुर स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय, प्रवृत्तिका आधारमा अनुकूल, लिङ्गका आधारमा पुलिङ्ग, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने वीणा र हाकिम पनि मञ्चीय र बद्ध पात्र हुन् ।

कथाको परिवेश सहरिया वातावरणमा घटित छ । प्रशासन, त्रिभुवन विमानस्थलजस्ता आदि शब्दहरू कथामा प्रयोग गरिएबाट काठमाडौँको कुनै प्रशासकीय कार्यालयको परिवेश नै कथामा चित्रण भएको पाइन्छ । कार्यालयका तल्ला तहका कर्मचारीको सपनालाई उक्त कथामा देखाइएको छ । कथामा कथाकार उपस्थित नभई कालीबहादुर, वीणा र हाकिमजस्ता पात्रको सिर्जना गरी कथानकको घटना घटित गराइएकाले प्रस्तुत कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आबद्ध रहेको छ ।

कथा प्रशासनिक विषयसँग सम्बन्धित भएकाले हाम्रो देशका प्रशासनमा आधारित शब्दहरू नै यस कथामा प्रयोग गरिएका छन् । पियन, हाकिमजस्ता शब्दहरू प्रयोग गरिएको यस कथाको भाषाशैली सरल, स्पष्ट र सहज रहेको छ । कथामा अङ्ग्रेजी शब्दहरू पनि प्रशस्त मात्रामा प्रयोग गरिएका छन् । उच्च आदरार्थीदेखि निम्न आदरार्थी शब्दहरू प्रयोग गरिएको यस कथामा नेपाली समाजका बोलचालका शब्दहरू पनि प्रयोग गरिएका छन् ।

यस कथामा कार्यालयको पियनले हाकिमको कुर्सीमा बसेर आफू नै हाकिम भएको सपना देखेको घटनालाई चित्रण गरिएको र प्रशासनिक कार्यालयका तल्लो स्तरका कर्मचारीले आफ्नो तलबले घरपरिवार चलाउन नसक्दा हाकिम हुन पाए कस्तो हुन्थ्यो भन्ने कुरालाई कथाकारले देखाउन खोजेका छन् । एउटा पियन कालीबहादुरले हाकिम भएको परिकल्पना गरेको कुरालाई देखाएर पियन हाकिम हुँदा उसलाई कस्तो अनुभूति हुन्छ भन्ने कुरालाई नै देखाउनु यस कथाको सारवस्तु हो ।

(१५) 'आफन्त' कथाको विश्लेषण

'आफन्त' कथा **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको पन्ध्रौं कथा हो । यस कथामा आफन्त शब्दले कथाको कृष्णबहादुरका सहोदर दाजु र बहिनीलाई चिनाइएको र कथाको घटना पनि कृष्णबहादुर र उसको आफन्तको सेरोफेरोमा घटेकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

कथाअनुसार कुनै एउटा गाउँमा कृषकको काम गरेर जीविका चलाउने कृष्णबहादुर केही काम गर्न भनी काठमाडौं हिँड्छ । काठमाडौंमा उसका दाजुभाउजू र बहिनी हुन्छन् । कृष्णबहादुर दाजुको घरमा पुग्छ । दाजु र भाउजूले उसलाई तिरस्कार गर्छन् र ऊ बहिनीबाट सहारा पाइन्छ कि भनेर बहिनीकहाँ जान्छ । बहिनीले पनि उसलाई बस भन्दिन । ऊ विरक्तिएर एउटा होटलमा खाना खाएर बाहिर निस्कदा उसको पारिवारिक झगडिया तामाङसँग भेट हुन्छ र तामाङले पहिलेका सबै कुरा बिर्स, यो परदेशमा हामी एकै हुनुपर्छ भनेपछि तामाङ र कृष्णबहादुर तामाङको डेरातिर लाग्छन् यहीनेर कथा पनि समाप्त हुन्छ । उक्त कथालाई कथानकीय संरचनाका आधारमा छुट्याउनु पर्दा कृष्णबहादुर गाउँबाट काठमाडौं हिँड्नु कथानकको आदिभाग, काठमाडौं पुगेर दाजु र बहिनीको घरमा शरण लिनु तर दाजु र बहिनी दुवैबाट तिरस्कृत हुनु आदि मध्यभाग र होटलमा तामाङसँग भेट हुनु र तामाङको डेरातिर लाग्नु कथानकको अन्त्यभाग हो । यसमा सामाजिक यथार्थ नै कथानकको स्रोत रहेको छ भने यो कथा रैखिक ढाँचामा आबद्ध रहेको छ ।

कथामा प्रयुक्त पात्रहरूमध्ये कृष्णबहादुर प्रमुख पात्र हो । कृष्णबहादुर दाजुभाउजू, भतिजो, बहिनी र तामाङ सहायक पात्रका रूपमा रहेका छन् । स्वभाव र जीवनचेतनाका आधारमा कृष्णबहादुर गतिहीन र व्यक्तिगत पात्र हो । कृष्णबहादुर प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा बद्ध र आबद्धताका आधारमा मञ्चीय पात्र हो भने सहायक पात्रहरू केही मञ्चीय र केही नेपथ्यमा रहेका छन् । थोरै पात्रहरूको प्रयोग गरिएको यस कथामा पात्रअनुसारको संवाद रहेको छ ।

कथाको परिवेश हाम्रो देशको कुनै गाउँ र काठमाडौं सहर रहेको छ । कृष्णबहादुर गाउँबाट सहरमा दाजु र बहिनीकहाँ आउँदा दाजु र बहिनी दुवैजनाबाट तिरस्कृत हुनुपरेको घटनालाई नै

कथाकारले यस कथामा देखाउन खोजेका हुनाले कथाको परिवेश सहरी वातावरणमा केन्द्रित रहेको छ । कथामा कथाकार स्वयम् उपस्थित भएका छैनन्; केवल आफ्नो अनुभवलाई विभिन्न खाले पात्रको सिर्जना गरी कथाको रचना गरेकाले यो कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ ।

प्रस्तुत कथामा पनि संवादका क्रममा कथाकारले कथ्य शैलीको प्रयोग गरेका छन् । परिवेश सहरमुखी भएकाले सहरमा बोलिने भाषाको प्रयोग पनि उक्त कथामा कथाकारले गरेका छन् । केही मात्रामा अङ्ग्रेजीका शब्दहरूसमेत प्रयोग गरिएको यस कथामा मूलतः तत्सम शब्दहरू नै बढी मात्रामा प्रयोग गरिएका छन् । संवादात्मक शैलीलाई पनि केही मात्रामा यस कथामा कथाकारले आत्मसात् गरेका छन् । समग्रमा कथाको भाषा सरल, सहज र स्पष्ट छ ।

कृष्णबहादुर केही कामले काठमाडौँ आउँछ । काठमाडौँमा दाजु र बहिनीको घर भएका कारणले त्यहाँ बस्न कुनै अप्ठ्यारो नपर्ला भन्ने सोचले काठमाडौँ भित्रिएको कृष्णबहादुर दाजु र बहिनीबाट तिरस्कृत भएको र अन्त्यमा गाउँको पूर्व शत्रु तामाङले आत्मीय साथीजस्तै सोचेर डेरामा शरण दिन्छ । यसबाट एउटै लाम्टो चुसेका दाजु र बहिनीले गरेको व्यवहारबाट मानिसहरू सहरमुखी भएपछि उनीहरूमा मानवीय संवेदना हराउँदै जान्छ भन्ने कुरालाई कथाकारले उद्घाटन गरेका छन् ।

(१६) 'पेम्बा' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको सोह्रौँ क्रममा रहेको कथा 'पेम्बा' हो । शेर्पा जातिको शब्द पेम्बाले हिमाल आरोहण गर्ने दलको कुनै एक व्यक्तिलाई जनाएको र कथा पेम्बाको सेरोफेरोमा घुमेकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

अन्नपूर्णा आरोहण दलका सदस्यहरू आरोहणका क्रममा हुन्छन् । आधार शिबिरमा 'म' पात्र र माइकल आरोहणसम्बन्धमा भएका कुराहरू बुझ्न बसेका हुन्छन् । धेरै चिसो वातावरण भएकाले 'म' पात्र पालभित्र बसिरहेको अवस्थामा माइकलले वाकीटकीबाट पेम्बा आरोहणका क्रममा मरेको समाचार सुनाउँछ । यो सुनेपछि 'म' पात्र दुखित हुन्छ र बाटामा पेम्बासँग भएका कुराकानी सम्झन थाल्छ । सोलुखुम्बु जिल्ला निवासी पेम्बा कामको खोजीमा काठमाडौँ आई टेक्रिङ्ग एजेन्सीसँग सम्बद्ध भएर हिमाल आरोहण गर्ने ट्रेकिङ्गको भरिया, किचेन ब्वाइ हुँदै आफ्नो गुजारा चलाउँदै आएको हुन्छ । पेम्बाको बिहे गरेको भर्खर तेह्र महिना भएको हुन्छ । बाटामा पेम्बाले 'म' पात्रसँग घरमा चिठी लेखिदिने अनुरोध गरेको हुन्छ र 'म' पात्रले चिठी लेखिदिएको घटना सम्झन्छ । यसरी 'म' पात्रले बाटामा पेम्बासँग भएका बातचित स्मरण गरिरहेको अवस्थामा पुनः माइकल आएर

पिटरलाई हिउँले पुरेको खबर सुनाउँछ । यो खबर सुनाएपछि 'म' पात्रले आरोहण दलका सबैजना व्यक्तिहरूलाई तल ओर्लने खबर भन्छ र कथा समाप्त हुन्छ । यसरी प्रस्तुत गरिएको उक्त कथालाई कथानकीय संरचनाका आधारमा छुट्याउँदा आरोहण दल काठमाडौँबाट अन्नपूर्णा हिमालतिर लाग्नु कथानकको आदिभाग, बाटामा अनेक ठाउँमा बास बस्नु, आरोहण गर्न सुरु गर्नु आदि मध्यभाग र आरोहणका क्रममा पेम्बा र पिटरको मृत्यु हुनु र सबै आरोहण दललाई फर्कन भन्नु कथानकको अन्त्यभाग हो । कथा अन्त्यबाट सुरु भएर मध्यभागमा टुङ्गिएकाले कथाको ढाँचा वर्तुलित किसिमको रहेको छ । सामाजिक यथार्थ नै प्रस्तुत कथाको कथानकको स्रोत रहेको छ ।

कथामा पात्रहरू धेरै प्रयोग गरिए पनि मुख्य र सहायक पात्रहरू भने कमै रहेका छन् । पेम्बा कथाको प्रमुख पात्र हो भने 'म' र माइकल सहायक पात्रहरू हुन् । आरोहण दलका अन्य पात्रहरू भने गौण भूमिकामा देखिएका छन् । पेम्बा स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो । 'म' र माइकल मञ्चीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य रूपमा मात्र कथामा उपस्थित भएका छन् ।

कथाको परिवेश काठमाडौँदेखि लिएर अन्नपूर्णा हिमालको फेदी र अन्नपूर्णा हिमाल वरिपरिको रहेको छ । आरोहण गर्न गएका शेर्पा दल आरोहणका क्रममा हिउँले पुरिएर केहीको मृत्यु भएको कुरा कथामा प्रस्तुत गरिएकाले कथाको घटना वसन्त ऋतुतिर घटेको हो भनेर अनुमान लगाउन सकिन्छ । कथामा कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएर कथा प्रस्तुत गरेकाले यो कथा प्रथम पुरुष दृष्टिबिन्दुमा आधारित छ ।

भाषाशैलीका आधारमा कथालाई हेर्दा यसमा तत्सम र आगन्तुक शब्दहरूको ज्यादा प्रयोग गरिएको छ । संवादका क्रममा कथामा कथ्य भाषाको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको देखिन्छ भने आरोहण दलका व्यक्तिहरू विदेशी भएकाले उनीहरूसँगको कुराकानीको सन्दर्भमा अङ्ग्रेजी भाषाका शब्दहरू पनि केही मात्रामा प्रयोग गरिएका छन् । यो कथा संवादात्मक र संस्मरणात्मक शैलीमा लेखिएको छ । कथामा कौतुहलतत्त्व पनि प्रबल रहेको देखिन्छ ।

पेम्बा र पिटरको आरोहण गर्ने क्रममा मृत्यु भएको कुरा 'म' पात्रले सुनेपछि उसले किंकर्तव्यमूढ भएर आरोहण दलका सबैलाई फिर्ता बोलाएको घटनाबाट नेपालमा हिमाल आरोहण गर्न निकै कठिन भएको र आरोहण गर्दा आइपर्ने समस्याहरूलाई समाधान गर्न सरकारले उपयुक्त सामग्रीहरू उपलब्ध नगराउँदा धेरै हिमाल आरोहीहरूले मृत्युवरण गर्नुपरेको घटनालाई कथाकारले यस कथामा देखाउन खोजेका छन् ।

(१७) 'कार्यालयभित्र' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको सत्रौं कथा 'कार्यालयभित्र' रहेको छ । कथामा कार्यालयभित्र केकस्ता व्यवहारहरू गरिन्छन् भन्ने कुरालाई इङ्गित गरिएकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

कथाअनुसार उपत्यकाबाहिरको कुनै कार्यालयमा मान्छेहरूको सधैँ घुइँचो हुन्छ । यस कार्यालयमा फाइलहरूका पनि खुट्टा हुन्छन् भन्ने कुरा गाउँलेहरूले सुनेपछि गाउँको समाजसेवी रामप्रसाद अधिकारीलगायत गाउँलेहरू कार्यालयको प्रमुखकामा पुग्छन् । गाउँलेहरूका अगाडि फाँटवालाहरूलाई जनताको काम छिटो र बिना शुल्कमा गर्नु हाम्रो कर्तव्य हो भनेर प्रमुखले आदेश दिन्छ । आफ्नै अगाडि यसरी फाँटवालाहरूलाई हप्काएको देखेर गाउँलेहरू प्रमुख ठीक रहेछ तर फाँटवालाहरूकै फटाइ रहेछ भनेर फर्कन्छन् । बेलुका फाँटवाला प्रमुखको कोठामा आउँछ र १०० रुपैयाँ दिन्छ । प्रंमुखले मात्र एक सय, रविकिरण दिनको तीन सय, श्यामे आले एक सय पचास, राम असारे यादव १०० दिन्छ भन्दै तपाइँबाट यो रकम कम भयो । "तपाइँ काम गर्नु जान्नुहुँदो रहेनछ । भोलिदेखि तपाइँको ठाउँमा हरेराम श्रेष्ठ काम गर्नेछ भन्छ ।" यो सुनेर भविष्यको चिन्ता गर्दै कृष्ण बि. क. आफ्नो डेरातिर लाग्छ र कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा उक्त कथालाई विश्लेषण गर्दा गाउँलेहरू कार्यालयको प्रमुखलाई भेट्न जानु कथानकको आदिभाग, गाउँलेहरूका अगाडि प्रमुखले फाँटवालाहरूलाई हकार्नु, गाउँलेहरू विश्वस्त हुनु, कृष्ण बि. क. प्रमुखको डेरामा पुग्नु, प्रमुख कृष्ण बि. क. को कामबाट असन्तुष्ट हुनु आदि कथानकको मध्यभाग अनि कृष्ण वि. क. को ठाउँमा हरेराम श्रेष्ठलाई खटाइने सुनेर कृष्ण वि. क. भविष्यको चिन्ता गर्दै डेरातिर लाग्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । प्रशासनिक विकृति र विसङ्गति नै प्रस्तुत कथाको कथानकको स्रोत हो ।

यस कथामा कार्यालयको प्रमुख प्रमुख पात्र हो । रामप्रसाद अधिकारी, रविकिरण, श्यामे आले, कृष्ण वि. क., रामे असारे यादव, गाउँलेहरू कथाका सहायक पात्रहरू हुन् । प्रमुख स्वभावका आधारमा प्रतिकूल, जीवन चेतनाका आधारमा वर्गीय र प्रवृत्तिका आधारमा गतिहीन पात्र देखिन्छ भने आसन्नता र आबद्धताका आधारमा ऊ बद्ध र मञ्चीय पात्र पनि हो । अन्य पात्रहरू कोही मञ्चीय र कोही नेपथ्य रूपमा देखिएका छन् ।

कथाको परिवेश हाम्रै देशको उपत्यका बाहिरको कुनै प्रशासनिक क्षेत्र रहेको छ । प्रंशासनिक क्षेत्रमा भएका विकृति र विसङ्गतिलाई उदाङ्गो पार्न कथाकारले यो कथा प्रशासनिक परिवेशभित्र सीमित भएर लेखेका छन् । कथामा कथाकार कथाभन्दा बाहिर बसेर विभिन्न पात्रहरूको सिर्जना

गरी तिनीहरूको भावनात्मक गहिराईसम्मलाई चित्रण गरेकाले कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ । यस कथामा गाउँलेहरू र कर्मचारीबीच भएको द्वन्द्व बाह्य द्वन्द्व हो ।

भाषाशैलीका दृष्टिकोणबाट हेर्दा कथा सरल छ । प्रशासनिक क्षेत्र कथानकको स्रोत भएकाले कथामा उच्चमध्यम आदरको भाषाप्रयोग गरिएको छ । कथाकारले कथा लिखित भाषामा लेखेका भए पनि कथाका पात्रहरूको संवादका क्रममा कथ्य र विचलन वाक्यहरूको प्रयोग गरेका छन् । कथाका अमानवीय रूपलाई पनि मानवीकरण गरिएको भाषाशैलीको प्रयोग गरिएको छ । जस्तै : "कुनैकुनै फाइलका त खुट्टा हुन्छन् रे ।" (पृ. ४६) आदि ।

प्रशासनिक क्षेत्रमा भएको विकृतिलाई हटाउन समाजसेवीलगायत गाउँलेहरू हाकिमको कोठामा पुग्दा हाकिमले फाँटवाला आदिलाई हप्काएर आफूलाई सत्चरित्रधारी देखाएको तथा हाकिमले सम्पूर्ण कार्यालयका कर्मचारीहरूलाई घूस लिनु र त्यसको हिस्सा आफूलाई पनि दिनु भनेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । बाहिर जनताका अगाडि सच्चरित्र देखाउने हाकिमहरू भित्रभित्र रूपमा जनतालाई चुस्न खप्पिस हुन्छन् भन्ने कुरा देखाउनु नै यस कथाको मूल सन्देश हो ।

(१८) 'किनकि...' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको अठारौँ कथा 'किनकि...' रहेको छ । 'किनकि...' अर्धवाक्यमा राखिएको प्रस्तुत कथाको शीर्षकसँग मूल कथाको विषयवस्तु असम्बद्ध रहेको जस्तो देखिएकाले कथा विषयवस्तु र शीर्षकबीच सामञ्जस्य हुन सकेको छैन ।

कुनै जिल्लाको घुर्सिङ्देखि फुर्सिङ्सम्मको पहाडी बाटो निकै विकट छ । पल्लो जिल्लामा बाटो तर अर्को जिल्लाकाले त्यस बाटामा हिँड्नुपर्ने भएकाले स्थानीय बासिन्दाहरू जिल्लाका उच्च अधिकारीकहाँ पुग्छन् । अधिकारीले स्थानीय बासिन्दाहरूको कुरो नसुनीकन आफ्नै जिल्लाका प्रतिनिधिलाई भेट्न जानुहोस् भन्ने जवाफ दिन्छन् । आफ्नो जिल्लाको प्रतिनिधिकहाँ बासिन्दाहरू बाटो बनाइदिने कुरो लिएर पुग्छन् तर जिल्लाका प्रतिनिधिले भोट अर्कालाई नोट मसँग माग्ने ? "जसलाई भोट दिनु भएको छ उसैसँग नोट मागेर बाटो बनाउनुहोस्" भन्ने जवाफ पाएपछि बासिन्दाहरू आजित भएर गाउँ फर्कन्छन् । संयोगवश एकपटक उही अधिकारीलाई घुर्सिङ्को बाटो भएर हिँड्नुपर्ने बाध्यता पर्छ । बीच बाटोमा अधिकारी घोडा चिप्लेर लड्न लाग्दा तिनै जनताले उनलाई बचाएकाले अर्कै जिल्लाको बाटो भए पनि ती अधिकारीले बाटाका निम्ति बजेट छुट्याएर घोडेटो बाटो निर्माण गर्न लगाउँछन् र कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा स्थानीय बासिन्दा जिल्ला अधिकारीकहाँ बाटो निर्माण गरिदिनुपर्‍यो भन्न जानु कथानकको आदिभाग,

अधिकारीले आफ्नै जिल्ला प्रतिनिधिलाई भन्नुहोस् भनी फर्काउनु, जिल्ला प्रतिनिधिले चुनावी प्रतिशोध देखाएर जसलाई भोट दिनुभयो उसैलाई भन्नुहोस् भन्नु, गाउँलेहरू आजित भएर फर्कनु, जिल्ला अधिकारी त्यही बाटो भएर हिँड्नु र उनी लड्न आट्दा गाउँलेहरूले बचाउनु आदि कथानकको मध्यभाग र आफूले दुःख पाएपछि त्यस बाटोको निर्माण जिल्ला अधिकारीले गरिदिनु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

पुरुष पात्रहरूको मात्र चयन गरिएको यस कथाका पात्रहरूमध्ये गाउँलेहरू प्रमुख पात्रहरू हुन् भने जिल्ला अधिकारी, जिल्ला प्रतिनिधि र सहायक कर्मचारी आदि सहायक पात्रहरू हुन् । गाउँलेहरू वर्गगत, अनुकूल र गतिशील चरित्रका रूपमा देखिएका छन् । यसका सबै पात्र मञ्चीय रहेका छन् ।

कथाको परिवेश कुनै पहाडी जिल्लाको रहेको छ । विकट पहाडी जिल्लामा बाटो नभएको अवस्था र त्यस ठाउँमा घोडाबाट अधिकारी हिँडेको देखाइएकाले विकट पहाडी जिल्लाको परिवेशलाई कथामा समेटिएको स्पष्ट हुन्छ । समयको स्पष्ट उल्लेख नभए पनि कुनै चुनावपछाडिको समयलाई यस कथामा इङ्गित गरिएको छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर अन्य पात्रहरू सिर्जना गरी तीमार्फत कथा प्रस्तुत गरेकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुषमा आधारित छ । स्थानीय बासिन्दा, जिल्ला अधिकारी र जिल्ला प्रतिनिधिबीचको झगडा बाह्य द्वन्द्वका रूपमा कथामा देखिएको छ ।

कथाको भाषाशैली सामान्य खालको छ । कथामा स्थानीय बासिन्दाहरू बाटो निर्माण गरिदिनुपर्‍यो भनी विनम्र पारामा बिन्ती बिसाउन जिल्ला अधिकारी र जिल्ला प्रतिनिधिकहाँ पुग्दा जिल्ला अधिकारी र जिल्ला प्रतिनिधिहरूले चाहिँ आफ्नो रबाफिलो पारामा गाउँलेहरूलाई उत्तर दिएका छन् । कथामा अधिकारीले स्थानीय बासिन्दाहरूलाई केही हेय भाषाको प्रयोग गरेका छन् । जस्तै : "जाओ जसलाई भोट दियौ उसैसँग भेट" (पृ. ४७) ।सरल भाषामा लेखिएको प्रस्तुत कथाको आकार छोटो भएकाले पाठकलाई कथा पढ्दा कुनै पट्यार लाग्दैन । समग्रमा भन्नुपर्दा यस कथामा कथाकारको उद्देश्य स्पष्टतापूर्वक प्रतिपादन भएको छ ।

कथामा गाउँलेहरूले गएर बिन्ती बिसाउँदा अर्को जिल्लाको बाटो आफूले बनाउने नियम छैन, आफ्नै जिल्लाका प्रतिनिधिलाई भन्नुहोस् भन्ने जिल्ला अधिकारीले आफूले त्यो बाटो हिँड्दा पाएको दुःख, आफ्नो ज्यान जोखिममा हुँदा तिनै बासिन्दाले बचाए पछि भने त्यो बाटो बनाउन उनलाई कुनै नियम नचाहिएबाट उच्च अधिकारीहरू चाहेपछि जे पनि गर्न सक्छन् तर जनतालाई

भनेपछि विभिन्न बहाना निकालेर उनीहरूको कुरा टार्छन् भन्ने सारवस्तु नै यस कथाबाट कथाकारले दिन खोजेका छन् ।

(१९) 'मेरो बस्तीको कथा' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको उन्नाइसौँ कथा 'मेरो बस्तीको कथा' रहेको छ । यस कथामा काठमाडौ महानगरपालिकाको काँठको दिनचर्या, त्यस गाउँका मानिसहरूको बोलीचाली, रहनसहन, रीतिस्थिति आदिलाई प्रस्ट्याइएको हुँदा कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

काठमाडौँ महानगरपालिकाको काँठ गाउँका महिलाहरू प्रत्येक दिन बिहान भएपछि विभिन्न भाँडामा दूध बोकेर चुरोटको धुँवा उडाउँदै सहरतिर लाग्छन् । आधाआधी भाँडो बोकेको दूधमा पानी थपेर भरी पारी उनीहरू सहरका पसलमा लगेर बेची गुजारा चलाउँछन् भने लोग्नेमान्छेहरू भने ढिलो उठ्छन् र चियापसलमा गई चिया खाएर दिनभरि तास, जाँड, रक्सीमा भुल्छन्; उता केटाकेटीहरू दिनभरि स्कुल जाने बहानामा गाउँमा विभिन्न प्रकारका बदमासी गर्दै दिन गुजार्छन् भन्दै तिनीहरूले 'म' पात्रलाई पनि धेरै पटक दुःख दिएको कुरा प्रस्तुत गरिएको छ । एक दिन 'म' पात्र पढ्न मात्र बसेको हुन्छ पल्लो घरमा जेठाजु र बुहारी तथानाम गाली गर्दै बाभ्न थालेको देख्ता ऊ आजित हुन्छ र गाउँ छोडूँ कि भन्ने विचार गर्छ । तर अन्त्यमा ऊ यसै गाउँमा बस्ने र यस गाउँका जनतालाई शिक्षा दिने निधो गर्छ र कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा प्रस्तुत कथालाई विश्लेषण गर्दा काँठ गाउँका मानिसहरूको दिनचर्याको वर्णन कथानकको आदिभाग, जेठाजुबुहारीको झगडा पर्नु, तथानाम गालीगलोज गर्नु, 'म' पात्र आजित भएर गाउँ छोड्ने कुरा गर्नु आदि मध्यभाग र अन्त्यमा त्यस गाउँको कुप्रवृत्तिलाई सुधार गर्ने अठोट लिँदै 'म' पात्रले त्यसै गाउँमा बस्ने निधो गर्नु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथा रैखिक ढाँचा आबद्ध छ । सामाजिक यथार्थलाई कथानकको स्रोत बनाइएको उक्त कथामा 'म' पात्र तथा जेठाजुबुहारीका बीचको द्वन्द्व बाह्य द्वन्द्व हो भने 'म' पात्रका मनमा उठेका तर्कहरू आन्तरिक द्वन्द्व हुन् ।

कथामा 'म' पात्र प्रमुख पात्रका रूपमा रूपमा रहेको छ भने काँठ गाउँका महिला, पुरुष, केटाकेटी सहायक पात्रहरू हुन् । 'म' पात्र स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिशील, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने अन्य केही पात्रहरू मञ्चीय र नेपथ्य रूपमा उपस्थित भएका छन् ।

कथाको परिवेश काठमाडौँ सहरदेखि केही परको रहेको छ । कमाइ खाने ठाउँ चाहिँ काठमाडौँ सहर रहेको यस कथाको पूरै परिवेश सहरअवस्थित कुनै गाउँको रहेको छ । कथाकार

कथामा 'म' पात्रका रूपमा स्वयम् उपस्थित भएर कथाको वर्णन गरेकाले कथाको दृष्टिबिन्दु प्रथम पुरुषमा आधारित छ ।

भाषाशैलीलाई हेर्दा कथाको भाषा हाम्रै राष्ट्रको ग्रामीण समाजमा बोलिने भाषामा लेखिएको छ । ग्रामीण भेगका अशिक्षित, कुप्रवृत्ति र कुसंस्कारले ग्रसित मानसिकता भएका मानिसले बोल्ने भाषा नै प्रस्तुत कथाको भाषिक विशेषता रहेको छ । अज्ञानमा पिल्सिएका त्यस गाउँका मानिसमा केही चेतना नभएकाले उनीहरूले आदररहित भाषाको प्रयोग गर्ने गरेका छन् । केही अश्लीलजस्ता लाग्ने शब्दहरू पनि यस कथामा प्रयोग गरिएका छन् । जस्तै : उमेरमा नाठो खेलाउँदै हिँडिस् (पृ. ५०), पिडौँलासम्मको धोतीलाई घुँडामाथि तानेर (पृ. ५०), हिम्मत हुनलाई छातीमा मात्र रौँ चाहिन्छ र ? अरू ठाउँमा भए हुँदैन ? (पृ. ५०) इत्यादि ।

जेठाजुबुहारीको झगडालाई प्रस्तुत गर्दै यस कथामा कथाकारले सहर नजिकैको गाउँ भए पनि उनीहरूको जन्मैदेखिको कुप्रवृत्ति, कुसंस्कार र अशिक्षाको परिणामले ग्रसित भएकाले उनीहरूमा चेतनाको आवश्यकता रहेको छ भन्ने कथाकारको दृष्टिकोण; बाबुआमा, छोराछोरी र समाजप्रति उत्तरदायित्व नभएकाले आज यो गाउँ बिग्रिसकेको छ र यस्तो ग्रामीण समाजमा बस्ने 'म' पात्रजस्ता शिक्षित व्यक्तिले गाउँदेखि पलायन होइन त्यसै गाउँमा बसेर ती अशिक्षित जनतालाई शिक्षाको चेतना दिन सक्नुपर्छ भन्ने सारवस्तु नै यस कथाबाट कथाकारले प्रस्तुत गर्न खोजेका छन् ।

(२०) 'उपियाँ' कथाको विश्लेषण

'उपियाँ' कथा **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको बीसौँ कथा हो । 'उपियाँ' कथाको सिंहप्रसाद कुनै सहरको अग्रणी व्यक्तिमा गनिएको छ । सत्तापक्षको धनाढ्य व्यक्तिका रूपमा ऊ गनिएको थियो । उसले ठेक्कापट्टा, नोकरी, छात्रवृत्ति, अध्यक्ष र जी. एम्.मा नियुक्ति, कमिसन मिलान, विरोधी सफाया आदि काम सजिलै पूर्ण गर्दथ्यो । उसको चाकडी गर्नेहरूको र काम बनाउनेको भीड उसको घरमा निकै लाग्ने गर्दथ्यो । उसले धेरैलाई चुनाव जिताएको थियो भने प्रधानमन्त्री कसलाई बनाउने भनेर पनि उसकै बोली बिक्थ्यो । एक्कासि सत्ता विपक्षको हातमा पुगेपछि ऊ कङ्गाल हुन पुग्यो । आज उसलाई कसैले पनि नगनेको अवस्थामा पनि उसको कुकुर जङ्गेले चाहिँ उसलाई नछोडेको कुरामा पुगेर कथा समाप्त भएको छ । कथानकीय संरचनाका आधारमा सिंहप्रसाद सहरको धनाढ्य व्यक्तिका रूपमा गनिनु कथानकको आदिभाग हो भने उसले विभिन्न प्रकारका कार्यहरू गर्नु कथानकको मध्यभाग हो । एक्कासि राज्यसत्ता विपक्षको हातमा पुगेपछि सिंहप्रसाद कङ्गाल हुनु कथानकको अन्त्यभाग हो । कथाको मुख्य पात्रलाई एकाएक धनीबाट

कङ्गाल बनाउँदा घटना केही खण्डित भएको छ । प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यसको कथानकको स्रोत रहेको छ ।

कथाको मुख्य पात्रका रूपमा सिंहप्रसाद उपस्थित छ भने उसकहाँ चाकडी गर्नेहरू सहायक पात्रका रूपमा देखिएका छन् । सिंहप्रसाद स्वभावको आधारमा प्रतिकूल, जीवनचेतनाका आधारमा वर्गीय, प्रवृत्तिका आधारमा गतिशील, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय चरित्र हो भने अन्य पात्रहरू केही मञ्चीय र नेपथ्य रूपमा केही उपस्थित भएका छन् ।

कथाको परिवेश काठमाडौँ सहरको रहेको छ । यसको सम्पूर्ण कथानक काठमाडौँ सहरमा नै घटित भएको छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूको सिर्जना गरी कथा प्रस्तुत गरिएकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको छ ।

भाषाशैलीको विन्यासलाई हेर्दा प्रस्तुत कथामा तत्सम बहुल नेपाली भाषाको प्रयोग कथाकारले गरेका छन् । कथा उच्च आदरमा प्रस्तुत भएको छ । जस्तै : "हजुरले आँटेपछि नहुने के छ र यहाँ ? (पृ. ५२) ।" कथाको भाषा स्पष्ट, सरल र सहज छ ।

सिंहप्रसादको अवस्थाको चित्रण गरेर राज्यसत्ता आफ्नो पक्षमा हुँदा ऊ एकाएक धनाढ्य बन्न पुगेको र राज्यसत्ता विपक्षको हातमा पुग्दा ऊ कङ्गाल बनेको घटनाबाट हाम्रो देशका राजनीतिमा लागेका व्यक्तिहरूको दुर्दशालाई जनतामाझ स्पष्ट पार्नु नै यस कथाको लक्ष्य हो । आफ्नो बोली बिकुन्जेल जनता सबै आफ्ना हुन्छन् र बोली बिक्न छोडेपछि सबै जनता पराया हुन्छन् भन्ने उदारहण सिंहप्रसादको घटनाबाट प्रस्तुत गर्नु नै यस कथाको मूल सन्देश हो ।

(२१) 'मङ्गली' कथाको विश्लेषण

'मङ्गली' **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको एक्काइसौँ कथा हो । कथाकी नायिकाको नामबाट यस कथाको शीर्षक राखिएको छ । सम्पूर्ण कथाको घटना मङ्गलीको परिवारमा केन्द्रित भएकाले कथाको शीर्षक सार्थक बनेको छ ।

कथानुसार आठ वर्ष अगाडि मङ्गली र आइतेको बिहे भएको हुन्छ । चार बच्चा जन्माएकी मङ्गलीले २ बच्चा गुमाएकी छे । उनीहरूको खेत पनि खोलाले बगाएपछि गिट्टी कुटेर जीविका गुजार्दै आएका छन् । यही सिलसिलामा एक दिन गिट्टी फोर्न लाग्दा मङ्गलीको हात फोरिन्छ । आइतेले सिउँडीको रस ल्याएर निचोरी हातमा कपडा बाँधिदिन्छ । सात वर्षको छोरालाई होटलमा भाडा माझ्न राखेका ती दम्पतीले एउटी छोरी र आफूहरूको पेट पाल्न धौधौ परिरहेको अवस्थामा खोलाको ढुङ्गा पनि किन्नुपर्ने अवस्था आउँछ । काम गरिसकेर घर फर्कंदा नौबिसे बजारमा कुनै नेताको भाषण सुनेर ती दम्पती भाषण सुन्न जान्छन् । भोट हामीलाई दिनुहोस्; तपाईंहरूका सबै

समस्या हल गरिदिन्छौँ भन्ने नेताको भाषण सुनिसकेपछि ती दम्पतीमा केही जोसजाँगर आउँछ र उनीहरू डेरातिर लाग्छन् अनि कथा समाप्त हुन्छ । कथानकीय संरचनाका दृष्टिले उक्त कथाको कथानकलाई विभाजन गर्दा आइते र मङ्गलीको बिहे हुनु कथानकको आदिभाग, उनीहरूले ४ ओटा बच्चा जन्माए तापनि दुई बच्चा मात्र रहनु, दैवले खेत बगाउनु, गिट्टी कुटेर जीविकोपार्जन गर्न थाल्नु, मङ्गलीको हात फोरिनु, छोरालाई होटलमा काम गर्न राख्नु आदि कथानकको मध्यभाग र साँझमा घर फर्कँदा नेताको भाषण सुनेर उनीहरूमा जोसजाँगर आउनु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथामा घटना मध्यभागबाट प्रारम्भ भएकाले कथाको ढाँचा वर्तुलित किसिमको रहेको छ । सामाजिक यथार्थ नै यसको कथानकको स्रोत रहेको छ ।

प्रस्तुत 'मङ्गली' कथाको नायक आइते हो भने मङ्गली नायिका हो । उनीहरूका छोराछोरी, पुलिस, नेता आदि सहायक पात्रका रूपमा कथामा देखिएका छन् । दुवै पात्र स्वभावका आधारमा गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय, प्रवृत्तिका आधारमा अनुकूल, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हुन् । अन्य पात्रहरूमध्ये कोही मञ्चीय र कोही नेपथ्य रूपमा कथामा उपस्थित भएका छन् ।

प्रस्तुत कथाको परिवेश नौबिसे नजिकैको खोला र नौबिसे बजार रहेको छ । आइते र मङ्गलीको दिनचर्या त्यही खोलामा गिट्टी कुटेर बितेकाले कथाको परिवेश नौबिसे वरिपरिको रहेको छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर घटनालाई विभिन्न पात्रहरूको सिर्जना गरी प्रस्तुत गरेकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुषमा आधारित छ । कथामा आइते र मङ्गलीले जीवन चलाउन गर्नुपरेको सङ्घर्ष यस कथामा आयोजित सामाजिक द्वन्द्व हो ।

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत कथामा कथाकारले ग्रामीण समाजको परिवेश भएकाले गाउँका सामान्य व्यक्तिले बोल्ने गरेको बोलीचालीलाई प्रयोग गरेका छन् । जस्तै : "पाल्छु भनेर मात्रै हुँदो रहेनछ ठूलेको बाउ (पृ. ५६) ।" कथामा मार्मिक घटनाको चित्रण भएकाले तदनुसारको भाषाशैली यसमा प्रयुक्त छ । यसबाहेक कथाको भाषा सरल, सहज र स्पष्ट रहेको छ ।

प्रस्तुत कथामा नौबिसे खोलामा गिट्टी कुटेर जीविकोपार्जन गरिरहेका मङ्गली र आइतेको जीवनचर्यालाई प्रस्तुत गर्दै हाम्रो देशमा यसरी गिट्टी कुटेर जीवन गुजारिरहेका नेपालीहरूको दुःखलाई प्रकट गर्नु नै यस कथाको मूल भाव हो । अनेक दुःख गर्दा पनि उनीहरूले आफ्नो पेट भर्न धौधौ परेको कुरालाई प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(२२) 'आफैंले बेचेको जीवन' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको बाईसौँ कथा 'आफैंले बेचेको जीवन' हो । कथामा प्रमुख पात्र रमेशले आफ्नो जीवनलाई एड्सको सिकार बनाएको घटना प्रस्तुत गरिएकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

साथीहरूको ढिपीमा परेर रमेश विदेशी मुलुकको कुनै डिस्कोमा जान्छ । भित्र छिरिसकेपछि रमेशका मनमा यहाँ बस्नु राम्रो होइन भनेर निस्कन लाग्दा एउटी युवतीले त्यता होइन यता आउ भनेर एउटा कोठामा लैजान्छे । कोठामा लगेर "मलाई भोग, जति सक्छौ भोग" भनेर युवतीले भनेपछि रमेशले उसलाई तिमी किन यस्तो पेसा अँगाल्न आइपुग्यौ भनेर प्रश्न गर्दछ । युवतीले आजसम्म मेरा ग्राहकहरूमध्ये तिमीले मात्र यस्तो कुरा गऱ्यौ भनेर आफ्नो अतीतको कथा सुनाउन ाल्छे । उसका हजुरबुबा नेपाली शासकले मन नपराएर भारत लखेटिएको, बुबाको जन्मपछि हजुरबुबाको मृत्यु भएको, बुबाले अनेक दुःख गरेर मलाई 'ए' लेभल पास गराएको, बुबाआमाको स्वर्ग भएको, सानो भाइलाई हुर्काउने जिम्मा आफूलाई आएको, भाइलाई पोलियो भएर अनेक उपचार गर्दा पनि भाइ नबाँचेको, आफूले भारतीयसँग बिहे गरेको र आफ्नो लोग्नेले यहाँ ल्याएर बेचेको कुरा युवतीले सुनाउँछे । युवतीको कथा एवम् ह्विस्की खाँदै जाँदा दुवै लठ्ठ हुन्छन् र शारीरिक सम्पर्क गर्छन् । त्यसको छ वर्ष पछाडि रमेशको एड्स रोगले मृत्यु भएको दुःखद घटनामा पुगेर कथा समाप्त भएको छ । कथानकीय संरचनाका आधारमा कथानकको विकासलाई छुट्ट्याउनु पर्दा रमेश साथीहरूको लहलहैमा डिस्कोमा पस्नु कथानकको आदिभाग, ऊ त्यहाँबाट बाहिर निस्कन खोज्नु, एउटी युवतीले समातेर उसलाई कोठामा लैजानु, रमेशले युवतीलाई तिमी किन यस्तो काम गर्न थाल्यौ भनी सोध्दा युवतीले आफ्नो सबै वृत्तान्त बताउनु, उनीहरूले शारीरिक सम्पर्क गर्नु आदि घटनाहरू कथानकको मध्यभाग र अन्त्यमा छ वर्ष पछाडि रमेशको एड्स रोगले मृत्यु हुनु कथानकको अन्त्यभाग हो । कथा रैखिक ढाँचामा आबद्ध छ । यसमा पनि सामाजिक विकृतिलाई कथानकको स्रोत बनाइएको छ ।

रमेश प्रस्तुत कथाको प्रमुख पात्र हो । युवती र उसका साथीहरू कथाका सहायक पात्रहरू हुन् । युवतीका हजुरबा, बाबुआमा, भाइ भने केवल स्मृतिमा आएका पात्र हुन् । रमेश स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिहीन, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने युवती पनि मञ्चीय पात्रका रूपमा कथामा उपस्थित भएकी छे । अन्य पात्रहरू भने गौण रूपमा उपस्थित भएका छन् ।

चौथो परिच्छेद

कथाको परिवेश अन्तर्राष्ट्रिय मुलुकको कुनै सहर रहेको छ। विदेशी भूमिमा पुगेका रमेशजस्ता कैयौँ युवाहरू एड्सको भागी बन्नुपरेको घटनालाई चित्रण गरिएको उक्त कथाको परिवेश विदेशी मुलुक रहेको छ। कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूद्वारा आफ्नो अनुभवलाई दर्साएर कथा लेखेकाले कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ। कथामा रमेशका अन्तर्मनमा उठेका भावहरू आन्तरिक द्वन्द्व हुन् भने युवतीले गर्नुपरेको सङ्घर्ष सामाजिक द्वन्द्व हो।

भाषाशैलीका दृष्टिकोणबाट हेर्दा प्रस्तुत कथाको भाषा सरल छ। विदेशी मुलुकका डिस्कोमा हुने गरेका विभिन्न क्रियाकलापलाई कथाकारले प्रत्यक्ष देखेझैँ प्रस्तुत गरेका छन्। कथाकारले संवादका क्रममा कथ्य एवम् विचलनशील भाषाको प्रयोग गरेका छन्। रमेश र युवतीका संवादहरूमा निकै दार्शनिकता झल्किएको छ। डिस्कोको परिवेश चित्रित भएकाले ह्विस्की, ब्लू लेबल, सोडा (पृ. ६०) आदि शब्दहरूको प्रयोग केही मात्रामा गरिएको छ।

अन्तर्राष्ट्रिय सहरमा कुनै कारणले पुगेको रमेश साथीहरूको लहलहैमा डिस्कोमा पसेर त्यहाँका युवतीहरूसँग शारीरिक सम्पर्क गरेको छ वर्षपछि एड्स रोगबाट मृत्युका मुखमा परेको घटनाबाट कुनै कामविशेष विदेश पुगेका युवाहरू एकछिनको मोजमस्तीमा रुमल्लिदा ज्यानै गुमाउन पुगेका घटनाको उद्घाटनका साथै विभिन्न बहानामा नेपाली चेलीहरूसँग विवाह गरेर लोग्ने भनाउँदाले ती युवतीलाई लगेर कोठीमा बेच्ने जस्ता नेपाली समाजमा व्याप्त घटनालाई पनि यथार्थ रूपमा कथाकारले प्रस्तुत कथाबाट देखाउन खोजेका छन्।

(२३) 'वैज्ञानिक १३६ 'ए' को डायरी' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको तेइसौँ कथा 'वैज्ञानिक १३६ 'ए' को डायरी' रहेको छ। यो कथा **समकालीन** साहित्यमा प्रकाशित भइसकेको छ। यस कथामा आजभन्दा २६०० वर्ष पछि मानववस्ती चन्द्रमामा हुने परिकल्पना गर्दै उनीहरूको नाम र क्रियाकलापको चित्रण गरिएको यस कथाको शीर्षक सार्थक बन्न पुगेको छ। यस कथालाई विज्ञान कथाको श्रेणीमा राख्न सकिन्छ।

प्रस्तुत कथा डायरीका ढाँचामा लेखिएको छ। सन् ४६६६ जनवरी १ उपशीर्षकमा पुर्खाको नाम रामबहादुर, चन्द्रप्रसाद आदि हुन्थे तर आज चन्द्रमा वस्तीमा रहेका हामीहरूको नाम १३६ 'ए'

हुने गरेको र १३६ ले पुर्खा र इतिहासको जनाउ र 'ए' ले थरलाई इङ्गित गर्दछ भनिएको छ । आजको किताब कम्प्युटर पनि हो भन्दै 'म' पात्र आज चन्द्रमाबासी भएको र हरेक कुरामा अनुसन्धान गरिरहेको कुरा कथामा उल्लेख गरिएको छ । चन्द्रमाबासी 'म' पात्रले आफ्ना प्रत्येक दिनको डायरी यस कथामा प्रस्तुत गरेको छ । यसमा कथानकीय संरचना विशृङ्खलित छ । प्रस्तुत कथाको स्रोत केवल कल्पनाशक्ति हो ।

यस कथामा 'म' पात्र अर्थात् १३६ 'ए' नै प्रमुख पात्र हो । ऊ मानवीय पात्र नभएर चन्द्रमामा बस्ने वैज्ञानिक परिकल्पित जीवविज्ञानी पात्र हो । उसले मानवका क्रियाकलापभन्दा भिन्नै खालका क्रियाकलापहरू गरेको छ । उसले खाने काम चन्द्रमामा नहुने र शरीरको आकृति पनि मानवभन्दा भिन्न हुने कुरा गरेको जानकारी दिएको छ ।

प्रस्तुत कथाको परिवेश लौकिक संसार नभएर अलौकिक संसार रहेको छ । अलौकिक संसारमा विचरण गर्ने वैज्ञानिकको दिनचर्या प्रस्तुत गरिएको यस कथाको समय आजभन्दा २६०० वर्ष पछाडि अर्थात् सन् ४६६६ सालको रहेको छ । कथामा 'म' पात्र स्वयम् उपस्थित भएर घटना वर्णन गरेकाले यो कथा प्रथम पुरुषीय दृष्टिबिन्दुमा आधारित रहेको छ ।

प्रस्तुत कथाको भाषाशैली केही जटिल रहेको छ । विज्ञानको पृष्ठभूमिमा कथा लेखिएकाले विभिन्न ठाउँमा विज्ञानसम्बन्धी भाषाशैलीको भाषाको प्रयोग भएको छ । व्यक्तिका नाम पनि १३६ 'ए', ३५१ 'वाई' जस्ता रहेका छन् भने कथा सहज बोध्य पनि छैन । पाठकलाई अलौकिक संसारमा विचरण गराउने हुँदा या कथा दन्त्यकथा जस्तो लाग्छ । यसमा अलौकिक संसारको परिकल्पना प्रस्तुत गरिएकाले पाठकमा निकै कुतूहलता पैदा हुन्छ ।

चन्द्रमण्डलमा रहेका मानिसहरूको दिनचर्याका बारेमा वर्णन गरिएकाले यस कथामा कथाकारले आजभन्दा २६०० वर्ष पछाडि मानवले चन्द्रमामा बस्ती बसाल्ने र त्यो बस्तीमा मानिसको दिनचर्याबारे प्राक्कल्पना गरी कथाकारले त्यस समयका कुरा केवल कल्पनाशक्तिका माध्यमबाट प्रस्तुत गरेका छन् । यही वैज्ञानिक परिकल्पना प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो । उक्त कथामा रोबोटले इच्छाएको बेला १३६ 'ए' ले उससँग सम्भोग नगरेको हुँदा त्यसले रुष्ट भएर विद्रोहलाई आफ्नो निर्माता १३६ 'ए' को हत्या गर्न पुग्छ । यसबाट वैज्ञानिक विकासको हानिकारक पक्षहरूको सूक्ष्म र रोचक प्रकटीकरण गर्नु नै प्रस्तुत कथाको सारवस्तु हो ।

(२४) 'साहिँली भाउजू' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको चौबीसौँ कथा 'साहिँली भाउजू' हो । कथाको सम्पूर्ण घटना साहिँली भाउजूमै केन्द्रित भएकाले यस कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

गाउँघरमा साहिँली भाउजू नामले चिनिएकी सावित्री जस्तोसुकै दुःखमा पनि दुःखी नहुने विधवा महिला हो । उसले एक मात्र आफ्नो छोराको बिहे गएको साल मात्र गरिदिएकी हो । सुखी जीवन बिताइरहेको सावित्रीको परिवार प्रजातन्त्रप्राप्तिका लागि जनआन्दोलनमा होमिएको छ । 'म' पात्र पनि आन्दोलनमा होमिएकाले ऊ बारम्बार साहिँली भाउजूकहाँ आइरहन्छ । सबै गाउँहरूले पनि उनीहरूलाई साथ दिन्छन् । छोरो जय आन्दोलनमा सहिद बन्छ तर पनि उनीहरूले हिम्मत हार्दैनन् । अन्त्यमा देशमा प्रजातन्त्र आउँछ र सरकारले सहिद परिवारलाई सहयोगको वचन दिन्छ । सावित्रीका मनमा आशा पलाउँछ । सहयोग लिन सावित्री काठमाडौँ पुग्छे । मन्त्रालयले पार्टीबाट लेखाएर ल्याउनुहोस् भनेपछि सावित्री पार्टीको ढोका ढकढक्याउन पुग्छे तर कुनै पार्टीले जय हाम्रो पार्टीको हो भनेर लगत दिँदैन । सावित्री दःखित भएर गाउँ फर्किन्छे । 'म' पात्र सावित्रीकहाँ आउँछ । निराश बनेकी सावित्रीले आफूले पाएको दुःख 'म' पात्रलाई सुनाउँछे । 'म' पात्रले सावित्रीलाई सान्त्वना दिँदै देशमा प्रजातन्त्र आए पनि नेतामा रहेको स्वार्थको जालो अझै बाँकी छ भनेर सान्त्वना दिन्छ यहीनेर कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा गाउँलेहरूले सावित्रीको प्रसंशा गर्नु कथानकको आदिभाग, उनीहरू प्रजातन्त्रका लागि आन्दोलित हुनु, छोरो जय सहिद बन्नु, देशमा प्रजातन्त्र आउनु, सहिद परिवारले सहयोग पाउने वचन पाउनु, सावित्री सहयोग लिन काठमाडौँ आउनु, कुनै पार्टीले जय पार्टीको सदस्य नरहेको बताउनु कथानकको मध्यभाग र सावित्री गाउँ फर्किनु र 'म' पात्रसँग भेट हुनु अनि सावित्रीले सबै वृत्तान्त सुनाएपछि 'म' पात्रले सावित्रीप्रति सान्त्वनाको भाव प्रकट गर्नु कथानकको अन्त्यभाग हो । रैखिक ढाँचामा आबद्ध यो कथा सामाजिक यथार्थमा आधारित छ ।

सावित्री यस कथाकी मुख्य चरित्र हो । छोरो जय, बुहारी, आन्दोलनकारी, 'म' पात्र, मन्त्रालय र पार्टीका व्यक्तिहरू, पुलिसहरू आदि कथामा सहायक चरित्रको रूपमा उपस्थित भएका छन् । सावित्री स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिशील, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने अन्य सहायक पात्रहरू केही मञ्चीय र केही नेपथ्य रूपमा उपस्थित छन् ।

कथाको परिवेश हाम्रै देशको कुनै गाउँदेखि काठमाडौँसम्मको रहेको छ । गाउँमा प्रशंसित बनेकी सावित्रीको नेतृत्वमा आन्दोलन भएको र प्रजातन्त्र आएका घटनाका साथै सावित्री सहयोग लिन काठमाडौँ आएकी र मन्त्रालय र कार्यालयको उल्लेख कथामा भएकाले कथाको परिवेश ग्रामीण र काठमाडौँली सहरिया वातावरण हो भन्न सकिन्छ । यहाँ कथाकार स्वयम् 'म' पात्रका रूपमा उपस्थित भएर कथाको घटना घटित भएकाले कथाको दृष्टिबिन्दु प्रथम पुरुषमा आधारित छ ।

भाषाशैलीय विन्यासका दृष्टिले हेर्दा प्रस्तुत कथामा तत्समबहुल भाषाको प्रयोग गरिएको छ । कथाको घटना ज्यादाजसो ग्रामीण समाजमा घटित भएकाले ग्रामीण बोलीचालीको भाषा पनि कथामा प्रशस्त मात्रामा प्रयोग गरिएको छ । आन्दोलनका घटनाको वर्णनका क्रममा वीरता र उत्साह भावलाई व्यक्त गर्ने खालका शब्दहरूको प्रयोग पनि यस कथामा भएको छ ।

कथामा सावित्रीका श्रीमान् र छोरो दुवै जना सहिद भएको र उनीहरूले सरकारबाट सहयोगको वचन पाएको तर सहयोग लिन जाँदा कुनै पार्टीले आफ्नो पार्टीको सदस्य नरहेको बताएको घटनाबाट हाम्रो समाजमा देशका लागि मरिमेट्ने सहिदहरूको पारिवारिक स्थितिको यथार्थलाई प्रस्तुत गर्दै स्वार्थपूर्ति नहोउन्जेल मात्र नेताहरू जनताको मुख ताक्ने तर स्वार्थपूर्ति भएपछि भने उनीहरूलाई नचिन्ने अवस्थामा पुग्छन् भन्ने यथार्थलाई कथाकारले यस कथामा प्रस्तुत गर्न खोजेका छन् ।

(२५) 'व्यवहार' कथाको विश्लेषण

'व्यवहार' **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहको पच्चीसौँ कथा हो । यस कथाको 'म' पात्र ससुराली जाँदा ऊ गरिब भएका कारणले ससुराली पक्षले तिरस्कृत गरेको यथार्थ व्यवहारलाई प्रस्तुत गरिएकाले यस कथाको शीर्षक सार्थक छ ।

प्रस्तुत कथाको 'म' पात्र बेलुका घर फर्किंदा उसकी श्रीमती ओछ्यानमा सिरक ओढेर रुँदै सुतेकी हुन्छे । छोरीले आमा बिरामी भएर सुतिरहनु भएको छ भन्ने कुरा बाबुलाई बताउँछे । 'म' पात्रले बिसुमतीलाई उठाउँछ र के भयो भनी सोध्छ । बिसुमतीले आफूलाई केही नभएको बताउँछे र खाना बनाउँछे । खाना खाइसकेपछि बिसुमतीले आफूलाई दिदी र आमाले होच्याएको कुरा सुनाउँछे । 'म' पात्रले पनि तिरस्कारको अनुभव गरिसकेको र केही दिन अगाडि ससुराली जाँदा आफूले पाएको तिरस्कार र साडु दाइलाई गरिएको सम्मानबारे स्मरण गर्छ । जेठो ज्वाइँ धनी भएकाले उसको ठूलो सम्मान हुने र आफू गरिब भएकाले आफ्नो सामान्य सोधपुछ पनि नहुने र उल्टै तिरस्कृत वचन सुन्नुपर्ने भएकाले अबदेखि त्यस घरमा नजाने प्रण दुवैले गर्छन् । उता छोरी निदाई भनेर 'म' पात्र र उसकी श्रीमतीले यी कुरा गरिरहेका बेला उनीहरूका सम्पूर्ण कुरा सुनेर छोरी रुन्छे र ऊ पनि मावल नजाने प्रण गर्छे र कथा पनि समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा उक्त कथाको कथानकलाई छुट्ट्याउनुपर्दा 'म' पात्र घरमा आउँदा बिसुमती सिरक ओढेर सुतिराखेकी हुनु कथानकको आदिभाग, 'म' पात्रले बिसुमतीलाई के भयो भनेर सोध्नु, बिसुमतीले माइतमा आफ्नो अपहेलना भएको कुरा सुनाउनु, 'म' पात्रले पनि ससुरालीमा तिरस्कृत हुनुपरेको कुरा स्मरण गर्नु आदि कथानकको मध्यभाग र छोरीलगायत सबैले अबदेखि त्यो घर नजाने निधो

गर्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध रहेको छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

कथाका 'म' पात्र र बिसुमती प्रमुख पात्र हुन् भने छोरी, सासू, जेठी सासू, नीरज, कान्छा, जेठान आदि सहायक पात्रका रूपमा कथामा उपस्थित भएका छन् । दुवै मुख्य पात्र स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिशील, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हुन् भने अन्य सहायक पात्रहरूमध्ये केही मञ्चीय र केही नेपथ्यमा कथामा उपस्थित भएका छन् ।

प्रस्तुत कथाको परिवेश निश्चित रूपमा नतोकिए पनि हाम्रै देशको कुनै ठाउँको हो भन्न सकिन्छ किनभने 'म' पात्र, बिसुमती र छोरी दसैँको टीका थाप्न ससुराली गएको प्रसङ्गबाट हाम्रै समाजको परिवेश यस कथामा समेटिएको छ । कथामा कथाकारले 'म' पात्र खडा गरेर कथाको घटना वर्णन गरेकाले यसमा दृष्टिबिन्दु प्रथम पुरुषीय रहेको छ ।

प्रस्तुत कथाको भाषा रोचक खालको छ । अर्कालाई होच्याउने र तिरस्कार गर्ने खालका शब्दहरू प्रशस्त मात्रामा कथामा प्रयोग गरिएका छन् । जस्तै : "कङ्गालकी स्वास्नी भएर बस्नुभन्दा बूढी कन्या भएर बस्नु रे" (पृ. ८०) । कथामा उच्च आदरदेखि निम्न आदरयुक्त भाषाको प्रयोग गरिएको छ । हजुर, साहेबदेखि "ए कान्छा यता आइज"जस्ता वाक्यहरूको प्रयोग गरिएको छ । कथा सरल भाषामा लेखिएकाले पाठकले कथाको मर्म कुनै कठिन पर्दैन ।

ससुरालीमा 'म' पात्र र बिसुमती गरिब भएकाले पाएको उपेक्षा र पैसाको रवाफ देखाउन साडुदाइलाई गरिएको व्यवहार आकाशपाताल फरक भएकाले संसारमा पैसालाई मान्ने, पैसा नै ठूलो भनेर पैसालाई व्यवहार गर्नेहरूलाई पैसा ठूलो होइन, पैसा व्यवहार चलाउने साधन हो र मानिसले आदर्श र परिश्रमपूर्वक जीवन बाँच्नु नै उत्तम हो भन्ने कुरा प्रस्तुत गर्नु नै उक्त कथाको सारवस्तु हो ।

(२६) 'रात यसरी ढल्छ' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहमा सङ्कलित छब्बीसौँ कथा 'रात यसरी ढल्छ' रहेको छ । रातभित्र केकस्ता कुकर्महरू गरिन्छन् र रातसँग सम्बन्धित भएर काम गर्नेहरू अमान्छे हुन् भनेर रातका क्रियाकलापको विश्लेषण गरिएकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

कथाअनुसार सानो बस्तीमा मान्छे-अमान्छे दुवै खालका मान्छेहरू बस्छन् । मान्छेको सङ्ख्या धेरै र अमान्छेको सङ्ख्या थोरै छ । मान्छेहरू दिनलाई मन पराउँछन् भने अमान्छेहरू रातलाई । मान्छे र अमान्छेहरूका बीच दिन र रात कुन राम्रो हो भनेर झगडा पर्छ । दिन र रात कुन राम्रो

हो छुट्ट्याउन सबै भेला भएर निचोड निकाल्न थाल्छन् । मुख्य अमान्छेले रात राम्रो हो भन्नेहरूलाई हात उठाउन लगाउँदा दुईचार हात उठ्छन् भने दिन राम्रो हो भन्नेहरूको सङ्ख्या बढी हुन्छ । केही समयपछि मुख्य व्यक्तिले दिनभन्दा रात भन्नेहरूको सङ्ख्या बढी देखियो भन्दै अँध्यारोमा जीवनगति बढाउनुपर्छ भन्ने घोषणा गरेपछि मान्छेहरूले क्रान्ति गर्छन् र अमान्छेहरूको हार हुन्छ र कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा मान्छे र अमान्छेहरूले बस्ती बसालेर बस्नु कथानकको आदिभाग, दुवैबीच झगडा पर्नु, सभामा अमान्छेहरूले धाँधली गर्नु, मान्छेहरूले क्रान्ति गर्नु कथानकको मध्यभाग र अन्त्यमा मान्छेहरूको जित हुनु कथानकको अन्त्यभाग हो । यसरी यस कथाको कथानक रैखिक ढाँचामा आबद्ध छ । यसमा पनि सामाजिक यथार्थ नै कथानकको मुख्य स्रोत हो ।

कथामा व्यक्तिसमूह पात्रहरू मान्छे र अमान्छे (निशाचर)हरूको पात्रका रूपमा रहेका छन् । यहाँ चरित्रचित्रणभन्दा बढी महत्त्व दुवै समूहबीच विकसित भएको प्रतिकूलसम्बन्ध तथा त्यसको रेखाङ्कन दिएको हुँदा यस कथालाई पात्ररहित कथा भन्न सकिन्छ । यसमा दुई परस्परविरोधी शक्तिसमूहका बीचको द्वन्द्वलाई निकै जीवन्त एवम् सशक्त पारामा प्रस्तुत गरिएको छ ।

कथाको परिवेश हाम्रै देशको कुनै गाउँको एउटा बस्ती रहेको छ । बस्तीमा असल र खराब दुवै थरी मानिसहरू रहेका छन् भने हाम्रो समाजको सामाजिक संरचनामा पनि दुवै खाले मान्छेहरू पाइने भएकाले कथाको परिवेश हाम्रै समाजको हो भन्न सकिन्छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूको सिर्जना गरी कथाको घटना घटित भएको देखाइएकाले तृतीय पुरुष दृष्टिबिन्दुमा कथा आबद्ध छ । मान्छे र अमान्छेहरूबीचको झगडा सामाजिक द्वन्द्व हो ।

प्रस्तुत कथामा मान्छेहरूले ग्रामीण समाजमा असल मान्छेहरूले बोल्ने भाषाको प्रयोग गरेका छन् भने अमान्छेहरू कसरी मान्छेलाई होच्याएर तल पार्न सकिन्छ भन्ने खालको सोचाइ राख्छन् । कथामा यसै अनुकूल भाषाको प्रयोग गरिएको छ । यसमा पनि गाउँको बोलीचालीका शब्दहरू परेका छन् ।

प्रस्तुत कथामा मान्छे र अमान्छेका बीचको झगडा दिन राम्रो कि रात राम्रो हो भन्ने विषयमा केन्द्रित छ । मान्छेहरूले दिनलाई र अमान्छेहरूले रातलाई रोजेकाले समाजमा असल व्यक्तिहरू दिनमा परिश्रम गरेर जीविका चलाउँछन् भने अमान्छेहरू रातमा अनेक प्रकारका दुष्ट कर्म गरेर जीवनयापन गर्न खोज्छन् तर अन्त्यमा असल मान्छेहरूकै जित हुन्छ भन्ने यथार्थलाई प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(२७) ‘स्वतन्त्रता’ कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको सत्ताईसौँ कथा 'स्वतन्त्रता' हो । कथाअनुसार कुनै व्यक्तिले जङ्गलबाट एउटा खरायो ल्याएर घरमा पाल्न खोजे पनि स्वतन्त्रता पूर्वक जङ्गलमा विचरण गर्ने प्राणी घरमा पाल्दा उनीहरू रमाउँदैनन् भन्ने सन्दर्भलाई समेटिएको यस कथालाई स्वतन्त्रता शीर्षक दिइएको छ र कथाको शीर्षक पनि सार्थक हुन पुगेको छ ।

कथाको 'ऊ' पात्रले जङ्गलबाट एउटा खरायो पाल्न ल्याउँछ । डोकामा थुनेर त्यसको हेरचार गर्न थाल्छ । खान, पिउन सधैँ दिन्छ तर पनि खरायो खुसी हुँदैन । खरायो डोको प्वाल पारेर भाग्न खोज्छ तर सक्दैन । बेलुका अफिसबाट फर्केर 'ऊ' पात्रले हेर्दा खरायोले डोको प्वाल पारेर भाग्न आँटेको कुरा नोकर रामेलाई बोलाएर देखाउँछ । रामेले खरायोलाई काठको खोर बनाएर राख्नुपर्ने सल्लाह दिन्छ । मालिकले खोरमा औँलो छिराएर घाँस देखाउन लाग्दा रिसाएर खरायोले उसको औँलो टोकिदिन्छ । मालिक रिसले चूर हुन्छ, उसलाई काट्छ र रामेलाई आज यसैको मासु पका भनेर ऊ कोठातिर लाग्छ, कुकुर भुइँमा चुँहेको रगत चाट्न थाल्छ भने रामे किंकर्तव्यमूढ भएर उभिइरहन्छ र कथा पनि समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा प्रस्तुत कथाको विश्लेषण गर्दा 'ऊ' पात्रले जङ्गलबाट खरायो ल्याउनु कथानकको आदिभाग, उसले खरायोको उचित रूपमा रेखदेख गर्नु, खरायो उम्किन खोज्नु, खरायोले 'ऊ' पात्रको औँलो टोक्नु कथानकको मध्यभाग हो भने 'ऊ' पात्रले खरायालाई काट्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध रहेको छ । स्वैरकल्पना यस कथाको कथानकको स्रोत रहेको छ ।

प्रस्तुत कथामा मानव र मानवेतर प्राणीहरू पात्रका रूपमा उपस्थित भएका छन् । 'ऊ' यस कथाको प्रमुख पात्र हो भने खरायो, कुकुर र रामे सहायक पात्रका रूपमा कथामा उपस्थित छन् । 'ऊ' पात्र स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिहीन, आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने अन्य सहायक पात्रहरू पनि मञ्चीय नै रहेका छन् ।

प्रस्तुत कथामा सहरिया परिवेशको चित्रण छ । सहरमा बस्ने व्यक्तिहरूको विभिन्न प्रकारका जनावरहरू पाल्ने सोख हुन्छ । यसै आधारमा प्रस्तुत कथाको परिवेश कुनै सहरको हो भन्न सकिन्छ किनभने 'ऊ' पात्र अफिस जाने गरेको कुराबाट पनि सहरिया परिवेशमा कथाको घटना घटित भएको हो भन्नुपर्छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूको सिर्जना गरी कथानकीय घटना घटित भएकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

भाषाशैलीका आधारमा प्रस्तुत कथा सरल छ । मानवेतर प्राणीहरू पनि कथाका पात्र छन् र उनीहरूले पनि मानवीय भाषा बोल्छन्, सुन्छन् र बुझ्छन् । प्राणीहरूको भाषा मानिसले बुझ्ने

खालका सङ्केतको पनि प्रयोग गरिएको यस कथामा मानवीय भाषा पनि प्राणीहरूले बुझ्ने गरेका छन् ।

'ऊ' पात्रले जङ्गली खरायो ल्याएर पाल्दा उल्टै खरायोले उसको हात टोकिदिएपछि खरायोलाई काटेर खाएको घटनाले जङ्गलमा स्वतन्त्र रूपमा विचरण गर्ने प्राणीहरूलाई घरमा ल्याएर कैद गरेर राख्नु हुन्न; स्वतन्त्र रूपमा बाँच्न पाउनु उनीहरूको प्राकृतिक अधिकार हो । आफ्नो अधिकार खोज्दा मृत्युको वरण गर्न पुगेका प्राणीहरूको अवस्थालाई पाठकसमक्ष प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(२८) 'संस्कार' कथाको विश्लेषण

'संस्कार' **तन्द्राभित्रको अतीत**मा सङ्कलित अठ्ठाइसौँ हो । प्रस्तुत कथा पहिलोपल्ट २०४६ साल कार्तिक महिनाको **मधुपर्क** पत्रिकामा प्रकाशित भएको छ । शीर्षकमा प्रयुक्त संस्कार शब्दले मानिसको स्वभावको परिचय दिन खोजिएकाले कथाको शीर्षक सार्थक हुन पुगेको छ ।

प्रस्तुत कथाको 'म' पात्रले कोठामा प्लास्टिकको ग्यालन राखेको हुन्छ । 'म' पात्रसँग भेट गर्न आउने मोटरसाइकलवाला साथीले ग्यालनमा पेट्रोल राखेको छस् कि भनेर कुरा गर्छ भने बाहुन जातको साथीले ग्यालनमा घिउ राखेको छस् कि भनेर सोध्छ । त्यस्तै मतवाली साथी आएर ग्यालनमा रक्सी पो राखेको छस् कि भनेर सोध्छ । 'म' पात्र उनीहरूको कुरा सुनेर दिक्क मान्छ किनभने ग्यालन रित्तो हुन्छ यहीँनेर कथा समाप्त हुन्छ । झिनो कथावस्तु भएको प्रस्तुत कथाको कथानकलाई कथानकीय संरचनाका आधारमा विश्लेषण गर्दा 'म' पात्रले कोठामा रित्तो ग्यालन राख्नु कथानकको आदिभाग, मोटरसाइकलवाला, बाहुन र मतवाली साथीहरूले आआफ्ना संस्कारअनुसार ग्यालनलाई औंल्याउनु कथानकको मध्यभाग र 'म' पात्रले ग्यालन रित्तो भएको खुलासा गर्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

'म' पात्र प्रस्तुत कथाको मुख्य पात्र हो भने 'म' पात्रसँग भेट गर्न आउने मोटरसाइकलवाला, बाहुन र मतवाली साथीहरू सहायक पात्रहरू हुन् । कथामा अनुकूल, वर्गीय, गतिहीन, बद्ध र मञ्चीय पात्रका रूपमा 'म' पात्रको चरित्र उपस्थित भएको छ भने अन्य पात्रहरू पनि मञ्चीय पात्रका रूपमा रहेका छन् ।

कथाको परिवेश सहरको रहेको छ । 'म' पात्र डेरामा बसेको र पेट्रोलको हाहाकार प्रायः सहरमा हुने भएकाले र कथामा यस्तै घटना घटित भएकाले कथाको परिवेश सहरको नै हो भन्न

सकिन्छ । कथामा 'म' पात्रले कथाको वर्णन गरेकाले कथाको दृष्टिबिन्दु प्रथम पुरुष शैलीमा आधारित छ ।

एकदम छोटा वाक्य र रसिला शब्दले कथाको भाषाशैली कलात्मक बनेको छ । प्रश्नोत्तरात्मक वाक्यहरूको प्रयोग गरिएको यस कथामा कथ्य र विचलनयुक्त वाक्यहरूको प्रयोग भएको छ । यो कथा पनि सरल र सहज छ । मध्यम आदरको प्रयोग गरिएको उक्त कथा भूतकालिक क्रियाको प्रयोग गरेर लेखिएको छ ।

'म' पात्रले कोठामा ग्यालन राखेको देखेर मोटरसाइकलवाला, बाहुन र मतवाली साथीहरूले त्यस रित्तो ग्यालनलाई आआफ्नो तरिकाबाट हेरेकाले संस्कारद्वारा प्रभावित व्यक्तिले कुनै वस्तु देख्यो भने आआफ्नै प्रकारले विश्लेषण गर्दछ र मान्छेको दृष्टि उसको संस्कारद्वारा निर्धारित हुन्छ भन्ने कुरा प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(२९) **'नयाँ हाकिम' कथाको विश्लेषण**

'नयाँ हाकिम' **तन्द्राभित्रको अतीत** कथासङ्ग्रहमा सङ्कलित उनन्तीसौँ कथा हो । कार्यालयमा हाकिमको सरुवा हुँदा पुरानो हाकिमको उपेक्षा र नयाँ हाकिमको स्वागत गरिने चलनलाई यस कथामा प्रस्तुत गरिएकाले कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार नयाँ हाकिमलाई स्वागत गर्न मूल ढोकामा स्वागतको भव्य तयारी भएको छ । प्रशासन प्रमुखलगायत सबै कर्मचारीले बडो खुसीसाथ नयाँ हाकिमको स्वागत गर्छन् भने पुरानो हाकिमलाई जथाभावी गाली गर्छन् । केही दिनपछाडि पुनः यो हाकिम पनि सरुवा भएर अर्को हाकिम आउँछ । पुनः स्वागत गरिन्छ र उही पहिलेकै शैलीमा नयाँ हाकिमको स्वागत र पुराना हाकिमको उपेक्षा गरिन्छ यही नै कथा पनि समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा नयाँ हाकिमलाई स्वागत गर्न तरखर गर्नु कथानकको आदिभाग, नयाँ हाकिमको भव्य स्वागत गर्नु र पुरानो हाकिमको तिरस्कार गर्नु, पुनः हाकिम सरुवा हुन लाग्नु आदि कथानकको मध्यभाग र पुनः नयाँ हाकिमको स्वागत र पुरानो हाकिमको उपेक्षा गर्नु कथानकको अन्त्यभाग हो । कथा रैखिक ढाँचामा आबद्ध छ । हाम्रो सामाजिक यथार्थ र प्रशासनिक विकृतिलाई समेट्दै यसका कथानक निर्माण गरिएको छ ।

प्रशासनिक कार्यालयका सम्पूर्ण कर्मचारीहरू नै यस कथाका मुख्य पात्र हुन् भने स्वागत गरिने हाकिम सहायक पात्र हुन् । यसका सबै कर्मचारी गतिहीन र व्यक्तिगत पात्रहरू हुन् भने मञ्चमा उपस्थित भएर कार्यव्यापार गरेकाले मञ्चीय पात्र पनि हुन् । सहायक हाकिम पनि मञ्चीय पात्र हुन् । कथामा स्वभावका आधारमा सबै पात्र अनुकूल रहेका छन् ।

कथाको परिवेश हाम्रै देशको कुनै कार्यालय रहेको छ । हाकिमहरू कार्यालयमा सरुवा हुँदाका पृष्ठभूमिमा कर्मचारीहरूको चरित्रलाई कथामा चित्रण गरिएकाले कथाको परिवेश हाम्रै देशको कुनै प्रशासनिक कार्यालय हो भन्न सकिन्छ । कथामा कथाकारले पात्रहरूका माध्यमबाट कथानक घटित भएको देखाइएकाले यो कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ ।

कथाको भाषाशैली सरल छ । यसमा छोटो र झिनो कथावस्तु छ । प्रशासनिक कार्यालयसम्बन्धी विषयवस्तु भएकाले यससम्बन्धी अनेक शब्दहरूको प्रयोग अधिक मात्रामा गरिएको छ । हजुर, उहाँ जस्ता उच्च आदर जनाउने शब्दहरूको प्रयोग गरिएको उक्त कथाको भाषा सरल, सहज र स्पष्ट रहेको छ ।

प्रस्तुत कथामा प्रशासनिक क्षेत्रका कर्मचारीहरूले नयाँ हाकिमको भव्य स्वागत गर्ने र पुरानो हाकिमलाई जथाभावी गाली गर्ने प्रवृत्तिको चित्रण गरिएको छ । नयाँ हाकिमको भव्य स्वागत गर्दा हाकिम खुसी हुने र आफ्ना निम्ति भ्रष्टाचार गर्न सजिलो हुने कुराको खुलासाका साथै हाम्रो देशका प्रशासनिक कार्यालयमा घटित हुने विकृति र विसङ्गतिलाई पाठकसमक्ष यथार्थ रूपमा प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(३०) **'विश्वास' कथाको विश्लेषण**

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको तीसौँ कथा 'विश्वास' हो । खराब कुरालाई पनि विश्वास गर्दा राम्रो हुन्छ भन्ने कुरालाई प्रस्तुत कथामा चित्रण गरिएकाले यस कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार 'ऊ' पात्र रक्सीले मातेर बाटामा लड्दा उसको टाउकामा चोट लागेर ढुङ्गामा रगत लाग्छ । ऊ अचेत रहेको अवस्थामा त्यस मान्छेको मुखमा आएर कुकुरले पिसाब फेरिदिन्छ । कुकुरको पिसाब चिसो भएकाले 'ऊ' पात्र ब्युँझिन्छ र कुकुरलाई खेद्छ । त्यही बाटो भएर आएका केही बटुवाहरूले रातो र चिसो ढुङ्गालाई देखेर कुनै देवीदेवताको स्थान रहेछ र कसैले जल चढाएर अर्घ्य दिएको रहेछ भन्ने अनुमान गर्दै यो त देवीको मूर्ति हो भन्ने निधो गरी पूजा गर्छन् र वर मागी र हिँड्छन् । यहीँ कथा समाप्त भएको छ । कथानकीय संरचनाका आधारमा 'ऊ' पात्र रक्सी खाएर बाटामा लड्नु, ढुङ्गामा ठोक्किएर उसको टाउकोमा चोट लाग्नु कथानकको आदिभाग, ढुङ्गामा रगत लाग्नु, एउटा कुकुरले उसको शरीरमा पिसाफ फेर्नु, बटुवाहरू आउनु र उनीहरूले ढुङ्गालाई देवीको मूर्ति ठान्नु कथानकको मध्यभाग र बटुवाहरूले ढुङ्गालाई देवीको मूर्ति ठानेर पूजा गरी वर मागेर हिँड्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सांस्कृतिक विकृति यस कथाको कथानकको स्रोत हो ।

'ऊ' यस कथाको मुख्य पात्र हो । कुकुर र बटुवाहरू सहायक पात्रका रूपमा कथामा उपस्थित भएका छन् । कथामा 'ऊ' पात्र खराब चरित्रका रूपमा उपस्थित भएको छ । जीवनचेतनाका आधारमा वर्गीय र आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा 'ऊ' पात्र चित्रित छ । कुकुर र बटुवाहरू पनि कथामा मञ्चीय पात्रका रूपमा उपस्थित भएका छन् ।

कथाको परिवेश हाम्रै समाज रहेको छ । हाम्रो देशमा ढुङ्गालाई देवता मान्ने र पूजा गर्ने गरेको हुनाले र कथामा पनि यस्तै घटना घटित भएको देखाइएकाले कथाको परिवेश हाम्रै समाजको हो भन्न सकिन्छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूको सहायता लिई घटना घटित गराएकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दु रहेको छ ।

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत कथाको भाषा सरल देखिन्छ । सङ्क्षिप्त आयाममा झिनो विषयवस्तु प्रस्तुत भएको उक्त कथामा भूतकालिक क्रियाका वाक्यहरू प्रयोग गरिएका छन् । यस कथामा तत्सम शब्दहरू सापेक्ष रूपमा धेरै मात्रामा प्रयोग गरिएका छन् । घृणाभाव जनाउने शब्दहरू पनि केही मात्रामा प्रयोग गरिएका छन् ।

जँड्याहा लडेर ढुङ्गामा रगत लागेको र कुकुरले आएर पिसाब फेरेको ढुङ्गालाई बटुवाहरूले देवीको मूर्ति भनी पूजा गरेको घटना सन्दर्भबाट समाज आध्यात्मिक शक्तिबाट प्रभावित भएको छ र देवीदेवतामा धेरै विश्वास राख्दै आएको छ भन्ने तथ्यलाई उक्त कथाले देखाउन खोजेको छ ।

(३१) 'बुबा' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहमा सङ्कलित एकतीसौँ कथा 'बुबा' हो । प्रस्तुत कथामा 'ऊ' पात्रले आफ्ना बुबाको खोजी गरेको घटना घटित भएको देखाइएकोले कथाको शीर्षक सार्थक रहेको छ ।

'ऊ' पात्र ३ वर्षको हुँदा उसका बाबुको मृत्यु भएको थियो । हजुरआमालाई बुबा कस्तो हुनुहुन्थ्यो भनेर 'ऊ' पात्रले सोध्दा तँ जस्तै हुनुहुन्थ्यो भनेर उत्तर दिन्छिन् । हजुरआमाले 'ऊ' पात्र ३ वर्षको हुँदा उसको बाबुको मृत्यु भएको, उसले बाबुको खोजी गरेको, बाबु पैसा कमाउन सहर जानुभएको छ भनेर ढाँटेको, उसलाई साइकल र किताब किनिदिएपछि मात्र उसले बाबुको खोजी गर्न छाडेको कुरा सुनाउँछिन् । 'ऊ' पात्र आफ्नो बाल्यकालका क्रियाकलाप सुनेर आश्चर्य मान्छ । आज 'ऊ' पात्र गाउँ छोडेर सहरबासी भएको छ । उसलाई आफ्ना बाबुको मृत्यु भएको भन्ने कुरा राम्ररी थाहा भए पनि सहरको भीडभाडमा ठूलो निधार, लामो नाक, सलक्क परेका जुँगा, ठूलाठूला आँखा, टम्म मिलेका दाँत, गहुँगोरो अनुहार परेको शरीर देख्दा ऊ बाबु नै हो कि भनेर एकोरिएर

हेर्छ । यहीनेर कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा 'ऊ' पात्र ३ वर्षका हुँदा उसको बाबुको मृत्यु हुनु कथानकको आदिभाग, हजुरआमाले 'ऊ' पात्रका बाल्यकालीन स्वभाव र उसले बाबुको खोजी गरेको घटना सुनाउनु कथानकको मध्यभाग र 'ऊ' पात्रले सहरमा हजुरआमाले भनेजस्तै मान्छे देखेर बाबु नै हो कि भनेर एकोरिएर हेर्नु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । कथामा संस्मरणात्मक शैलीको पनि प्रयोग गरिएको छ । यस कथाको कथानकको स्रोत पनि सामाजिक यथार्थ नै रहेको छ ।

प्रस्तुत कथाको 'ऊ' प्रमुख पात्र हो भने हजुरआमा, आमा, साइकल ल्याइदिने मान्छे, मलामीहरू आदि सहायक पात्रहरू हुन् । 'ऊ' पात्र स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिशील, बद्ध र मञ्चीय पात्र हो भने सहायक भूमिकामा रहेका केही पात्र मञ्चीय र केही नेपथ्य भागमा उपस्थित भएका छन् ।

कथाको परिवेश हाम्रै समाज रहेको छ । समाजमा मृत्यु भएका व्यक्तिलाई डढाउने, मलामीहरूले नुहाउने आदि कार्य गर्ने चलन छ र यस कथामा पनि यस्तै घटना घटित भएको देखाइएको छ । कथामा कथाकार स्वयम् उपस्थित नभई विभिन्न पात्रहरूको सिर्जना गरी घटनाको वर्णन गरिएकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ । विगतका कुराहरूलाई संस्मरणका रूपमा कथामा प्रस्तुत गरिएकाले यस संस्मरणात्मक शैलीको प्रयोग पनि देखिन्छ ।

कथाको भाषाशैली सरल प्रकारको छ । बालस्वभावको वर्णन गर्दा भूतकालिक क्रियाको प्रयोग गरिएको छ । कथामा अनुकरणात्मक शब्दहरू पनि केही मात्रामा परेका छन् । प्रश्नात्मक वाक्यहरू पनि केही मात्रामा प्रयोग भएका छन् । कथाको संवादका क्रममा कथ्य भाषाको प्रयोग अधिक मात्रामा गरिएको छ । समग्रमा भन्दा कथाको भाषा सरल, सहज, र स्पष्ट रहेको छ ।

प्रस्तुत कथा बालमनोवैज्ञानिक कथा पनि हो । ३ वर्षको उमेरमा ऊ पात्रको बाबु मरेपछि बालस्वभावअनुसार बाबुको खोजी गर्दा बाबा सहरमा भएको भनी झुट बोलेको र उसलाई साइकल र किताब बाबुले पठाइदिएको भनेर ढाँटेको कुराबाट बाल्यकालमा बालमस्तिष्कमा असर पर्ने कुनै पनि खालका कुराहरू उनीहरूका अगाडि गर्नुहुँदैन र उनीहरूलाई यस्ता कुराहरूबाट जोगाउन सकियो भने मात्र उनीहरूको जीवन सफल हुन्छ भन्ने कुरालाई प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(३२) 'कर्फ्यू' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको बत्तीसौँ क्रममा 'कर्फ्यू' कथा रहेको छ । 'कर्फ्यू' शब्दले शान्त वातावरणलाई सङ्केत गरिएकाले कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार आज ६ बजेदेखि कर्फ्यू लाग्दै छ भनेर एक्कासि रेडियोबाट समाचार सुनाइएपछि कोही मान्छे पनि आफ्नो गन्तव्यस्थल पुग्न पाउँदैनन् । सडकसँग जोडिएको एउटा सानो घरमा दूधे बालक र आमा मात्र रहेका हुन्छन् । बालकलाई भोक लागेर रुन थाल्छ । आमाले आफ्नो दूध ख्वाउँदा पनि बालक नफुलिएपछि उसकी आमाले बुबाले खानेकुरा लिएर आउने कुरा गर्छे तर बालक अबोध भएकाले उसले आमाको कुरा बुझ्न सक्दैन । यसैबेला बर्दीधारीले आएर हल्ला नगर्ने चेतावनी दिन्छ । बाबु बेलैमा घर नआइपुगेबाट बच्चाकी आमाले पल्लो घरबाट खानेकुरा पैँचौ मागेर ल्याउन बालक बोकेर बाहिर निस्कन्छे । आमा बिस्तारै निस्केकी भए पनि बाटामा निस्केपछि बालक रुन्छ । यसैबेला आमा र छोराको ज्यान बन्दुकको गोलीले लिन्छ । यो खबर भोलिपल्ट पत्रिकामा छापिएपछि सहर नै आन्दोलनमा उत्रिन्छ र यहीँ कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा ६ बजेदेखि कर्फ्यू लाग्छ भनेर रेडियोबाट सूचना प्रसारण हुनु कथानकको आदिभाग, सडकसँग जोडिएको सानो घरमा बालक रुनु, बाबु खानेकुरा लिएर आइनपुग्नु, पल्लो घरमा पैँचो माग्न आमा बालक लिएर बाहिर निस्कँदा बर्दीधारीले गोली हान्नु कथानकको मध्यभाग र भोलिपल्ट यो खबर पत्रिकामा छापिएपछि सहर नै आन्दोलनमा उत्रिनु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको मुख्य स्रोत रहेको छ ।

प्रस्तुत कथामा आमा र दूधे बालक मुख्य पात्रका रूपमा उपस्थित भएका छन् भने बालकको बाबु, पुलिसहरू, छिमेकी, जनता कुकुर आदि सहायक पात्रका रूपमा कथामा उपस्थित भएका छन् । आमा र बालक दुवै पात्र स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारम वर्गीय, प्रवृत्तिका आधारमा गतिहीन, बद्ध र मञ्चीय पात्र हुन् भने सहायक पात्रहरूमध्ये केही मञ्चीय र केही गौण भूमिकामा कथामा उपस्थित छन् ।

कथाको हाम्रै देशको कुनै सहर रहेको छ । सहरमा कर्फ्यु लागेको बेला बालकलाई केही खानेकुरा माग्न छिमेकीकहाँ जाँदा प्रहरीको गोलीबाट आमा र बालकको मृत्यु भएको घटना कथामा देखाइएको छ । कथामा कथाकार स्वयम् उपस्थित नभई विभिन्न पात्रहरूको सिर्जना गरी कथाकारले कथ्य विषयवस्तुलाई प्रस्तुत गरेकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ ।

कथाको भाषाशैली सरल प्रकारको छ । कथामा अनुकरणात्मक शब्दहरू पनि केही मात्रामा परेका छन् । प्रश्नात्मक वाक्यहरू पनि केही मात्रामा प्रयोग भएका छन् । कथाको संवादका क्रममा कथ्य भाषाको प्रयोग अधिक मात्रामा गरिएको छ । समग्रमा भन्दा कथाको भाषा सरल, सहज, र स्पष्ट रहेको छ ।

कथामा सहरमा कर्फ्यू लागेको बेला कुनै एउटा सानो घरमा बालक भोक लागेर रुन थालेपछि बालकको बाबु पनि घरमा नआइपुगेको अवस्थामा बालककी आमा छिमेकीकहाँ खानेकुरा पैँचो माग्न जाँदा बालक र आमाको बीच बाटोमा प्रहरीको गोलीबाट मृत्यु भएको घटनाबाट सहरको वास्तविक यथार्थलाई देखाउनु प्रस्तुत कथाको सारवस्तु हो ।

(३३) 'एक गते' कथाको विश्लेषण

तन्दाभित्रको अतीत कथासङ्ग्रहको तेत्तीसौँ कथा 'एक गते' हो । यस कथाको मुख्य पात्र सतीशले प्रत्येक महिनाको १ गते तलब पाउने गरेको र सो तलबले आफ्नो घरपरिवार धान्न नसकिरहेको अवस्थालाई दर्साइएकाले कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार सतीश शाखा अधिकृतको जागिर खान्छ र उसले मासिक तलब रु. ६००।– प्रत्येक महिनाको १ गते पाउँछ पैसा लिएर ऊ घरतिर लाग्छ । ऊ बाटामा पैसाले केके किन्ने भनेर सोच्न थाल्छ । चामल, दाल, तेल, घरभाँडा आदिका साथै छोरालाई दूध र श्रीमतीलाई लुगा, आफूलाई पनि केही किन्नुपर्ने अवस्थाबारे विचार गर्दै पैसाको भाग लगाउँछ तर कतै पुग्दैन । उसले अधिकृत हुँदा लिएको सापटी तिरेको हुँदैन । फेरि दसैँ आउन लागेकाले यो पैसाले यी यावत् समस्याहरू कसरी टार्ने भन्दाभन्दै ऊ घर पुगेको र घरमा केही नभएको कुरा उसकी श्रीमतीले गर्छे । उता छोरी "बा भोक लाग्यो" भनी रोइरहेकी हुन्छे । छोरी नरोऊ भन्दै उसले श्रीमतीलाई अँगालो हाल्न खोज्दा टाउको ठोकिन्छ र ऊ व्युँझिन्छ । झल्यास्स हेर्दा त बिजुलीको खम्बालाई अँगालो हालेको देखेर आफू आफैँसँग लज्जित हुँदै १ गतेलाई सराप्दै ऊ घरतिर लाग्छ र यहीँ कथा टुङ्गिन्छ । कथानकीय संरचनाका आधारमा यस कथालाई हेर्दा सतीशले अफिसबाट महिनाको ६००।- रुपियाँ लिएर घरतिर लाग्नु कथानकको आदिभाग, बाटामा अनेक कुराहरू सोच्नु कथानकको मध्यभाग र अन्त्यमा बिजुलीको खम्बामा ठोक्किदा यथास्थितिमा आएर १ गतेलाई धिक्कार्दै घरतिर लाग्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थलाई नै प्रस्तुत कथाको कथानकको स्रोत बनाइएको छ । कथामा संस्मरणात्मक शैलीलाई पनि उपयोग गरिएको छ ।

प्रस्तुत कथामा सतीश मात्र प्रमुख पात्रका रूपमा उपस्थित भएको छ र उसको संस्मरणमा आएका उसकी श्रीमती र छोरी गौण पात्रहरू हुन् । सतीश स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा वर्गीय, प्रवृत्तिका आधारमा गतिहीन, बद्ध र मञ्चीय पात्र हो ।

प्रस्तुत कथाको परिवेश काठमाडौँ सहरको रहेको छ । कथामा संस्मरणका क्रममा सतीशले उसकी श्रीमतीलाई सम्झन पुग्दा उसकी श्रीमतीले यो महँगो काठमाडौँमा हामीजस्ता मान्छे बाँच्न

सक्दैनौँ भनेको स्मरण गर्न पुग्छ । यस वाक्यमा काठमाडौँ शब्द प्रयोग भएकाले कथाको परिवेश काठमाडौँ नै हो भन्न सकिन्छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूको सिर्जना गरी कथ्य विषयलाई प्रस्तुत गरेकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ । अतीतका घटना र सम्भावित भवितव्यलाई स्मरण गरेर यो कथा लेखिएको छ ।

प्रस्तुत कथाको भाषाशैली सरल प्रकारको छ । यो कथा भूतिकालिक क्रियामा लेखिएको छ । कथामा सतीशले अर्धचेतन अवस्थामा दोस्रो व्यक्तिबिना पनि संवाद गरेको छ । कथामा प्रायः तत्सम शब्दहरू नै अधिक मात्रामा प्रयोग गरिएका छन् ।

सतीशले मासिक तलब महिनाको १ गते पाएको र सो तलबले केके गर्ने भन्ने कुरा बाटामा सोच्दा उसको कुनै पनि समस्या हल नहुने अवस्थाको चित्रण गरिएबाट काठमाडौँमा न्यून तलब भएका कर्मचारीको यथार्थ अवस्थालाई प्रस्तुत कथाका माध्यमबाट कथाकारले पाठकसमक्ष राख्ने प्रयास गरेका छन् ।

(३४) **'कार्यसिद्धि' कथाको विश्लेषण**

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको चौतीसौँ क्रममा रहेको कथा 'कार्यसिद्धि' हो । यस कथामा माइला भन्ने पात्रले घूस ख्वाएपछि मात्र उसको उसको कार्यसिद्धि भएको सन्दर्भ प्रस्तुत गरिएकाले कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार माइला गाउँबाट जग्गाको नामसारी गर्न सरहमा आएको हुन्छ । उसकै गाउँबाट अर्का पण्डितबाजे पनि आएका हुन्छन् । बाजेले माइलालाई किन आएको भनेर सोध्दा माइलाले आएको ६ दिन भयो केही काम भएको छैन भन्दा बाजेले माइलालाई छिटो काम गर्ने उपाय बताइदिन्छन् । भोलिपल्ट माइलाले फाँटवालाको हातमा ५००।- थमाइएपछि उसको काम फटाफट हुन्छ । कथा पनि यहीँ समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा प्रस्तुत कथालाई विश्लेषण गर्दा माइला गाउँबाट सहरमा जग्गा नामसारी गर्न आउनु कथानकको आदिभाग, बाजेसँग उसको भेट हुनु, बाजेले माइलालाई कामका बारेमा सोधेर छिटो काम गर्ने तरिका बताउनु कथानकको मध्यभाग र माइलाले फाँटवालालाई ५००।- दिएपछि उसको काम फटाफट हुनु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

प्रस्तुत कथाको माइला प्रमुख पात्र हो भने बाजे र फाँटवाला सहायक पात्र हुन् । माइला स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा वर्गीय, प्रवृत्तिका आधारमा गतिहीन, बद्ध र मञ्चीय पात्र हो भने बाजे र फाँटवाला पनि मञ्चीय पात्रहरू नै हुन् ।

कथाको परिवेश हाम्रै देशको कुनै सहर रहेको छ । माइला गाउँबाट सहरमा आएको र ऊ सहरमा बस्दा दिनको ५० खर्च भएको सन्दर्भले कथाको परिवेश सहर नै रहेको कुरा प्रमाणित हुन्छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर पात्रहरूका माध्यमबाट कथ्य विषय प्रस्तुत गरिएकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ ।

प्रस्तुत कथामा संवादात्मक शैलीको प्रयोग गरिएको छ । प्रश्नोत्तरात्मक शैलीमा लेखिएको यस कथामा तत्सम शब्दहरूकै प्रयोग ज्यादा देखिन्छ । यस कथाको भाषा पनि सरल, सहज छ ।

माइलाले बाजेबाट काम गराउने उपाय जानेपछि उसले फाँटवालालाई ५००।- घूस ख्वाएको र उसको काम तुरुन्त भएको घटनाबाट हाम्रो देशका प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उदाङ्ग पार्ने लक्ष्य नै यस कथामा कथाकारको रहेको देखिन्छ ।

(३५) 'बाँच्नका लागि' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको पैतीसौं क्रममा 'बाँच्नका लागि' कथा रहेको छ । यस कथामा मानिसले परिस्थितिअनुसार जस्तो पनि काम गर्नुपर्छ भन्ने कुरा दर्साइएकोले यस कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार सानामा गोविन्दलाई धेरै माया गर्ने गङ्गे जैसी सानैदेखि दुःख पाएको, उसले मगर्नी भगाएर ल्याएको र घरजम गरेर बसेको, गाउँले जनताले उसलाई हेला गरेको, एकदिन उसकी एउटा बच्चाकी आमा बनिसकेकी स्वास्नी पोइल गएको र त्यही घटनाले मर्माहत बनेर दाङको आमपुरा गाउँबाट भागेर काठमाडौं आएको अवस्थामा गोविन्द उपाध्यायले अफिस जाँदा रत्नपार्कको दोबाटोमा देख्छ । गोविन्दप्रसादको गाउँले काका ज्योतिषी बनेर बोर्डमा ज्यो. पण्डित गङ्गाधर शास्त्री लेखेर बसेको देखी आश्चर्य मान्दै गोविन्द गङ्गे भएतिर जान्छ । कुनै व्यक्तिले ज्योतिष हेराइरहेको हुँदा गोविन्द उभिन्छ । त्यस व्यक्तिको हात हेरिसकेपछि आफ्नो हात हेरिदिन आग्रह गोविन्दले गरेपछि उसले के हेरिदिनु भन्दा मेरो मान्छे दाङको आमपुराबाट पन्ध्र वर्ष अगाडि हराएको कुरा गर्छ । यो सुनेर आश्चर्य मान्दै तिमी को हौ ? भन्दा आफू भीमप्रसादको छोरो गोविन्दप्रसाद हुँ भनेर परिचय दिएपछि गङ्गाप्रसादले उसलाई अँगालो मार्छ र कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा गोविन्दले दाङको आमपुराबाट भागेर आएको गङ्गे जैसीलाई देख्नु रत्नपार्कमा देख्नु कथानकको आदिभाग, गोविन्दले गङ्गे जैसीको अतीतको स्मरण गर्नु, उससँग हात हेराउने निहुँ गर्नु र गङ्गे जैसीकै बारेमा सोध्नु कथानकको मध्यभाग हो भने अन्त्यमा गोविन्दले आफ्नो परिचय दिएपछि गङ्गे जैसीले उसलाई अँगालो मार्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै कथानकको स्रोत रहेको छ ।

प्रस्तुत कथाको गङ्गे जैसी प्रमुख पात्र हो भने गोविन्दप्रसाद र ज्योतिष हेराउने मान्छे सहायक पात्र हुन् । गङ्गे जैसी स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, गतिशील, बद्ध र मञ्चीय पात्र हो भने सहायक पात्रमध्ये गोविन्दप्रसाद चाहिँ मञ्चीय पात्र हो ।

प्रस्तुत कथाको परिवेश दाङको आमपुरा गाउँदेखि काठमाडौँसम्मको रहेको छ । गङ्गे जैसी र गोविन्दको घर दाङ भएको र उनीहरू काठमाडौँको रत्नपार्कमा भेट भएको प्रसङ्गले दाङदेखि काठमाडौँसम्मको परिवेशमा कथानकको घटना घटित भएको देखाइएको छ । कथामा कथाकार उपस्थित नभएर विभिन्न पात्रहरूका माध्यमबाट कथ्य विषयलाई प्रस्तुत गरिएको यस कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

भाषाशैलीका आधारमा तत्सम बहुल शब्दहरूको प्रयोग एवम् कथ्य र विचलनशीलयुक्त वाक्यहरू कथामा प्रशस्त मात्रामा प्रयोग गरिएका छन् । यसमा विभिन्न प्रश्नात्मक वाक्यहरू पनि प्रयोग गरिएका छन् । यस कथामा गोविन्दले गङ्गे जैसीको विगत स्मरण गरेकाले संस्मरणात्मक शैली पनि अँगालिएको छ ।

दाङको आमपुराबाट विरक्तिएर काठमाडौँमा ज्योतिषी बनेर जीवनयापन गरिरहेको गङ्गे जैसीको चरित्रचित्रणबाट मानिसले जीवनयापन गर्न जस्तोसुकै काम गर्नुपर्छ भन्दै काठमाडौँका चोकगल्लीमा ज्योतिषी बनेर आफूलाई चिनाउने व्यक्तिहरूमध्ये कतिपय सच्चा ज्योतिषी नभएर जीवनयापनका निमित्त त्यस्तो पेसा अँगालेर बसेका पनि हुन सक्छन् भन्ने यथार्थतालाई प्रस्ट पार्नु नै प्रस्तुत कथाको सारवस्तु हो ।

(३६) **‘चाकडी अधुरै रह्यो’ कथाको विश्लेषण**

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको छत्तीसौँ क्रममा ‘चाकडी अधुरै रह्यो’ कथा रहेको छ । कथाको रञ्जनप्रसादले नयाँ प्रमुखलाई रिझाउनका निम्ति भव्य स्वागत गर्ने बन्दोबस्त मिलाए तापनि अन्त्यमा प्रमुख सवारी नहुने कुरा थाहा पाएर पश्चाताप गर्न पुगेको कुरालाई ‘चाकरी अधुरै रह्यो’ शीर्षकबाट अभिव्यक्त गरिएकाले कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार रञ्जनप्रसादले प्रमुखको स्वागतार्थ गेटमा कलश राख्नेदेखि लिएर मिठाइ मगाउने, स्वस्तिवाचन गर्ने, सबै कर्मचारीले पुष्पगुच्छा लिएर स्वागत गर्ने योजना मिलाउँछ । प्रमुखलाई खुसी पारियो भने केही लाभ गर्न सकिने मनसायले उसले प्रमुखको भव्य स्वागत गर्ने तयारी गरेको हुन्छ । सबै कर्मचारीहरूलाई विभिन्न कार्यमा संलग्न गराएर प्रमुखको सवारीको

घडीलाई पर्खिरहेका बेला कालो टोयटामा कोही व्यक्ति आउँछ र सोही व्यक्तिलाई हतारहतार स्वागत गरिन्छ । आगन्तुक अलिक हडबडाउँदै आफूले लाएको माला उतार्दै आफू प्रमुख नभएर प्रमुखको स्वकीय सचिव भएको र आज प्रमुखको सवारी नहुने जानकारी दिन आएको भनेपछि रञ्जनप्रसादलगायत सबै कर्मचारीहरू जिल्ल पर्दछन् र यहीनेर कथा पनि समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा रञ्जनप्रसादले प्रमुखको स्वागतको भव्य तयारी गर्न थाल्नु कथानकको आदिभाग, कार्यालयका अरू कर्मचारीहरूलाई स्वागतार्थ विभिन्न काममा खटाउनु, गेटमा पुष्पगुच्छा लिएर स्वागत गर्न तयार रहनु, प्रमुखको आगमनको घडी पर्खेर बस्नु आदि कथानकको मध्यभाग र टोयटाबाट उत्रिएको व्यक्तिलाई प्रमुख ठानेर स्वागत गर्नु र आगन्तुक व्यक्तिले आफू प्रमुख नभएर प्रमुखको स्वकीय सचिव भएको बताएपछि सबै कर्मचारी जिल्ल पर्नु कथानकको अन्त्यभाग हो । प्रस्तुत कथा रैखिक ढाँचामा आबद्ध छ । यो कथा पनि सामाजिक यथार्थमै आधारित छ ।

प्रस्तुत कथाका रञ्जनप्रसाद प्रमुख पात्र हो भने रामबहादुर, कृष्णप्रसाद, ओमभक्त, शेषनारायण, राजभाइ, कृष्णप्रसाद, पियन, प्रमुख र प्रमुखको स्वकीय सचिव सहायक पात्रका रूपमा कथामा उपस्थित भएका छन् । कथामा अनुकूल, व्यक्तिगत, गतिहीन, बद्ध र मञ्चीय पात्रका रूपमा रञ्जनप्रसाद देखिएको छ भने अन्य सहायक पात्रहरूमध्ये केही मञ्चीय र केही नेपथ्य रूपमा आएका छन् ।

कथामा कुनै प्रशासकको स्वागत गर्नका लागि कर्मचारीहरू तयार भएको घटना घटित भएको र सो घटना प्रशासनिक क्षेत्रको भएकाले हाम्रै देशको प्रशासनिक कार्यालयको परिवेश कथामा प्रस्तुत भएको छ । कथाकार कथामा स्वयम् उपस्थित नभई विभिन्न पात्रहरूका माध्यमबाट कथ्य विषय प्रस्तुत गरिएकाले कथामा तृतीय पुरुष दृष्टिबिन्दु प्रयुक्त छ ।

कथाको भाषाशैलीलाई हेर्दा यस कथामा तत्सम बहुल शब्दावलीको प्रयोग गरिएको छ । कथामा प्रश्नात्मक वाक्यहरू पनि प्रयोग गरिएका छन् । प्रस्तुत कथामा केही घटनाहरू संस्मरणात्मक शैलीमा अगाडि बढाइएका छन् । कथा भूतकालिक क्रियामा प्रस्तुत छ ।

रञ्जनप्रसादले विभिन्न कर्मचारीहरूलाई प्रमुखको स्वागतका लागि खटाएको र स्वागत गरिएपछि प्रमुख खुसी भएर सानोतिनो कुरामा अन्य कर्मचारीलाई दुःख नदिने परिकल्पना गरिएको यस कथामा प्रशासनिक क्षेत्रमा रहेका विकृति र विसङ्गति एवम् प्रमुख खुसी भएको खण्डमा कार्यालयका कर्मचारीले गर्ने गरेका दुष्कर्महरू मिनाहा गरिदिने चलन रहेको कुरालाई कथाका माध्यमबाट पाठकसमक्ष प्रस्तुत गर्नु नै कथाकारको अभीष्ट हो ।

(३७) 'हलेदोलाई चिनेपछि' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको सैतीसौँ कथाको क्रममा 'हलेदोलाई चिनेपछि' कथा रहेको छ । यस कथाको शीर्षक व्यङ्ग्यात्मक छ । हलेदोलाई कोट्याएपछि पहेँलो देखिएजस्तै मान्छेको स्वभाव थाहा पाएपछि किन उसलाई चलाउनू भन्ने अर्थ उक्त कथाको शीर्षकले अभिव्यञ्जित गरेकाले कथाको शीर्षक सार्थक छ ।

कथाअनुसार एस्. एल्. सी. उत्तीर्ण गर्न नसकेर गाउँबाट काठमाडौँ पसेको सिँगाने कान्छो आज कुनै पत्रिकाको सम्पादक बनेको छ । कथाको 'म' पात्रले उसलाई भेट्दा उसले आफ्नो पत्रिका दिँदै विकास एन्ड निकास कम्पनीको जी. एम्. को समाचार पढ्न अनुरोध गर्छ र सो समाचारप्रति स्पष्टीकरण दिन्छ । जी. एम्. ले भ्रष्टाचार गरेकाले उसलाई कारबाही गरियोस् भन्ने समाचार देखाउँदै दसैँमा विज्ञापन नदिएका कारण यो समाचार छापेको कुरा गर्छ । दुवै जना रेस्टुँरातिर जान्छन् र टन्न रक्सी खाएर डेरातिर लाग्छन् । केही दिन पछाडि 'म' पात्रको हातमा त्यसै पत्रिकाको अर्को अङ्क हात पर्छ । त्यस अङ्कको पहिलो पृष्ठ पढ्दा 'म' पात्रले जी. एम्. एक इमानदार, नैतिकवान् र कुशल व्यक्ति हुन् तर भूलवश अघिल्लो अङ्कमा उहाँको नकारात्मक समाचार छापिन गएकामा खेद व्यक्त गरेको समाचार पढ्छ र हलेदो चिनेपछि किन कोट्याउनु भन्छ । यहीनेर कथा समाप्त हुन्छ । कथानकीय संरचनामा आधारमा गाउँबाट आएको सिँगाने कान्छो सहरमा कुनै पत्रिकाको सम्पादक बन्नु कथानकको आदिभाग, 'म' पात्र र सिँगाने कान्छाको भेट हुनु, आफू सम्पादक भएको भन्दै पत्रिका पढ्न दिनु, पत्रिकामा जी्. एम्. का बारेको समाचारको विश्लेषण गर्नु आदि घटना कथानकको मध्यभाग हो भने 'म' पात्रले अर्को अङ्कमा जी. एम्. बारे सकारात्मक लेख पढेपछि हलेदोलाई चिनेपछि किन कोट्याउनु भन्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

कथामा सिँगाने कान्छे र 'म' पात्रको भूमिका समान भएकाले यी दुवै मुख्य पात्रकै रूपमा कथामा देखिएका छन् । स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा 'म' पात्र व्यक्तिगत हो भने सिँगाने कान्छो वर्गीय, प्रवृत्तिका आधारमा 'म' पात्र गतिहीन हो भने सिँगाने कान्छो गतिशील, दुवै बद्ध र मञ्चीय पात्रका रूपमा कथामा देखिएका छन् ।

कथाको परिवेश काठमाडौँ सहर रहेको छ । सम्झनाका रूपमा गाउँ आए तापनि कथाको घटना घटित भएको स्थान काठमाडौँ नै भएकाले सहरिया परिवेशमा नै कथा लेखिएको छ । कथामा कथाकार 'म' पात्रका रूपमा स्वयम् उपस्थित भएर कथाको वर्णन गरेकाले प्रथम पुरुष दृष्टिबिन्दुमा आधारित छ ।

भाषाशैलीय दृष्टिकोणका आधारमा कथाको भाषालाई विश्लेषण गर्दा यो कथा भूतकालिक क्रियाको प्रयोग गरी लेखिएको छ । कथामा कथ्य र विचलनशील वाक्यहरू केही मात्रामा प्रयोग भएका छन् । सङ्क्षिप्त शब्दहरू पनि प्रयोग गरिएको यस कथामा त्यस्ता शब्द भएको स्थानमा कोष्ठकमा अर्थ खुलाइएको छ । समग्रमा कथाको भाषा सरल र सहज छ ।

एस्. एल्. सी. पास नगरी सहर पसेको सिँगाने कान्छो पत्रकार बनेको र विज्ञापन नदिएको झाँकमा जी. एम्. का बारेमा जथाभावी समाचार लेखेको तर अर्को अङ्कमा पुनः उसैका बारेमा सकारात्मक लेख लेखेको घटनाबाट कतिपय तथाकथित पत्रकारहरू सही समाचार सङ्कलन नगरेर पैसाको लोभमा जथाभावी समाचार लेख्छन् भन्दै पत्रकार जगत्का विकृति र विसङ्गतिलाई पाठक समक्ष प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(३८) 'धूर्तबहादुर' कथाको विश्लेषण

तन्द्राभित्रको अतीतमा सङ्कलित 'धूर्तबहादुर' अठ्तीसौँ कथा हो । यो कथा सर्वप्रथम **मधुपर्क** (वर्ष २२, अङ्क १, जेठ, २०४६) मा प्रकाशित भएको थियो । कथामा यात्रा क्रममा भक्तबहादुरले जीवन दीक्षितको सबै सामान चोरेर भागेको घटनालाई प्रस्तुत गरिएको र अन्त्यमा जीवन दीक्षितले भक्तबहादुरको नाम भक्तबहादुर नभएर धूर्तबहादुर रहेछ भनी भनेको सन्दर्भलाई नै यस कथाको शीर्षक राखिएकाले प्रस्तुत कथाको शीर्षक सार्थक छ ।

कथाको मुख्य पात्र जीवन दीक्षित बुटवलबाट काठमाडौँका लागि बसमा यात्रा गरिरहेका बेला उसका छेउमा भक्तबहादुर नामको व्यक्ति साथी हुन पुग्छ । दुवै जनाको एकआपसमा परिचय भएपछि दुवै यात्राका हितैषी बन्दछन् । बीचबीचमा भक्तबहादुले विभिन्न खानेकुरा किनेर ल्याउँछ र दुवै जना खाँदै आआफ्नो पारिवारिक, शैक्षिक आदि कुराहरू गर्दै अगाडि बढ्छन् । भक्तबहादुरले आफूप्रति विगतमा घटेको एउटा घटना सुनाउछ । भक्तबहादुर बुटवलबाट काठमाडौँ आउँदा एक व्यक्तिसँग उसको परिचय भएको, उसलाई विभिन्न खानेकुरा किनेर खान दिएको, दुवै यात्राका साथी भएको, नारायणघाटमा खाना खाएको र उसले नै पैसा तिरेको, पान खान दिएको, पानले आफूलाई लट्ठ बनाएको र त्यहीँ मौका पारी सम्पूर्ण सामान चोरेर भागेको कुरा उसले सुनाउँछ । यो कथा सुनेर जीवन दीक्षितका मनमा भक्तबहादुरप्रति केही शङ्का जागे पनि हेर्दा खानदानी जस्तो देखिने भएकाले त्यस्तो होइन होला भनेर चित्त बुझाउँछ । नारायणघाट आएर खानका लागि गाडी रोकिन्छ । जीवन दीक्षित खान जाँदैन भने भक्तबहादुर खाना खाएर आउँछ र किन खान जानुभएन ? भोक लाग्यो होला बिस्कुट खानुहोस् भनेर दिन्छ । जीवनले पनि त्यस्तो दुष्ट होइन होला भन्ने सोचले विस्कुट खान्छ । बिस्कुट खाएपछि दीक्षितको होस हराउँछ र भक्तबहादुरले उसको सबै सामान चोरेर

भाग्छ । कथा पनि समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा जीवन दीक्षित बुटबलबाट काठमाडौँ आउँदा बसमा भक्तबहादुरसँग भेट र परिचय हुनु, भक्तबहादुरले आफूप्रति घटेको घटना सुनाउनु कथानकको आदिभाग, जीवनका मनमा भक्तबहादुरप्रति आशङ्का र द्वन्द्व पैसा हुनु कथानकको मध्यभाग, दीक्षित खान नभ्रूरेपछि भक्तबहादुरले बिस्कुट खान दिनु, बिस्कुट खाएपछि होस गायब भएको जीवन दीक्षितका सबै सामान भक्तबहादुरले चोरेर भाग्नु कथानकको अन्त्यभाग हो । यो कथा पनि रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

जीवन दीक्षित र भक्तबहादुर कथाका प्रमुख पात्र हुन् । जीवन दीक्षितको स्वभाव अनुकूल रहेको छ भने भक्तबहादुरको स्वभाव प्रतिकूल रहेको छ । जीवनचेतनाका आधारमा दीक्षित व्यक्तिगत पात्र हो भक्तबहादुर वर्गीय पात्र हो । दुवै पात्र गतिहीन, बद्ध र मञ्चीय रूपमा कथामा उपस्थित भएका छन् ।

कथाको परिवेश बुटवलदेखि थानकोटसम्मको राजमार्ग रहेको छ । बसको यात्रा गर्ने क्रममा जीवन दीक्षित र भक्तबहादुरको परिचय बसमा भएको र त्यही यात्रामा जीवन दीक्षितलाई भक्तबहादुरले लुटेको घटनाबाट कथाको परिवेश यात्राको रहेको स्पष्ट छ । यस कथामा कथाकार उपस्थित नभएर पात्रहरूका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरेकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ ।

भाषाप्रयोगका दृष्टिले हेर्दा यो कथा सरल भाषामा लेखिएको छ । संवादात्मक शैलीको प्रयोग गरिएको उक्त कथामा ठाउँठाउँमा पूर्वदीप्ति शैलीलाई पनि अँगालिएको छ । कथामा अर्धवाक्यात्मक अभिव्यक्तिहरू पनि प्रयोग गरिएका छन् । कथामा तत्सम शब्दको प्रयोग नै अधिक मात्रामा गरिएको छ । समग्रमा सहज, स्पष्ट भाषाशैलीमा यो कथा लेखिएको छ ।

जीवन दीक्षित र भक्तबहादुरको बसको यात्राका क्रममा परिचय भएको र उनीहरू एकआपसमा हितैषी बनेका तर अन्त्यमा भक्तबहादुरले जीवन दीक्षितको सबै सामान चोरेर भागेको घटनाबाट यात्राका क्रममा यात्रुहरूले अपरिचित व्यक्तिप्रति सजिलै विश्वास गर्न नहुने कुरालाई पाठकसमक्ष प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(३९) 'मृत्युको मुख' कथाको विश्लेषण

तन्द्राभित्रको अतीतमा सङ्कलित 'मृत्युको मुख' उनन्चालीसौँ कथा हो । यस कथामा नेपालको कुनै पहाडी गाउँबाट पैसा कमाउन कुबेत पुगेको देवीबहादुर कुबेतमा भएको

आन्दोलनबाट बाँचेर फर्केको घटनालाई नै 'मृत्युको मुख' शीर्षक दिइएकाले यस कथाको शीर्षक सार्थक छ ।

कथाको देवीबहादुर नेपालको एउटा पहाडी गाउँबाट गाउँको पाखो बेचेर कुबेत पुगेको छ महिना भएपछि इराकी सेनाले आक्रमण गरेर कुबेतलाई तहसनहस पार्छन् । यस आक्रमणको बेला ऊ भूमिगत रूपमा बसेर आफ्नो ज्यान बचाउन सफल हुन्छ । इराकले कुबेतलाई आफ्नो देशमा गाभिसकेपछि विद्रोह शान्त हुन्छ । सबै विदेशी मूलका मानिसहरू त्यहाँबाट भागेर ज्यान बचाउने तरखरमा लाग्छन् । देवीप्रसाद पनि इराक र जोर्डनको सीमामा एघार दिनसम्म बसी रित्तो खल्ती लिएर जोडर्नको एन्डुलास सहरतिर लाग्छ । यहीँ कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा देवीप्रसाद गाउँको पाखो बेचेर कबेत जानु कथानकको आदिभाग, कुबेतमाथि इराकी सेनाले आक्रमण गर्नु, भूमिगत भएर देवीप्रसादले ज्यान बचाउनु, कुबेतबाट भागेर इराक र जोडर्नको सीमानामा कष्टसँग एघार दिन काट्नु आदि मध्यभाग र अन्त्यमा रित्तो खल्ती लिएर जोडर्नको एन्डुलासतिर लाग्नु कथानकको अन्त्यभाग हो । यसमा बीचबाट कथानक घटित भएको देखाइएकाले कथाको ढाँचा रैखिक नभएर वर्तुलित आकारको रहेको छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत हो ।

प्रस्तुत कथामा देवीप्रसाद प्रमुख पात्र हो । कुबेत पुगेका अरू नेपाली, भारतीय आदि विभिन्न देशका पात्रहरू, कुबेतका मालिकहरू, इराकी सेनाहरू सहायक पात्रहरू हुन् । कथामा अनुकूल, वर्गीय, गतिहीन, बद्ध र मञ्चीय पात्रका रूपमा देवीप्रसादको चरित्र उपस्थित भएको छ भने सहायक पात्रहरू गौण भूमिकामा रहेका छन् ।

कथाको घटना नेपालको कुनै गाउँदेखि लिएर कुबेत, इराक र जोर्डनको सीमासम्म फैलिएको हुनाले यसको परिवेश नेपालदेखि कुबेत, इराक र जोर्डनसम्म फैलिएको छ । कथामा कथाकार 'म' पात्रका रूपमा उपस्थित भएर कथाको वर्णन गरेकाले कथाको दृष्टिबिन्दु प्रथम पुरुष शैलीको रहेको छ ।

कथामा देवीबहादुर नेपालको पहाडी भूभागबाट आफ्नो भएको पाखो बेचेर कुबेत गएको तर गएको ६ महिना नहुँदै कुबेतमाथि इराकले आक्रमण गरेको र आफू बल्ल बाँच्न सफल भएको घटनालाई अगाडि सारी नेपालबाट विदेशिने युवाहरूले विदेशमा गएर भोग्नुपरेको घटनालाई यथार्थ रूपमा प्रस्तुत गर्नु कै यस कथाको मुख्य सारवस्तु हो ।

(४०) 'अनुत्तरित प्रश्न' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको चालीसौँ कथा 'अनुत्तरित प्रश्न' कथा हो । पञ्चायती शासनका विरुद्ध लड्दालड्दै सहिद बनेको यस कर्णबहादुरको परिवारले प्रजातन्त्र आए पनि सरकारबाट उपेक्षा सहनु परेको र सन्तमायाले कर्णबहादुर सहिद किन भए ? भन्दा कसैले उत्तर नदिएको घटनालाई अनुत्तरित शीर्षक दिइएकाले कथाको शीर्षक सार्थक छ ।

पार्टीको अञ्चल इन्चार्ज विकास सन्तमाया र कर्णबहादुरको घरमा पार्टीसम्बन्धी छलफलमा भाग लिन आएको हुन्छ । विकास कर्णबहादुरकहाँ आएको कुरा कसैले पुलिसलाई भनिदिन्छ । बिहानै झिसमिसेमा पुलिसहरू सन्तमायाको घरमा आउँछन् । पुलिस आएको थाहा पाएर सन्तमायाले विकासलाई त्यहाँबाट भाग्न भन्छे । विकास महिलाको भेषमा त्यहाँबाट भाग्न सफल हुन्छ तर पुलिसहरूले कर्णबहादुरलाई पक्रेर लान्छन् । केही दिनपछि विकासले कर्णबहादुर सहिद भयो भनेर सन्तमायालाई सुनाउँछ र ऊ देशका लागि मरेको हो चिन्ता नगर्नू भनी सम्झाउँछ । केही वर्षपछि आन्दोलन मच्चिएर देशमा प्रजातन्त्र आउँछ र विकास मन्त्री बन्छ । विकासलाई भेट्न सन्तमाया मन्त्रालयमा पुग्छे तर विकासले सन्तमायालाई नचिनेझैँ गर्छ र सन्तमाया निराश बनेर फर्कन्छे । केही समयपछि पत्रिकामा विकास धनाढ्य भएको खबर पढेपछि सन्तमायाले मनमनै के हामीजस्ता परिवारले विकासजस्तालाई धनी बनाउन नै सङ्घर्ष गरेका हौ त ? भनेर प्रश्न गर्दा प्रश्न अनुत्तरित अवस्थामा नै रहन्छ । यहीँ कथा समाप्त भएको छ । कथानकीय संरचनाका आधारमा विकास सन्तमायाको घरमा जानु कथानकको आदिभाग, पुलिसले थाहा पाएर विकासको खोजी गर्न आउँदा कर्णबहादुरलाई पक्रेर लानु, कर्णबहादुर सहिद बन्नु, देशमा प्रजातन्त्र आउनु र विकास मन्त्री बनेपछि सन्तमायालाई नचिन्नु, सन्तमायाले विकास धनी भएको समाचार पढ्नु आदि घटना कथानकको मध्यभाग र सन्तमायाका मनमा अनेकौँ प्रश्नहरू अनुत्तरित रहनु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ । सामाजिक यथार्थ नै यस कथाको कथानकको स्रोत रहेको छ ।

कथामा कर्णबहादुर, विकास र सन्तमाया मुख्य भूमिकामा देखिएका छन् । सन्तमायाको छोरो, पुलिसहरू, देशका जनता आदि सहायक पात्रका रूपमा कथामा उपस्थित छन् । कथाका मुख्यपात्रहरू अनुकूल, वर्गीय, बद्ध र मञ्चीय छन् भने सहायक पात्रहरूमध्ये केही मञ्चीय र केही नेपथ्य रूपमा कथामा उपस्थित रहेका छन् ।

कथाको परिवेश हाम्रै देशको कुनै गाउँदेखि काठमाडौँ सहरसम्मको रहेको छ । ग्रामीण समाजमा डोकामा गाग्रो बोक्ने चलन रहेको र यस कथामा पनि विकास सन्तमायाको घरबाट

भाग्दा डोकोमा गाग्रो लिएर पानी लिन जाने बहानामा भागेको प्रसङ्गबाट गाउँको परिवेश उपस्थित भएको छ भने प्रजातन्त्र आएपछि काठमाडौँको रत्नपार्कमा आमसभा गरिएको घटनाबाट काठमाडौँ सहरको परिवेश कथामा समेटिएको छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर विभिन्न पात्रहरूका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरेकाले यो कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित हुन पुगेको छ ।

भाषाशैलीका आधारमा प्रस्तुत कथालाई विश्लेषण गर्दा यसमा तत्सम बहुल शब्दको प्रयोग देखिन्छ । कथामा स्तरीय लेख्य भाषाको प्रयोग गरिएको भए पनि संवादका क्रममा कथ्य र ग्रामीण समाजको बोलीचालीको भाव देखिन्छ । कथामा गालीगलोजको भाषा पनि प्रशस्त भेटिन्छ । जस्तै : 'ए मा...क्ने' (पृ. १२२), 'राँड' (पृ. १२५) । 'तेरो बाउ कम्निस्टेलाई कता लुकाइस् ?' (पृ. १२२) आदि । अनुकरणात्मक शब्दहरू पनि प्रशस्त प्रयोग गरिएकाले कथाको भाषा अझ आकर्षक बन्न पुगेको छ ।

पञ्चायती व्यवस्थाको अन्त्य गर्न र प्रजातन्त्र ल्याउनका लागि कर्णबहादुरजस्ता व्यक्तिहरू सहिद भएका र पार्टीका नेता भनाउँदा विकासजस्ता व्यक्तिहरू मन्त्री बनेर रातारात धनाढ्य बनेको घटनाबाट देशका लागि सहिद बनेका परिवारको यथार्थ यस कथामा देख्न सकिन्छ । अनेक व्यक्तिहरूले देशका लागि आफ्नो ज्यानसमेत गुमाएर आन्दोलन गरी प्रजातन्त्र ल्याएको तर प्रजातन्त्र आएपछि विकासजस्ता व्यक्तिहरू धनी बनेको सामाजिक यथार्थलाई पाठकसमक्ष प्रस्तुत नै यस कथाको सारवस्तु हो ।

(४१) 'सहरी अक्टोपस र जिन्दगी' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको एकचालीसौँ कथा 'सहरी अक्टोपस र जिन्दगी' कथा हो । यो कथा पहिलोपल्ट २०५० साल माघको **मधुपर्क**मा प्रकाशित भएको थियो । यस कथाको प्रवीण गाउँदेखि सहरमा बस्न आएको र सहरी वातावरणमा बाँच्न नसकी अन्त्यमा गाउँ जाने निधो गरेको अवस्थालाई कथामा देखाएकाले कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

कथाअनुसार प्रवीण गाउँबाट आफ्नो अंश बोकेर सहरमा आई चार आना जग्गा किनी एउटा सानो घर बनाएर बसेको छ । गाउँले जीवनभन्दा सहरिया जीवन उत्तम हुन्छ भन्ने सोचले ऊ सहरमा बसेको हो । प्राइभेट कम्पनीको सानो जागिर खाने प्रवीणलाई आफ्नो कमाइले परिवार पाल्न मुस्किल परेको छ । सहर आन्दोलन, कर्फ्यू, महँगी, अभाव, प्रदूषणले ग्रसित छ । चारदिनको कर्फ्यूपछि बजार खुल्ला भएकाले उसले श्रीमतीलाई पानी लिन पठाएर आफू सामान किन्न जान्छ । सामान लिएर फर्कँदा उसकी श्रीमती बिरामी भएकी हुन्छे । श्रीमतीलाई प्रसव वेदनाले च्याप्छ तर

त्यसैदिन नेपाल बन्द भएकाले प्रवीणले श्रीमतीलाई अस्पतालसम्म लैजान गाडी पाउँदैन; बोकेर अस्पतालसम्म पुऱ्याउँछ र श्रीमतीलाई बचाउँछ । यी विभिन्न समस्याहरूबाट पीडित प्रवीणले एक दिन सहर छोडेर गाउँ जाने निधो गरी घरजग्गा बेच्ने सूचना पत्रिकामा दिन्छ । यहीँ कथा समाप्त हुन्छ । कथानकीय संरचनाका आधारमा प्रवीण गाउँबाट सहरमा आएर सानो घर किनेर बस्नु कथानकको आदिभाग, सहरमा प्राइवेट कम्पनीमा जागिर खाएर घरपरिवार चलाउन उसलाई धौधौ पर्नु, देशमा आन्दोलन दबाउन कर्फ्यू लाग्नु, महँगी बढ्नु, श्रीमती प्रसव वेदनामा छटपटाइरहेका बेला एम्बुलेन्स नपाएर बोकेर अस्पताल लानु, प्रवीण सहरदेखि दिक्क हुनु आदि कथानकको मध्यभाग र प्रवीण सहरबाट गाउँ फर्कने निधो गरेर घरजग्गा बेच्ने सूचना निकाल्नु कथानकको अन्त्यभाग हो । यो कथा रैखिक ढाँचामा आबद्ध छ भने कथानकको स्रोत सामाजिक यथार्थ नै रहेको छ ।

कथामा प्रमुख पात्रका रूपमा प्रवीण उपस्थित भएको छ भने उसकी श्रीमती, छिमेकी भाउजू, प्रहरीहरू, आन्दोलनकारी आदि सहायक भूमिकामा कथामा उपस्थित छन् । प्रवीण स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा वर्गीय, प्रवृत्तिका आधारमा गतिशील, बद्ध र मञ्चीय पात्रका रूपमा उपस्थित छ भने अन्य सहायक पात्रहरूमध्ये केही मञ्चीय र केही नेपथ्य रूपमा चित्रण गरिएका छन् ।

प्रस्तुत कथा गाउँबाट सुरु भए पनि सहरिया परिवेशमा घटित भएको छ । सरहमा न्यून तलब भएका प्रवीणजस्ता व्यक्तिहरूले आफ्नो जीवन धान्न मुस्किल परिरहेको अवस्थालाई चित्रण गरिएकाले कथाको परिवेश हाम्रै देशको कुनै सहर हो भन्न सकिन्छ । कथामा कथाकार स्वयम् उपस्थित नभएर उनले विभिन्न पात्रहरूका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरेकाले यो कथा तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित हुन पुगेको छ ।

भाषाशैलीका दृष्टिले प्रस्तुत कथालाई विश्लेषण हेर्दा यसमा भूतकालिक क्रियाको प्रयोग गरिएको देखिन्छ । कथामा 'भू..भू', 'ड्यार्रड्यार्र', 'ड्याम्मड्याम्म' (पृ. १३०) आदि अनुकरणात्मक शब्दहरू अधिक मात्रामा प्रयोग गरिएका छन् । यसमा प्रश्नात्मक वाक्यहरू पनि धेरै मात्रामा प्रयोग गरिएका छन् । कथाको भाव पाठकले सजिलैसँग बुझ्ने भएकाले यो कथा सरल र सहज भाषामा लेखिएको छ भन्न सकिन्छ ।

गाउँ छोडेर सहरमा जीवनयापन गर्न सजिलो होला भन्ने मनसाय बोकेर प्रवीण गाउँबाट सहरमा आई सानो घर किनेर बस्न थाल्छ । तर सहरमा प्राइवेट कम्पनीको जागिरले प्रवीणले आफ्नो परिवार धान्न नसकेर अन्त्यमा ऊ गाउँ फर्किने अवस्थामा पुगेको घटनाबाट सहरमा हुने

गरेका आन्दोलन, महँगी, प्रदूषण, हड्ताल, कर्फ्यू आदिले सहरिया मानिसहरू वाक्कदिक्क भएर गाउँ नै फर्किरहेको यथार्थ वास्तविकतालाई पाठकसमक्ष प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

(४२) 'इस्तानवुलको रात' कथाको विश्लेषण

तन्द्राभित्रको अतीत कथासङ्ग्रहको अन्तिम वा बयालीसौँ कथा 'इस्तानवुलको रात' कथा हो । कथाको समीर इस्तानवुलमा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन गएको र त्यहाँ फौजियासँग भेट भई उसको घरमा गएर बास बसेको र उससँग शारीरिक सम्पर्क गरेको रातको घटनालाई नै 'इस्तानवुलको रात' शीर्षक दिई प्रस्तुत गरिएकाले कथाको शीर्षक सार्थक रहेको छ ।

कथाअनुसार समीर नेपालबाट अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन इस्तानबुल गएको छ । इस्तानबुलको भाषा सबैले नबुझ्ने भएकाले अङ्ग्रेजी भाषा जान्ने युवतीहरूलाई दोभासेका रूपमा खटाइन्छ । समीरका लागि फौजियालाई खटाइएको हुन्छ । बोस्फोरस समुद्रको किनारमा फौजियाले समीरलाई इस्तानबुलको इतिहास सुनाउँछे । दुवै हाँस्दै, खेल्दै जाँदा उनीहरू एकअर्कामा मायाभाव बढ्छ । फौजियाले आफ्नो घर जान भनी समीरलाई आग्रह गर्छे । समीरलाई फौजियाका घरमा स्वागत गरिन्छ र सबैले खाना खान्छन् । केही बेर गफ गरेर सबै सुत्ने तरखरमा लाग्छन् । फौजियाले समीरलाई एउटा कोठामा लैजान्छे । दुवै एउटै खाटमा सुत्छन् र त्यही रात उनीहरूको शारीरिक सम्पर्क हुन्छ । यहीँ कथा समाप्त हुन्छ । कथानकीय सरचनाका आधारमा समीर नेपालबाट इस्तानबुल जानु कथानकको आदिभाग, दोभासेका रूपमा उसका लागि फौजिया खटिइनु, फौजियाले इस्तानवुलको इतिहास सुनाउनु, घुम्दै जाँदा दुवैको एकआपसमा प्रेम बढ्दै जानु, फौजियाले आफ्नो घरमा जाने आग्रह गर्नु, फौजियाको बाबुका मीठामीठा गफ सुन्दै उनीहरूले खाना खानु आदि मध्यभाग र फौजिया र समीर एउटै खाटमा सुत्नु र उनीहरूबीच शारीरिक सम्पर्क हुनु कथानकको अन्त्यभाग हो । कथा बीचबाट प्रारम्भ भएकाले यसको ढाँचा वर्तुलित आकारको रहेको छ ।

कथामा समीर र फौजिया प्रमुख पात्रका रूपमा चित्रित छन् भने फौजियाका बाबुआमा सहायक पात्रका रूपमा उपस्थित भएका छन् । दुवै पात्र स्वभावका आधारमा अनुकूल, जीवनचेतनाका आधारमा व्यक्तिगत, प्रवृत्तिका आधारमा गतिहीन, बद्ध र मञ्चीय पात्रका रूपमा कथामा उपस्थित भएका छन् । फौजियाका बाबुआमा पनि मञ्चीय पात्र नै हुन् ।

प्रस्तुत कथाको परिवेश इस्तानबुल सहरको रहेको छ । बोस्फोरस समुद्रको वर्णन र इस्तानबुलको इतिहास, त्यहाँको रहनसहन र इस्तानबुल वासीहरूको दिनचर्यालाई कथामा प्रस्तुत गरिएकाले कथाको परिवेश इस्तानबुल देशको कुनै सहर रहेको छ । कथामा कथाकार स्वयम्

उपस्थित नभएर पात्रहरूका माध्यमबाट कथ्य विषयलाई अभिव्यक्त गरेकाले कथाको दृष्टिबिन्दु तृतीय पुरुष शैलीको रहेको छ ।

प्रस्तुत कथाको भाषा सरल र सहज देखिन्छ । इतिहासको वर्णन गर्दा सङ्क्षेप पद्धति अँगालिएको छ । प्रश्नोत्तरात्मक शैली पनि केही मात्रामा कथामा प्रयोग गरिएको छ । कथा अन्तर्राष्ट्रिय परिवेशमा घटित भए पनि पात्रहरूका बीचको कुराकानीमा सन्दर्भ नेपाली भाषाकै प्रयोग गरिएको छ । यस कथमा तत्सम बहुल शब्दकै प्रयोग देखिन्छ । उच्च आदरार्थी भाषाको प्रयोग गरिएको यस कथामा वर्तमानकालिक वाक्यहरूको प्रयोग गरिएको छ । कथामा कहीँकहीँ वाक्यगत अशुद्धिहरू पनि देखिन्छन् । कथाको कथानकलाई केही सङ्केत र वर्णनमार्फत अगाडि बढाइएको छ । समग्रमा भन्नुपर्दा कथाको भाषा स्पष्ट एवम् सरल नै छ ।

समीर नेपालबाट अन्तर्राष्ट्रिय सम्मेलन भाग लिन गएको छ र उसले आफ्ना लागि दोभासेका रूपमा खटिएकी युवतीसँगै प्रेम गर्न थालेको घटनाबाट प्रायः युवाहरू विदेशी सम्मेलनमा भाग लिन जाँदा त्यहीका युवतीसँग प्रेम गरेर उतै घरजम गरी बस्ने गरेको यथार्थतालाई यस कथामा कथाकारले उतारेका छन् ।

४.२.३ निष्कर्ष

तन्द्राभित्रको अतीत सङ्ग्रहमा सङ्कलित उपर्युक्त बयालीसवटा कथाहरू आआफ्ना संरचनामा पूर्ण छन् । कथानक विकासका दृष्टिले सबैजसो कथाहरू आदि, मध्य र अन्त्यका कथानकीय संरचनामा आधारित छन् । विषयवस्तुका दृष्टिले प्रस्तुत सङ्ग्रहभित्र सङ्कलित कथाहरू समसामयिक विषयमा आधारित छन् । यसका अधिकांश कथाहरूले समाजका विभिन्न क्षेत्रका विकृति तथा विसङ्गतिलाई कलात्मक र प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । यसका कतिपय कथाहरूमा सामाजिक यथार्थको मार्मिक रेखाङ्कन गरिएको छ भने कतिपय कथाहरूमा राजनैतिक एवम् प्रशासनिक भ्रष्टाचारको व्यङ्ग्यात्मक अभिव्यक्ति भएको प्रस्तुत गरिएको छ । समग्रमा यस सङ्ग्रहका कथाहरू समाजका खजमज, अमिल्दोपन, ह्रास, पतन, धुर्त्याइँ, कपट्याइँ र अपत्याकारका दृश्यावली भएर रहेका छन् । केही कथाहरूले भने विदेशी भूमिका विकृति र विसङ्गतिलाई समेटेको देखिन्छ भने 'वैज्ञानिक १३६ 'ए' को डायरी' कथाले भने विज्ञानलाई विषयबद्ध गरेको छ । 'मान्छे', 'यसरी रात पर्छ' र 'स्वतन्त्रता' कथाहरूमा स्वैरकल्पनात्मक प्रवृत्ति अँगालेको देखिन्छ । चरित्रचित्रणका दृष्टिले यस सङ्ग्रहभित्रका कथाहरूमा कथाकारले प्रायः निम्नवर्गका पात्रहरूको चित्रण गरेका छन् । समाजमा अज्ञान, अशिक्षा तथा शोषणमा पिल्सिएका जनताहरूको पक्षमा वकालत गर्दै उनले घटनाअनुसारका यथोचित पात्रहरूको चयन गरी कथा लेखेका छन् ।

पात्रचयनका दृष्टिले मानव र मानवेतर प्राणीहरू पनि उनका कथाका पात्रका रूपमा उपस्थित छन् । सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये अधिकांश कथाहरूको परिवेश हाम्रै देशको ग्रामीण परिवेश र केही कथाहरू सहरिया परिवेशमा घटित भएका छन् । केही कथाहरूको परिवेश विदेशी भूमि रहेको भए पनि सबै कथाहरू नेपाली जीवनकै भोगाइसँग सम्बद्ध छन् ।

सङ्ग्रहमा सङ्कलित कथाहरूको दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष रहेको छ । यसमा सङ्कलित सबै कथाहरू सरल, सहज, सार्थक, साभिप्राय र प्रभावी छन् । सुन्दर शैली, आकर्षक प्रस्तुति तथा बोधगम्य भाषाप्रयोगका कारण कुसुमका यस सङ्ग्रहका कथाहरू रोचक, घोचक तथा पठनीय छन् ।

४.३ 'पारिको अनुभव' यात्रा संस्मरणात्मक निबन्धसङ्ग्रहको विश्लेषण

४.३.१ लेखन, प्रकाशन र अन्यसन्दर्भ

गोविन्दप्रसाद 'कुसुम'द्वारा लिखित यात्रा संस्मरणात्मक निबन्धसङ्ग्रह **पारिको अनुभव** (२०६०) मा जगदम्बा प्रकाशन प्रा. लि. बाट प्रकाशित कृति हो । कुसुमको लेखन/प्रकाशन का दृष्टिले दोस्रो स्थानमा रहेको यो कृतिको आवरण पृष्ठमा वेस्ट भेर्जिनिया राज्यको राजधानी चार्ल्सटनको क्यापिटल अगाडि खिचिएको फोटो राखिएको छ । आवरण पृष्ठको सिरानमा कृतिको नाम **पारिको अनुभव** लेखिएको छ भने अन्त्यतिर सही गरिएको ढाँचामा अक्षरमा गोविन्दप्रसाद 'कुसुम' लेखिएको छ । दोस्रो पृष्ठमा कृतिको शीर्षक र लेखकको नाम दिइएको छ भने दोस्रो पृष्ठको अर्कापट्टि प्रकाशक, संस्करण, मूल्य, मुद्रक एवम् आवरण आवरण र पछाडिको पृष्ठमा राखिएका चित्रहरू खिचिएको स्थान उल्लेख छ । तेस्रो पृष्ठमा विषयसूची राखिएको छ भने पाँचौँ पृष्ठमा 'प्रकाशकीय' शीर्षकमा कमल दीक्षितले लेखेको ४ पृष्ठको मन्तव्य छ । अन्त्यको आवरण पृष्ठमा वासिङ्टन डिसीको पार्कमा खिचिएको तस्वीर राखिएको छ भने प्रस्तुत कृतिको मूल्य ३००।- राखिएको छ । जम्मा २१३ पृष्ठको प्रस्तुत कृतिको साइज डिमाइ आकारको रहेको छ ।

गोविन्दप्रसाद 'कुसुम'ले अमेरिका भ्रमणमा देखेका, सुनेका, भोगेका अनुभूतिहरूलाई समेटेर लेखेका ८ वटा यात्रासंस्मरणात्मक निबन्धहरू प्रस्तुत कृतिभित्र समेटिएका छन् । 'भ्रमणको तयारी', 'त्रिभुवन विमानस्थलदेखि वासिङ्टनसम्म', 'वासिङ्टन डि. सी. र मेरो अनुभव', 'चार्ल्सटनको रमाइलो', 'प्युब्लो र सान्टाफे', 'साल्ट लेकको नुनिलो पानी', 'लस एन्जेलसमा लाइन मिच्दा' र 'हिथ्रोदेखि काठमाडौँसम्म' शीर्षकका निबन्धहरू यस कृतिभित्र सङ्गृहीत छन् भने निबन्धहरू २० पृष्ठदेखि ५० पृष्ठसम्मका विस्तृत आयाममा पनि फैलिएका छन् । सबैभन्दा छोटो निबन्ध 'भ्रमणको

तयारी' २० पृष्ठमा फैलिएको छ भने 'चार्ल्सटनको रमाइलो' शीर्षकको निबन्ध ५० पृष्ठसम्म विस्तारित भएको छ ।

४.३.२ 'पारिको अनुभव' यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रहको विश्लेषण

गोविन्दप्रसाद 'कुसुम'को प्रस्तुत **पारिको अनुभव** यात्रासंस्मरणमा सङ्कलित संस्मरणात्मक निबन्धहरूको विश्लेषण विषयवस्तु र भाषाशैलीका आधारमा क्रमशः तल गरिएको छ :

४.३.२.१ विषयवस्तुका दृष्टिले 'पारिको अनुभव'का यात्रासंस्मरणहरूको विश्लेषण

(१) 'भ्रमणको तयारी' संस्मरण

गोविन्दप्रसाद 'कुसुम'द्वारा लिखित **पारिको अनुभव** यात्रासंस्मरणात्मक निबन्धसङ्ग्रहको पहिलो निबन्ध 'भ्रमणको तयारी' हो । कुसुम अमेरिकका जाने तयारीका अनेक अनुभव समेटिएका कारणले शीर्षकविधानले सार्थक रहेको छ ।

गोविन्दप्रसाद 'कुसुम' भारतभ्रमणको क्रममा दिल्लीमा भएको सन्दर्भबाट यो निबन्ध प्रारम्भ भएको छ । दिल्लीबाट हरिद्वार, ऋषिकेश भ्रमण गरेर पुनः दिल्ली आइपुगेर कुसुमले घरमा फोन गर्दा उनलाई बी. के. सिंहजीले खोजेको कुरा श्रीमतीबाट थाहा हुन्छ । बी. के. मानसिंहलाई कुसुमले फोन गर्दा अमेरिकी सरकारले इन्टरनेसनल भिजिटर प्रोग्रामअन्तर्गत तपाईंलाई छनोट गरेको छ भन्ने समाचार कुसुमले बी. के. सिंहबाट पाउँछन् । यो समाचार सुनेपछि उनले अमेरिकाको सम्झना गर्छन् । संसारभरिकै मान्छे थुप्रेको देश अमेरिका कङ्गालदेखि सर्वश्रेष्ठ धनाढ्यसम्मको बसोबास गर्ने स्थान हो । सबैथोक भए पनि भएभरको वैभव छाडेर कछाड र भोटो लगाएर भगवान्को खोजीमा हिँड्ने व्यक्तिहरू अमेरिकामा नभएका होइनन् तर पनि अरू भने अमेरिका भनेपछि हुरुक्क हुने गर्छन् । यसरी अमेरिकाको विशेषताको चर्चा गर्दै कुसुम अगाडि लेख्छन् : "आप्रवासी अमेरिकीहरूले अमेरिकाको आर्थिक, वैज्ञानिक, भौतिक, राजनीतिकलगायतका क्षेत्रको उच्चतर उन्नति गरे । अमेरिका भनेको विविधताबीचको एकता हो ।" (पृ. २) जीवनको ४७ वर्षको उमेरमा २४ वटा देशको भ्रमण गरेर पनि अमेरिकाको भ्रमण नगरेका कुसुमले नेपाली प्रशासनिक क्षेत्रबाट कसरी नेपालीहरू विदेश भ्रमणमा जान्छन् भन्ने कुरालाई केहीबेर यसमा उदिनेका छन् । त्यसपछि अमेरिकाको इतिहासबारे वर्णन गर्न थालेका कुसुमले अमेरिकाको स्थापना, अमेरिकी लडाइको इतिहास, अमेरिकाको पुनर्निर्माण, दासप्रथाको उन्मूलन, गोरा र कालाहरूको विभेदको स्थिति, काला र गोराबीच भएका जातीय सङ्घर्ष, जनसङ्ख्या, अमेरिकाको विकासको गति, औद्योगिक क्षेत्रको विस्तार, अमेरिकाको राजनीतिक प्रक्रिया आदिको व्याख्या गरेका छन् ।

यसपछि निबन्धकार कुसुमले आफ्नो देश नेपाललाई सम्झँदै यहाँका सरकारी नीति र प्रशासनमा देखिएका विकृति र विसङ्गतिलाई चिरफार गर्दै नेपालको राज्यसत्तासँग अमेरिकी राज्यसत्ताको तुलना गरेका छन् । अमेरिकी पुर्खाहरूको त्याग र बलिदानको प्रशंसा गर्दै थियोडोर रुजवेल्ट राष्ट्रपति भएपछि अमेरिकाको आर्थिक विकास र वैदेशिक नीतिको फाँटमा निकै सुधार भएको कुरा पनि उनले प्रस्ट्याएका छन् । पहिलो विश्वयुद्धमा अमेरिकाको भूमिका, दोस्रो विश्वयुद्धको वर्णन र त्यसमा अमेरिकाको क्षतिबारे वर्णन गर्दै ३६७९१९२ क्षेत्रफलमा विस्तारित ५० वटा सङ्घीय राज्यहरू भएको र राष्ट्रपतीय प्रणालीमा आधारित भएको देश अमेरिका हो भनेर अमेरिकालाई चिनाएका छन् ।

यसपछि अमेरिकाको भ्रमणबारेका खबर सुनेर कुसुम काठमाडौँ आएको, बाटामा आर. ए. (शाही नेपाल वायुसेवा निगम) का कमीकमजोरीको वर्णन गरेका छन् । त्यस्तै प्रजातन्त्र र सुशासनका विषयमा आई. भी. पी.अन्तर्गत आफू अमेरिका जाने कुराको उल्लेख गर्दै यो भ्रमण ३ हप्ताको हुनेछ भनेर प्रस्ट पारेका छन् । यसपछि अमेरिकाबाट आएको पत्र, विभिन्न सेमिनारमा भाग लिएको वर्णन गर्दै भ्रमण टीममा १० जनाको नाम छानिएको र ती १० जनामध्ये उनले चिनेका केही व्यक्तिहरूको परिचय प्रस्ट पारेका छन् । अन्त्यमा विदेशी एयरलाइन्समा हुने गरेको चेकबारे जानकारी दिँदै निबन्धको अन्त्य गरेका छन् ।

(२) 'त्रिभुवन विमानस्थलदेखि वासिङ्गटनसम्म' संस्मरण

पारिको अनुभव यात्रासंस्मरणको दोस्रो क्रममा 'त्रिभुवन विमानस्थलदेखि वासिङ्गटनसम्म' शीर्षकको संस्मरण रहेको छ । यसमा कुसुमले आफू काठमाडौँको अन्तर्राष्ट्रिय विमानस्थलदेखि अमेरिका पुग्दा यात्राका क्रममा देखेभोगेका घटना एवम् जानकारीहरू दिइएका छन् भने अन्त्यमा विदेशमा जाँदा हवाई यात्राका क्रममा अँगाल्नुपर्ने सतकर्तालाई प्रस्तुत गरेका छन् ।

त्रिभुवन विमानस्थलमा बेलुका ४ बजे अमेरिका जाने १० जनाको समूह भेला भएको र त्यसको टोलीप्रमुख आफू भएको जानकारीबाट प्रस्तुत संस्मरण प्रारम्भ भएको छ । यो टोलीका सबै सदस्यलगायत आफ्नो पनि अमेरिकाको यात्रा नौलो भएको, अमेरिकाको जनजीवन, भौगोलिक अवस्था, संस्कृति र व्यवहारबारे जानकारी नभएकाले कुसुमले यी कुराहरूका बारेमा केही कल्पना गर्न थालेको, एयरपोर्टका नियमअनुसार सबै कार्य सके पनि गल्फ एयरको टिकट काउन्टरले पासपोर्टको फोटोकपी मागेर झन्झट दिएको कुरा उल्लेख गरेका छन् । त्यसपछि यस निबन्धमा अध्यागमनका साथीहरूले अबुधावीतिर जाने नेपालीहरूलाई असान्दर्भिक प्रश्न गरेर दुःख दिएको कुरा प्रस्तुत गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव दिनेशजीसँग पुलिसले पैसा

मागेको कुराबाट नेपालको प्रशासनको लाचारीपनको उद्घाटन गरेका छन् । यसरी नै एयरपोर्टमा चोरी, डकैती पनि हुने कुराको सङ्केत गर्दै आफ्नो समूह ६ बजे गल्फ एयरको विमान चढेको कुरा दर्साएका छन् । एयरबाट पश्चिमतिरको सूर्यको दृश्यावलोकन गरेको, पहाडलाई ससाना ढिस्काका रूपमा हेर्दै कुसुमले विमानयात्राका अनुभवहरूको स्मरण गरेका छन् । यस क्रममा उनले आफ्नो बाल्यकाल, जन्मेको स्थानको सम्झना गर्दै तत्कालीन देशको अवस्थाको चित्रण पनि गरेका छन् । आफू चढेको विमानमा धेरैजसो यात्रुहरू खाडी मुलुकमा काममा जाने नेपालीहरू भएको र यिनीहरूको विदेश पलायनको कारण वर्तमान नेपालको अवस्थाले हो भनी उल्लेख गरेका छन् । अन्य देशमा आफ्ना देशबाट विदेश गएका व्यक्तिहरूलाई बोलाइन्छ तर नेपालले भने बोलाउनुको सट्टा विदेश जानेहरूलाई रोक्ने कामसमेत नगरेकोमा उनले गुनासो गरेका छन् । विदेश जाने एक भाइसँग कुरा गर्दागर्दै अब केहीबेरमा प्लेन अबुधावीमा ओर्लंदै छ भनेर परिचारिकाले जानकारी दिएको र उनीहरू राती ९ : ३० बजे अबुधावीमा ओर्लिएको सन्दर्भको सम्झना छन् । भोलिपल्ट ११ बजे मात्र उनीहरू त्यहाँबाट लन्डन जाने भएकाले गल्फ एयरको व्यवस्थापकले नै बस्नका लागि उनीहरूलाई बन्दोबस्त मिलाइदिएको, ३ घन्टा लगाएर भिसामा छाप लगाएपछि बाहिर निस्केका उनीहरूलाई होटलमा पुऱ्याउने व्यवस्था मिलाइएको मिनिबसबाट १ : ३० होटलमा पुगेको, त्यहाँ आलु र पाउरोटी खाएर उनीहरू सुतेको र बिहान ५ : ३० बजे उठेर अबुधावी सहर घुम्न निस्केको चर्चा गरेका छन् । यसै प्रसङ्गमा अबुधावी सहरको स्थितिको सामान्य जानकारी दिँदै यस ठाउँमा साह्रै गर्मी भएको कुरा उल्लेख गरेका छन् । केयर सपिङ्ग सेन्टरको अवलोकन, त्यहाँ रहेका अधिकांश कामदार नेपाली भएकाले उनीहरूसँग परिचय गरेका कुरा दर्साउँदै त्यहाँको प्राकृतिक सुन्दरताको पनि वर्णन गरेका छन् ।

त्यसै दिन साँझ चारबजे सी. एन्. एन्.बाट नेपालसम्बन्धी समाचार सुनेको र नेपाली काङ्ग्रेस (देउवा) को कार्यालयमा माओवादीले बम विस्फोट गराएको समाचार सुनेका कुसुमले नेपालमा त्यतिखेर मान्छे मानवताविहीन भएको कुरा प्रस्तुत गरेका छन् भने अल हमरा प्लाजा रेजिडेन्समा खाना खाएर राती ९ बजे एयरपोर्टतिर लागेको, १२ बजे एयरपोर्ट पुगेको, १ : १५ बजे गल्फ एयरको विमानबाट लन्डन उडेको, ६ : ३० बजे लन्डन उत्रिएको, हिथ्रो विमानस्थलमा कडा सुरक्षा जाँच भएको वर्णन गर्दै हिथ्रो विमानस्थलको पनि वर्णन गरेका छन् । हिथ्रोबाट ६ घन्टापछि अमेरिकाको डल्लासतर्फ जाने हुनाले ६ घन्टा एयरपोर्टमा बस्नु परेकाले त्यस समयमा उनले 'बुद्ध किन बोल्दैनौ' र 'परेवा र चील' शीर्षकका दुईवटा कविता लेखेको उल्लेख गरेका छन् । ती कविताहरूमा देशको तत्कालीन विद्रोहको स्थितिबारे आफ्ना भावना व्यक्त गरेका छन् । त्यसपछि

हिथ्रो विमानस्थलमा कडा सुरक्षा पार गरी विमान चढ्ने स्थानसम्म पुगेको कुराको वर्णन गर्दै कुसुमले नेपालको एयरपोर्टलाई सम्झिएका छन् एवम् नेपाल र अरू ठाउँका एयरपोर्टको तुलना गरेका छन् । सुरक्षा जाँचको कडीकडाउ लन्डनको हिथ्रो विमानस्थलदेखि नै अनुवभ गरेका कुसुमले विदेश भ्रमणमा निस्कँदा अँगाल्नुपर्ने सतर्कताबारे जानकारी दिएका छन् । विदेश भ्रमणमा निस्कँदा आफ्नो झोलामा चेप्टो खालको ब्लेड, ठूलो नेलकटर, तिखो जिब्री, लाइटर वा सलाई, सानो चक्कु आदि राख्न नहुने, ठिक्कको सुटकेस, आफूलाई चाहिने मन्जन, ब्रुस, दाडी फाल्ने रेजर, साबुन, मेकअपका सामान आदि हातेझोलामा बोक्नुपर्ने, खानेकुरा आदि पनि झोलामा नै राख्नुपर्ने, होटलमा बस्दा आफ्ना सामानको रखाइ ठीकसँग गर्नुपर्ने, बाहिर जाँदा पैसा बोक्न नहुने आदि कुराको चर्चा गर्दै विदेशमा हिँड्दा कानुनी प्रक्रिया पूरा भएको राहदानी, हिँड्ने बेलामा जानुपर्ने देशको भिसा, डलर, ट्राभलर्स चेक र प्लेनको टिकटलाई हिफासतसँग राख्नुपर्ने, आतेजाते टिकट बनाएमा हिँड्न सजिलो हुने, दलालबाट बच्नुपर्ने, उडान हुनुभन्दा अगाडि नै विमानस्थलमा आइपुग्नुपर्ने, नजानेको ठाउँमा त्यहाँका कर्मचारीहरूसँग सोध्न हिचकिचाउन नहुने र विमानमा रक्सी खान नहुने आदि कुराको जानकारी दिएर प्रस्तुत यात्रासंस्मरणको अन्त्य गरेका छन् ।

(३) वासिङ्गटन डी. सी. र मेरो अनुभव' संस्मरण

पारिको अनुभव यात्रासंस्मरणको तेस्रो संस्मरण 'वासिङ्गटन डी. सी. र मेरो अनुभव' रहेको छ । प्रस्तुत संस्मरणमा अमेरिकाको वासिङ्गटन डी. सी. मा बस्दा आफूले अनुभव गरेका कुरालाई कुसुमले प्रस्तुत गरेकाले यस निबन्धको शीर्षक सार्थक बन्न पुगेको छ ।

डल्लास विमानस्थलमा राजदूतावासबाट उनीहरूलाई भेट्न दिनेश भट्टराई आएको प्रसङ्गबाट यस संस्मरणको प्रारम्भ भएको छ । उनीहरूको समूहका लागि सम्पर्क अधिकृतका रूपमा खटाइएका जोइस र जेम्सले उनीहरूलाई Embassy Square Suits Hotle, 2000 N.St. Washingtan D. C. 200-36 पुऱ्याएर कोठाको बस्दोवस्त मिलाएको कुरा प्रस्तुत गर्दै दुई बेडको कोठाको साँचो लिएका उनीहरूले समूहका एक जनाले तीन जना सँगै बस्छौँ भनेर आग्रह गर्दा जोइस रिसाउँदै एकएक बेडको कोठामा बस्नुपर्छ भनेकाले १४० डलर तिरेर उनीहरू त्यहाँ बसेको कुरा प्रस्तुत गरेका छन् । त्यसपछि वासिङ्गटनको इतिहासबारे स्पष्ट पार्दै जर्ज वासिङ्गटन सन् १७८९ मा राष्ट्रपति भएपछि यस सहरको नाम वासिङ्गटन रहन गएको कुराको उल्लेख गरेका छन् । अमेरिकाको राजधानीका रूपमा परिचित यस सहरको व्यापारिक महत्त्वबारे उनीहरूको गाइडले बताएको चर्चा गरेका छन् । अमेरिकामा युवाहरू नै हरेक क्षेत्रमा अगाडि भएको कुरा पनि उनीहरूलाई गाइडले दर्साउँछ । यसै प्रसङ्गमा कुसुमले साथी भगीरथ बस्नेतसँग भएको छलफलको

स्मरण गरेका छन् । त्यसपछि वासिङ्गटन सहरको ह्वाइट हाउस (राष्ट्रपति भवन), क्यापिटल हल (काङ्ग्रेस भवन) र सर्वोच्च अदालत, काङ्ग्रेस लाइब्रेरी आदिको जानकारी दिँदै क्यापिटल हल सबैभन्दा अग्लो भवन भएको र यो जनप्रतिनिधिहरूको सभा बस्ने भवन हो भनेर परिचय दिएका छन् । त्यहाँका जनप्रतिनिधि इमानदार, निस्वार्थ, मूल्य र मान्यताप्रति प्रतिबद्ध रहेको कुरा गर्दै कुसुमले उनीहरूको प्रशंसा पनि गरेका छन् भने नेपालका जनप्रतिनिधि र अमेरिकी जनप्रतिनिधिबीच तुलना पनि गरेका छन् । व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका भवनहरू नजिकै निर्माण गर्नुको कारण सहकारिता र समझदारी कायम गर्नु हो भन्ने तर्क पनि कुसुमले यहाँ राखेका छन् । अमेरिकामा सुरक्षा जाँच निकै कडा भएको अनुभव गरेका कुसुमले नारायण पौडेलसँग नाइट क्लब छिर्दा स्पोर्ट सु लगाएको भन्दै उनलाई गेटबाट छिर्न नदिएको कुराको सम्झना पनि गरेका छन् । उनको भनाइअनुसार यस्तो जुत्तामा विस्फोटक पदार्थ राखेर ल्याउने सम्भावना बढी हुने भएकाले सार्वजनिक ठाउँमा स्पोर्ट सु लगाउन बन्द गरिएको रहेछ । क्लबभित्र पस्न नपाएपछि बाहिर घुमेर आनन्द लिएको, अमेरिकाको ट्राफिक नियमको कडाइ, अमेरिकाको सडकको सञ्जाल, अमेरिकी सहर र काठमाडौं सहरबीच तुलना, अमेरिकाको सडकमा प्रदूषण नभएको आदि कुराको जानकारी दिएका छन् । अमेरिकाका सबै मानिसहरूसँग गाडी हुने गरेको, अमेरिकामा बस्ने नेपालीहरू पनि आर्थिक रूपले सम्पन्न रहेको तथ्य प्रस्तुत गर्दै अमेरिकामा भेटिएका नेपालीहरूले नेपालको शान्तिप्रक्रियामा प्रश्नचिह्न उठाएको, अमेरिकी नेपालीहरूले हिन्दूधर्मअनुसारका मन्दिर निर्माण गरेका सन्दर्भहरूको बयान गरेका छन् । भर्जिनिया, मेरिल्यान्ड र वासिङ्गटन डी. सी. यी तीनवटा राज्यहरू जोडिएको भए पनि वासिङ्गटन डी. सी. मा काम गर्ने र अन्य दुई राज्यमा बसोबास गर्ने मानिसहरू धेरै भएको, त्यहाँ स्थित कङ्ग्रेस पुस्तकालय, ८ जुलाइ २००२ को साँझ अमेरिकामा रहेका नेपालीहरूले कवितागोष्ठी गरेको, क्यापिटल हिलको भ्रमण गरेको, प्रतिनिधि सभाका एउटा उपसमितिका अध्यक्ष स्टीभ हार्नसँग भएको कुराकानी, क्यापिटल हलको विस्तृत विवरण, मेरिडियन इन्टरनेसनल सेन्टरको तर्फबाट दिइएको दिवाभोज, अमेरिकामा पालना गर्नुपर्ने नियम, जर्ज वासिङ्गटनको पैत्रिक थलो माउन्ट भेरोनको अवलोकन, वासिङ्गटनमा कानुनको शासन र भ्रष्टाचार नियन्त्रणको स्थिति, सरकारले जनतालाई नै सर्वोसर्वा मान्ने परम्परा, खानेपानी र वातावरणीय कार्यक्रमको वर्णन, अमेरिकाको संसद्मा गरिने क्रियाकलापहरूको विवरण, केन्द्र सरकार र गैरसरकारी संस्थाहरूको कार्यक्रमको विवरण, मिकोबसँगको भेटवार्ता, प्याट्रिकसँगको छलफल, एसिया फाउन्डेसन गैरसरकारी संस्थाको कार्ययोजना, यसै संस्थाकी उपाध्यक्ष न्यान्सी युआन र सहायक निर्देशक श्रीमती जोइसचन्द्रनसँग भएको भेटघाट, अमेरिकी सेना र

प्रतिनिधिसभाले कसरी काम गर्छन् भन्नेबारेको छलफल, प्रतिनिधिसभाका क्रियाकलाप आदिको विवरण प्रस्तुत गरी यस संस्मरणको अन्त्य गरिएको छ ।

(४) **'चार्ल्सटनको रमाइलो' संस्मरण**

पारिको अनुभव यात्रासंस्मरणको चौथो क्रममा 'चार्ल्सटनको रमाइलो' संस्मरण रहेको छ । प्रस्तुत संस्मरणमा वेस्ट भर्जिनियाको राजधानीको भ्रमणका क्रममा कुसुमले देखेभोगेका र अनुभव गरेका विषयवस्तुलाई प्रस्तुत गरेका छन् । यो संस्मरण पनि शीर्षक विधानका दृष्टिले सार्थक छ ।

नौ दिनको वासिङ्गटनको बसाइपछि उनीहरूको यात्रा वेस्ट भर्जिनियाको चार्ल्सटन सहरतिर भएको कुराबाट प्रस्तुत निबन्ध प्रारम्भ भएको छ । यु. एस्. एयरलाइन्सबाट कुसुमलगायत उनीहरूको टोली चार्ल्सटनतिर गएको कुराको वर्णन गर्दै विमानस्थलको चेकजाँच, वासिङ्गटनमा धन्यवाद दिने चलन, अमेरिकामा नेपालभन्दा नेपल्स बुझ्ने र नेपाललाई चिनाउन माउन्ट एभरेस्टको नाम लिनुपरेको यथार्थ, प्लेनभित्र कुनै खानेकुरा नदिएको प्रसङ्ग, हाम्पटनको एक होटलका सुविधा आदिबारे बयान गरिएको छ । यसैगरी भर्जिनिया राज्य राजधानीका रूपमा रहेको चार्ल्सटन सहरको परिचय, चार्ल्सटन सहरको रीतिस्थिति, चालचलन, चार्ल्सटनका मेयर जे गोल्डम्यानसँगको भेटघाटको प्रसङ्ग एवम् उनीसँग भएका कुराकानीको सारसङ्क्षेपलाई प्रस्तुत गरिएको छ । गोल्डम्यानले जनताका लागि आफूले दिनरात नभनी कार्य गरेको रहस्य, चार्ल्सटन सहरको विकास, व्यक्तिगत, सामूहिक र संस्थागत नैतिकता र विचारसम्बन्धमा गरिने कार्यक्रम आदिका बारेमा गरिएका कुराकानीलाई पनि उक्त निबन्धमा समेटिएको छ । यसका साथै Regional Intergovernmental Council को Vision Shared विषयक सहभागितामूलक छलफलमा भाग लिएको, पहुनालाई देवताको रूपमा सत्कार गर्ने त्यहाँको चलन, हेनरी जी. टेलर (जो पब्लिक हेल्थ ब्युरो वेस्ट भर्जिनियाका कमिस्नर थिए) कहाँ खाना खाएको प्रसङ्ग, घरमा हेनरी जी. टेलर र उनकी श्रीमती न्यान्सी मात्र रहेकाले आफैँ पकाएर उनीहरूलाई नेपाली खाना खुवाएको कुरा वर्णन गरिएको छ । त्यसपछि क्यापिटल हिलको ट्रेजरी बिल अफिस र डिपार्टमेन्ट अफ एडमिनिस्ट्रेसनमा वेस्ट भर्जिनिया राज्यकी सहायक स्टेट ट्रेजरर जेरी सिम्पसनसँगको राज्यको प्रशासन, सुशासन, पारदर्शिता र जवाफदेहीपनका बारेमा भएको छलफललाई प्रस्तुत गरिएको छ । यसै क्रममा वेस्ट भर्जिनियाका एटोर्नी जनरल ड्यारेल मी म्याकग्रासँग सरकारको नयाँ सोच, व्यावहारिक एवम् परिवर्तनसम्बन्धी छलफल भएको, त्यस राज्यको पुतनाम काउन्टी विकास प्राधिकरणद्वारा पुतनाम काउन्टीलाई विकास गर्न चालिएका प्रयासहरू उक्त प्राधिकरणका कार्यकारी निर्देशक गेटी वाल्टनद्वारा प्रस्तुत गरिएका भनाइको सारसङ्क्षेप, टोयटा कम्पनीको भ्रमण, स्थानीय टेलिभिजनले

कुसुमसँग लिएको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । अन्त्यमा वेस्ट भर्जिनियाको भ्रमणको अवधि समारोहका साथ समाप्त भएको र उक्त समापन समारोहमा सिनेट क्लर्क डारेल होल्मेसले आफूलाई प्रमाणपत्रसहित बिदाइ गरेको कुरा लेखकले चर्चा गरेका छन् । वेस्ट भर्जिनिया सहरको यात्राका क्रममा अनुभव गरेका कुराहरू उक्त समारोहमा आफूले राखेको र सबैलाई धन्यवाद दिँदै होटलतिर लागेको, भोलिपल्ट २० जुलाई सन् २००२ का दिन बिहानै ८ : ०० बजे न्यु मेक्सिकोका लागि युनाइटेड एयरलाइन्सको विमानबाट उडेको, विमानबाट रमाइलो दृश्यावलोनकन गर्दै ३ घन्टाको यात्रापछि न्यु मेक्सिकोको एल्बुकर्क विमानस्थल ओर्लिएको जानकारी दिँदै यो संस्मरण समाप्त टुङ्ग्याइएको छ ।

(५) 'प्युब्लो र सान्टाफे' संस्मरण

'प्युब्लो र सान्टाफे' **पारिको अनुभव** यात्रासंस्मरणको पाँचौँ क्रममा रहेको संस्मरण हो । यस संस्मरणमा कुसुमले न्यु मेक्सिकोका प्युब्लो र सान्टाफे सहरको चित्रण गरेकोले संस्मरणको शीर्षक सार्थक रहेको छ ।

वासिङ्गटन, वेस्टभर्जिनिया हुँदै कुसुम र उनको टोली न्यु मेक्सिको उत्रेको विषयवस्तुबाट यस संस्मरणको प्रारम्भ गरिएको छ । यस सहरको एल्बुकर्क विमानस्थलमा ओलिएर उनीहरू सान्टाफेतिर लाग्छन् । यो ठाउँलाई इन्डियन र एङ्लो अमेरिकनहरूको द्वन्द्व स्थलको रूपमा परम्पराकालदेखि नै चिनिँदै आएको कुरा कुसुमले जानकारी दिएका छन् । यो ठाउँ प्रायः मरुभूमि रहेको, यसका राम्रा सहर एल्बुकर्क र सान्टाफे रहेको कुरा उनले बताएका छन् । यो राज्य अन्य राज्यहरूको तुलनामा ऐतिहासिक र सांस्कृतिक हिसाबले भने धनी रहेको, सन् १६१० मा जुआन डे आनेटले यो राज्यको राजधानीको रूपमा सान्टाफेको प्रयोग गरेको कुरा चर्चा गरेका छन् । उनीहरू सान्टाफेको सेन्ट फ्रान्सिसमा बसेको, उनीहरूले आफ्नो संस्कृतिको छाप ईसापूर्व १००० वर्ष पहिले नै छोडेको र अझैसम्म इन्डियनहरूले आफ्नो पुरानो धर्मलाई जीवित राखेको कुरा गरेका छन् । सान्टाफेबाट ७५ माइल टाढा प्युब्लो रहेको जानकारी दिँदै लेखकले त्यहाँको भौगोलिक अवस्थाको वर्णन गरेका छन् । त्यहाँ पिरामीडजस्ता आकारका सानासाना राता ढिस्काहरू, रातोमाटाको जमिन, जमिनमा सानासाना बुट्यानहरू रहेको यो ठाउँ हलिउडका सिनेमाहरूको सुटिङ्ग स्थल रहेको जानकारी पनि दिएका छन् । प्युब्लोमा लागेको मेलाको वर्णन गर्दै स्थानीय वासिन्दाले हातले बनाएका सामानहरूको अवलोकन गरेको कुरा अवगत गराएका छन् । नेपाली र अमेरिकी जनताको बीचमा शिक्षा र चेतनाको स्तरमा ज्यादै भिन्नता रहेको कुरा प्रस्तुत गर्दै त्यस मेलाको वातावरणको परिचय दिएका छन् । त्यसपछि त्यहाँका मानिसले चारपाँच कोठा भएको सानो घरजस्तै एउटा ठूलो

भ्यानमा जीवन गुजारेको यथार्थलाई प्रस्तुत गर्दै उनीहरूले प्युब्लोहरूको १,००० वर्ष पुरानो बस्तीको अवलोकन गरेको कुरा जानकारी दिएका छन् । प्युब्लोको अवलोकनपछि उनीहरू सान्टाफे फर्केको र बाटामा रेस्टुँरामा खाजा खाएको कुरा वर्णन गर्दै प्युब्लोबस्तीको विकासको गति, त्यहाँको शिक्षाका बारेमा चर्चा गरेका छन् । त्यसको भोलिपल्ट Poebs Cultural Center, Pueblo of Pojoaque संस्थाका बजार निर्देशक ड्यानियल ई. मोयासँगको भेटघाट र उनीसँग भएका कुराहरू प्रस्तुत गरिएको छ भने उनले आफूलाई सानो उपहार दिएको कुरा पनि जानकारी गराइएको छ । सान्टाफेस्थित सार्वजनिक सुरक्षा विभागका प्रमुख जोन ह्विलरसँगको भेटघाट र उनीसँग भएका भ्रष्टाचार नियन्त्रण गर्न सरकारी र गैरसरकारी संस्थाबीचको समन्वय, चेतनावृद्धि र जागरुक जनताका बारेको कुरा प्रस्तुत गर्दै यसै छलफलका क्रममा त्यस राज्यकी तत्कालीन गभर्नरकी छोरी जेसिकासँग भएको कुराकानीलाई पनि प्रस्तुत गरेका छन् । यात्राकै क्रममा ली र स्यान्डीबेरी त्यस देशमा रहेका नेपालीहरूलाई माया गर्ने जोडीका रूपमा चिनिएका रहेछन् र यी जोडीले कुसुमको टोलीलाई पनि बोलाएर खाना खुवाएको कुरा चर्चा गरेका छन् । अन्त्यमा न्यु मेक्सिकोबाट युटाह राज्यतिर जानका लागि एल्बुकर्क विमानस्थलतिर गएको, त्यहाँको कडा सुरक्षा जाँचपछि उनीहरू युटाह राज्यको साल्टलेक सिटीतिर लागेको कुराको वर्णन गर्दै प्रस्तुत संस्मरणलाई टुङ्ग्याइएको छ ।

(६) **'साल्ट लेकको नुनिलो पानी' संस्मरण**

'साल्ट लेकको नुनिलो पानी' **पारिको अनुभव** यात्रासंस्मरणको छैटौँ संस्मरण हो । यस संस्मरणमा युटाह राज्यको राधजानी साल्ट लेक सिटीको यात्राको वर्णन गरिएकोले यस संस्मरणको शीर्षक सार्थक हुन पुगेको छ ।

न्यु मेक्सिकोबाट डेल्टा एयरलाइन्सको प्लाइट नं. १६४० बाट २३ जुलाई सन् २००२ कादि साल्ट लेक सिटीतर्फ गएको कुराबाट यो संस्मरण प्रारम्भ गरिएको छ । एल्बुकर्क विमानस्थलबाट पश्चिमउत्तर हुँदै विमान उडेको र विमानबाट विभिन्न दृश्याअवलोकन गर्दै साल्ट लेक सिटीको एयरपोर्टमा उत्रेको, साल्ट लेक सिटीमा प्रशस्त तलाउहरू रहेको, विमानस्थलबाट बस चढेर साल्ट लेक सिटीतिर जाँदा बाटामा एउटा डिपाटमेन्टल स्टोरमा खानेकुरा किनेको र त्यहाँ फलफूल साह्रै महँगो भएको कुराको वर्णन गरिएको छ । त्यसपछि मेरियट होटलमा बास बसेको, सार्ल्ट लेक सिटी अन्य सिटीभन्दा धार्मिक, सामाजिक, ऐतिहासिक, औद्योगिक र भौगोलिक हिसाबमा फरक भएको, क्रिश्चियन धर्मावलम्बीहरूको सहरका रूपमा यो सिटी परिचित रहेको कुरा बताउँदै यस सहरको इतिहास र सहर निर्माण गर्दा ब्रिघम योँगले आउँदो २-३ शताब्दीको जनसङ्ख्यालाई ध्यानमा राखी बनाएको कुराको चर्चा गरिएको छ । सन् १९८६ मा ४५ औँ सङ्घीय राज्यको रूपमा युटाह

देखापरेको र यो राज्य औद्योगिक राज्यमा चिनिएको कुरा यसमा प्रस्तुत गरिएको छ । यस राज्यमा सुन,चाँदी, तामा, सिसा आदि खानीजन्य उद्योगहरू निकै फस्टाएको, कोइला र पेट्रोल भने रिजर्भका रूपमा राखिएको कुराको जानकारी दिइएको छ ।

भोलिपल्ट अर्थात् २४ जुलाइका दिन साल्ट लेक सिटीले राज्यलाई उन्नत तुल्याउने व्यक्तिहरूको सम्झनामा पायोनियर्स दिवस मनाउने चलन रहेको र त्यो दिवसमा आफूहरूले देखेको रमाइला कुरा प्रस्तुत गरेका छन् । त्यसपछि उनीहरू ग्रेट साल्ट लेकमा गएको, त्यहाँका नुनिलो पानीका तलाउको दृश्य हेर्दै कुसुमले ती तलाउको विशेषताबारे चर्चा गरेका छन् । यात्राका क्रममा उनीहरूले साल्ट लेकको ओलम्पिक पार्क अवलोकन गरेको, त्यहाँको वातावरण हाम्रो नेपालको पहाडी भूभागजस्तै रहेको कुरा गर्दै कुसुमले नेपालका हिमशृङ्खला र त्यस भेगका पहाडसँग तुलना गरेका छन् । त्यस ओलम्पिक पार्कमा मनोरञ्जनका विभिन्न कुराहरूदेखि लिएर विभिन्न खेल सिकाइने कुराको जानकारी दिइएको छ । अर्कोदिन व्रिघम योँग युनिभर्सिटीको पब्लिक पोलेसी ग्याजुयट प्रोग्रामका प्रोफेसर र सम्बन्धित पदाधिकारीहरूसँग भएको भेट, ती पदाधिकारीहरूले नेपाल र नेपालीहरूप्रति देखाएको प्रेम, सद्भाव, र सहानुभूति आदिको चर्चा गर्दै प्रशासन, सुशासन विद्रोहलाई शान्तिमा बदल्ने उपाय र परराष्ट्र नीति एवम् सार्वजनिक नीतिका बारेमा छलफल केन्द्रित रहेको कुरा प्रस्तुत गरिएको छ । यसै क्रममा व्रिघम योँग युनिभर्सिटीको इतिहास, यस युनिभर्सिटीमा अध्ययनरत विद्यार्थीमध्ये नेपाली विद्यार्थी एक जना निरञ्जन भण्डारी मात्र रहेका, उनीहरूसँगको वार्तालाप, विश्वविद्यालयको वातावरण आदिको जानकारी दिइएको छ । त्यसपछि त्यस राज्यको स्टेट क्यापिटल बिल्डिङ, मुख्य सरकारी कार्यालयकी प्रतिनिधिसभा सदस्य बेकी लकहर्टसँगको भेटघाट र कुराकानी, प्रोफेसर स्टेफेनसँगको कुराकानी, स्टेफेनले जापानको विश्वविद्यालयमा नेपाली विद्यार्थीले बढी अङ्क ल्याएर उत्तीर्ण गरेको कुरालाई सुनाएको प्रसङ्ग, Church of Jesus Christ : A Saint of Later Days का प्रबन्धकद्वारा उनीहरूलाई खाना खान बोलाएको र खाना खाएको प्रसङ्ग, चर्च (मोर्मोन) ले गरेको Welfare Square /Humanitarian Center को भ्रमण, धार्मिक स्वयंसेवकहरूको सक्रियता, यस संस्थाले विभिन्न कार्य गरेर आफ्नो राज्यलगायत अफ्रिका र एसियाका मुलुकहरूमा गरेको सहयोग, यसले नेपाललाई पनि विभिन्न समयमा गरेका सहयोगको चर्चा गर्दै अन्त्यमा सोन्जा चेस्ले इरनिस नामकी महिलाले उनीहरूलाई खाना खान बोलाएको र उनीकहाँ खाएर होटलमा आई सुतेको प्रसङ्ग प्रस्तुत गर्दै संस्मरण टुङ्ग्याइएको छ ।

(७) 'लस एन्जेलसमा लाइन मिच्दा' संस्मरण

पारिको अनुभव यात्रासंस्मरणको सातौँ संस्मरण 'लस एन्जेलसमा लाइन मिच्दा' रहेको छ । यस संस्मरणमा आफूहरू नेपाल फर्किने क्रममा लस एन्जेलसमा प्लेन छुट्ने डरले लाइन मिच्दा कुसुमलाई अन्य यात्रीहरूले हप्काएको र आफूलाई लाज लागेको यथार्थ प्रस्तुत गरिएकाले संस्मरणको शीर्षक सार्थक छ ।

२७ जुलाई सन् २००२ उनीहरूको अमेरिकायात्राको अन्तिम दिन रहेको कुराबाट यो संस्मरण प्रारम्भ गरिएको छ । साल्टलेकसिटीबाट शक्तिजी, दीपेन्द्रजी र श्रीरामजी बोस्टनतिर जाने र जेम्स र ज्वायस वासिङ्गटन डी. सी. जाने भएकाले नेपालतिर फर्किने समूह अब ८ जना मात्र रहेको, जेम्स र ज्वायसको बिदाइमा कुसुमलाई खल्लो लागेको, साल्ट लेक सिटीबाट लस एन्जेलस उडेको, लस एन्जेलस सहरको इतिहास र सहरिया वातावरणबारे चर्चा गरिएको छ । लस एन्जेलसबाट ४ घन्टापछि मात्र उडान भएकाले आफ्नो टोली घुमिरहेको बेला सेक्युरिटी गार्डले सबैलाई एयरपोर्ट बाहिर निकालेको, निकालिएको विषय थाहा नपाई सबै बाहिर दौडिएको देखेपछि उनीहरू पनि बाहिर दौडिएको, पछि थाहा हुँदा त्यस एयरपोर्टमा कसैले बम राखेको फोन राखेको सूचना आएपछि सबै यात्रुहरूलाई बाहिर पठाइएको रहेछ । त्यस समयमा कुसुमले आफ्ना जहानपरिवारलाई सम्झेको, आफूलाई साह्रै पिसाबले च्यापेको, कतै रेस्ट रुम नभएको, साढे तीन बजे इन्ट्रान्स खुलेको, ४ : ३० को फ्लाइट भएकाले प्लेन छुट्ने डरले दुईतीन जनालाई मिचेर अगाडि जाँदा अमेरिकीहरूका अगाडि बहिरोको अभिनय गरेको कुरा प्रस्तुत गर्दै बल्लबल्ल बोर्डिङ्ग गेटभित्र छिरेको र रेस्ट रुममा पिसाब फेर्दा स्वर्गीय आनन्दको अनुभूति भएको, प्लेन चढेपछि विविध दृश्यावलोकन गर्दै हिथ्रो विमानस्थलमा आइपुगेको सन्दर्भसँगै यो संस्मरण टुङ्ग्याइएको छ ।

(८) 'हिथ्रोदेखि काठमाडौँसम्म' संस्मरण

पारिको अनुभव यात्रासंस्मरणको अन्तिम वा आठौँ संस्मरण 'हिथ्रोदेखि काठमाडौँसम्म' रहेको छ । यस संस्मरणमा हिथ्रोदेखि काठमाडौँको अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएको विषयवस्तुलाई प्रस्तुत गरिएकाले यसको शीर्षक सार्थक हुन पुगेको छ ।

बिहान हिथ्रो विमानस्थल उत्रे पनि हिथ्रोदेखि काठमाडौँको प्लेन १० घन्टापछि मात्र उड्ने कुराबाट संस्मरण प्रारम्भ भएको छ । हिथ्रो विमानस्थलको परिचय दिँदै फ्रैँकफर्ट, सिकागो, लस एन्जेलस, हङ्ककङ्ग, टोकियो आदि सहरका विमानस्थललाई यस विमानस्थलले उछिनेको जानकारी दिइएको छ । विमानस्थलदेखि बाहिर निस्किने अवस्था नभएपछि उनीहरू विमानस्थलकै सानो कुर्सीमा आराम गर्दागर्दै केही क्षण निदाएको, त्यस विमानस्थलमा ब्रिटेनबाट आएका यात्रीहरू धेरै

भएको उल्लेख गर्दै लेखकले ब्रिटेन सम्झन पुगेको, ब्रिटेनको इतिहास, यहाँको प्रशासनिक गतिविधिलाई प्रस्तुत गर्दै आफ्ना छेउको कुर्सीमा एउटी मोटी आइमाई आएर बसेको, उसको पसिना गह्नाएका कारण लेखक त्यहाँबाट उठेर ड्युटी फ्री पसलतिर केही किन्न गएको तर महँगोका कारण केही नकिनेर केवल छोराछोरीलाई चलकेट किनेको जस्ता प्रसङ्गहरू समेटिएका छन् । आठ घन्टाको बसाइपछि टेलिभिजनको स्क्रिनमा बोर्डिङ्ग गेट नम्बर र बोर्डिङ्ग टायम प्रसारण भएपछि साथीहरूलाई खोजेको तर नभेटिएपछि गेटतिरै होलान् भनेर गेटतिर गएको र उनीहरूलाई गेटमै भेटेको, गल्फ एयरबाट उडेको, ब्रिटेन, इङ्गलिस च्यानल हुँदै अवुधावीमा प्लेन उत्रेको, अवुधावी विमानस्थलमा ५ घण्टा घुमेर बिताएको र ५ घन्टापछि गल्फ एयरकै विमानबाट इन्डिया हुँदै काठमाडौँको अन्तर्राष्ट्रिय विमानस्थलमा सकुशल उत्रेका विवरणसँगै संस्मरणलाई टुङ्ग्याइएको छ ।

यस सङ्ग्रहमा सङ्कलित भएका संस्मरणहरूमा कुसुमले आफू अमेरिकाका विभिन्न ठाउँहरूको यात्राका क्रममा देखेभोगेका र घटेका घटनाहरूलाई वर्णन गर्दै कतिपय सन्दर्भलाई नेपालसँग तुलना गरेर नेपालमा पनि ती कुराहरू लागू भएदेखि नेपाल एक समृद्ध देश बन्न सक्नेथियो भन्ने विचार व्यक्त गरेका छन् । अन्य ठाउँहरूका विमानस्थलसँग नेपालका विमानस्थलहरूको तुलनाका क्रममा नेपालका विमानस्थलहरूमा चोरी, डकैती र घुस आदि कुराहरू हुनेगरेको सन्दर्भलाई प्रस्तुत गर्दै विमानस्थलको सुरक्षा जाँचको कमीलाई प्रस्तुत गरेका छन् । त्यस्तै कतिपय सरकारी नीतिहरू, गैरसरकारी संस्थाका नीतिनियमहरू, ती संस्थाहरूको लक्ष्य आदि कुराहरूलाई नेपालको प्रशासन एवम् गैरसरकारी संस्थाका नीतिनियमसँग तुलना गरी नेपालका प्रशासनका नीतिनियमहरू क्षणिक र गतिहीन भएको कुरा दर्साइएको छ । सहर निर्माण गर्ने सन्दर्भमा अमेरिकाका विभिन्न सहरहरूको निर्माण ३०० वर्ष पछाडिको अवस्थालाई निर्माण गरिएको र ती सहरसँग काठमाडौँ सहरको तुलना गर्दै काठमाडौँ सहरको निर्माण तथा विकास वर्तमान समयमा पनि अरुचिकर रहेको कुरालाई उनले प्रस्तुत गरेका छन् । यात्राका क्रममा विभिन्न स्थानमा कुसुमले भोगेका तीता घटनाहरूबाट हामी नेपालीहरू विविध दृष्टिकोणले पछाडि रहेको कुरा पनि यी संस्मरणहरूमा दर्साइएको छ ।

४.३.२.२ भाषाशैलीका दृष्टिले 'पारिको अनुभव' यात्रासंस्मरणहरूको विश्लेषण

भाषाशैलीका दृष्टिले हेर्दा यस निबन्धसङ्ग्रहमा गोविन्दप्रसाद कुसुमले वर्णनात्मक एवम् विवरणात्मक भाषाशैलीको पद्धतिलाई अँगालेका छन् । कुनै पनि कुराको वर्णन गर्दा त्यस विषयसँग सम्बन्धित सम्पूर्ण विषयवस्तुको वर्णन पनि यस निबन्धमा उनले गरेका छन् । भ्रमणका समयमा देखेका, सुनेका र भोगेका अनुभूतिहरूलाई यथार्थ रूपमा सरल र सहज भाषाशैलीमा उतार्नु कुसुमको निबन्धगत भाषाशैलीय विशेषता हो । विभिन्न स्थानमा विचलनयुक्त भाषाको प्रयोग

गरिएको यस सङ्ग्रहका संस्मरणहरूमा इतिहासलाई प्रस्तुत गर्दा तिथिमितिलाई समेत उनले उल्लेख गरेका छन् । ठाउँठाउँमा आलङ्कारिक भाषाशैलीको प्रयोग पनि उनले यी संस्मरणहरूमा गरेको देखिन्छ । जस्तै : "उकालो बाटोबाट ओरालोतर्फ बगेको छङछङ छहराझैँ भौतिक आवश्यकता आपूर्तिका लागि अवसरहको खोजीमा सबै देशका मानिसहरू अमेरिकातर्फ बग्ने क्रम प्रत्येक वर्ष बढ्दो छ ।" (कुसुम; २०६० : २) । तत्सम शब्दको बहुल प्रयोग गरिएको यस निबन्धमा प्रशस्त मात्रामा आगन्तुक शब्दको पनि प्रयोग भएको देखिन्छ । अमेरिकाको कुनै राज्यको इतिहासलाई प्रस्ट पार्ने सन्दर्भमा प्रशस्त अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि सङ्ग्रहका निबन्धहरूमा भएको देखिन्छ । यात्रा सन्दर्भका सानाभन्दा साना कुराहरूलाई पनि निबन्धमा कुसुमले समेटेका छन् । दैनिकी पद्धतिलाई पनि केही मात्रामा अँगाली कुसुमले पहिलो दिन, दोस्रो दिन, तेस्रो दिन भनी विषयको वर्णन गरेका छन् । यहाँ अङ्ग्रेजी शब्दलाई नेपालीमा प्रस्तुत गरिएको र कोष्ठकमा अङ्ग्रेजी शब्दहरू उल्लेख गरिएको छ । अत्यन्त चलनचल्तीका उखानहरू उनको लेखाइमा परेका छन् । कतैकतै संवादात्मक शैलीको पनि प्रयोग गरिएको छ । स्मृतिसन्दर्भको उल्लेखका क्रममा भूतकालिक क्रियाको प्रयोग गरिएको छ । संस्मरणहरूको बीचमा उनले दुईवटा कविता पनि प्रस्तुत गरेका छन् । । लेखकले कतै सुझाव, कतै आफू पुगेको ठाउँको चित्रण, कतै आफूले यात्राका क्रममा भोगेका तीता यथार्थलाई जस्ताको तस्तै रूपमा यहाँ प्रस्तुत गरेका छन् । त्यसैले उनका स्मृतिसन्दर्भहरूलाई पढ्दा पाठक पनि उनी सँगसँगै यात्रा गरिरहेको अनुभव गर्छ ।

४.३.२.३ निष्कर्ष

गोविन्दप्रसाद 'कुसुम'को **पारिको अनुभव** (२०६०) यात्रासंस्मरणमा उपर्युक्त ८ वटा संस्मरणहरू सङ्गृहीत भएका छन् । यी संस्मरणहरूमा अमेरिकाको भ्रमणयात्राका क्रममा कुसुमले देखेभोगेका एवम् घटेका घटनाहरूलाई विषयवस्तु बनाइएको छ । न्यूनतम २० पृष्ठदेखि अधिकतम ५० पृष्ठसम्मको लमाइमा फैलिएका यी संस्मरणहरूमा कुसुमले सन् २००२ मा अमेरिकाको भ्रमणका क्रममा आफू घुमेका स्थान, त्यस स्थानको इतिहास र वासिङ्गटन डी. सी., सान्टाफे, प्युब्लो, चार्ल्सटन, साल्ट लेक सिटी, युटाह आदि सहरहरूको भौगोलिक अवस्था, रहनसहन, भाषाशैली, आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक स्वरूपको वर्णन गर्दै ती सहरहरूको व्यवस्थापन पक्षलाई नेपालसँग तुलना पनि गरेका छन् । यस सङ्ग्रहमा ८ वटा संस्मरणहरू सङ्गृहीत भए पनि प्रत्येक संस्मरणहरूको पूर्वापर सम्बन्ध रहेको छ । भ्रमणका क्रममा भएका भेटघाट, छलफल, गोष्ठी, सेमिनार आदि कुराहरूलाई पनि कुसुमले यी संस्मरणहरूमा यथार्थ रूपमा

प्रस्तुत गर्दै कैयौँ ठाउँमा भ्रमणका अवस्थामा अपनाउनुपर्ने सतर्कता तथा विदेश भ्रमणमा रहेका बेला यात्रीले ध्यान पुऱ्याउनुपर्ने कुराहरू प्रस्तुत गरेका छन् ।

संस्मरणहरूको शैली वर्णनात्मक पद्धतिमा आधारित छ । आफ्ना संस्मरणहरूमा कुसुमले कतै संवादात्मक र कतै वर्णनात्मक पद्धतिलाई पनि अँगालेका छन् । संस्मरण लेख्ने क्रममा नेपाली लेखाइ र बोलचालमा प्रचलित नेपाली भाषाको प्रयोग गरिए तापनि विभिन्न ठाउँमा विचलनयुक्त वाक्यहरूको प्रयोगका साथै अङ्ग्रेजी भाषाका शब्दहरू पनि प्रशस्त मात्रामा प्रयोग गरिएका छन् । कुसुमले नेपाली समाजमा प्रचलित विभिन्न उखानहरूलाई पनि आफ्ना संस्मरणहरूमा प्रयोग गरेका छन् । समग्रमा यो कृति नेपाली साहित्यको यात्रासंस्मरण विधामा उपलब्धिपूर्ण छ र अमेरिका जाने र अमेरिकाको ज्ञान राख्न चाहने पाठकहरूका लागि उपयोगी सामग्री पनि साबित भएको छ ।

४.४ गोविन्दप्रसाद 'कुसुम'का कविताको विश्लेषण

४.४.१ लेखन तथा प्रकाशन-सन्दर्भ

गोविन्दप्रसाद 'कुसुम'ले कवितासृजनामा पनि बेलाबखत रुचि देखाउँदै आएका छन् । उनका कविताका पुस्तकाकार कृति प्रकाशित नभए पनि उनका केही फुटकर कविताहरू **श्रीनगर, मधुपर्क**लगायतका साहित्यिक पत्रपत्रिका साथै **पारिको अनुभव** (२०६०) यात्रासंस्मरण कृतिमा प्रकाशित छन् । उनका हालसम्म प्रकाशित फुटकर कविताहरू 'एक भियतनामी बालक' (२०२८), 'जिजीविषा' (२०५४), 'यात्रा लामो छ' (२०५५), 'बुद्ध किन बौल्दैनौ ?' (२०६०) र 'परेवा र चील' (२०६०) हुन् । कुसुमले २०२८ सालदेखि कविता लेख्न थाले तापनि २०४६ सालको जनआन्दोलनपछि उनको कविता सृजनाले तीव्रता पाएको देखिन्छ ।

४.४.२ गोविन्दप्रसाद 'कुसुम'का कविताको विश्लेषण

गोविन्दप्रसाद 'कुसुम'का उपर्युक्त कविताहरूको कविताका विधागत तत्त्वका ाधारमा तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ :

(१) 'एक भियतनामी बालक' कविताको विश्लेषण

'एक भियतनामी बालक' कवि गोविन्दप्रसाद 'कुसुम'द्वारा लिखित तथा प्रकाशित पहिलो कविता हो । उक्त कविता उनले सर्वप्रथम त्रिभुवन कलेज पाल्पाबाट आयोजित कविता प्रतियोगितामा वाचन गरी प्रथम स्थान हासिल गरेका थिए । त्यसपछि यो कविता २०२८ सालमा पाल्पाबाट निस्कने साहित्यिक पत्रिका **श्रीनगर**मा छापिन पुगेको थियो । उनको यो कविता हाल अप्राप्य भएकाले यसको विषयवस्तुबारे उनीसँगै सम्पर्क गर्दा उनले युद्धबाट ग्रस्त भियतनाम र

युद्धमा आफ्ना आमाबाबु गुमाएको एक बालकको पीडालाई अभिव्यक्ति गरेको बताएका छन् ।[४१] यसबाहेक कुसुमको उक्त कविताबारे अन्य जानकारीहरू उपलब्ध हुन सकेको छैन । जेहोस् प्रस्तुत कविताबाट कुसुमले आफ्नो सृजनायात्रा आरम्भ गरेकाले यसको विशेष महत्त्व रहेको देखिन्छ ।

(२) 'जिजीविषा' कविताको विश्लेषण

कवि कुसुमद्वारा लिखित 'जिजीविषा' शीर्षकको कविता **मधुपर्क** (वर्ष ३०, अङ्क ९, पूर्णाङ्क ३४४, मार्ग २०५४) मा छापिएको थियो । यो उनको दोस्रो कविता हो । प्रस्तुत कविता गद्य कविताको मुक्त लयात्मक ढाँचामा लेखिएको छ । प्रथम पुरुषीय उक्ति ढाँचामा रचित यस कवितामा मान्छेका जिजीविषाका कारण नै उसले समाजमा सन्त्रासका साथै देशको अस्मितामा प्रश्न उठ्ने गरेको यथार्थ घटनालाई कविले अभिव्यक्त गरेका छन् ।

प्रस्तुत कविता ३२ पङ्क्तिमा संरचित छ । यसका प्रत्येक पङ्क्तिमा आन्तरिक अनुप्रासको योजना भएकाले यो बढी लयात्मक पनि छ । यस कवितामा वर्णहरूका साथै शब्दहरूको आवृत्ति उत्तिकै छ । गद्यमा लेखिएको भए तापनि यो कविता लयात्मक विशेषताले युक्त छ । यसमा विम्बविधानको प्रचुरता पनि पाइन्छ । यस कवितामा कविले मान्छेका स्वार्थका कारण देश विखण्डनको अवस्थामा पुगेको तथा मानवमानवबीच सन्त्रास फैलिएको विधिको शासन नभएको, माया, ममता कृत्रिम बनेको वर्तमान अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् ।

कुसुमको प्रस्तुत कविता भावभन्दा विचारप्रधान बढी छ । कविले 'जिजीविषा' शीर्षक र यसमा समेटिएको विषयवस्तुमार्फत मान्छेका स्वार्थलाई सङ्केत गरेका छन् । मान्छे अनेक स्वार्थका कारण लोभी बन्न पुगेको र लोभको परिणामस्वरूप हाम्रो देश विखण्डनमा पुगेको सन्दर्भ प्रस्तुत छ । मान्छेमान्छेमा सन्त्रास छाएको, देशमा वैदेशिक हस्तक्षेप हुँदा पनि सत्ताका लोभी मौन बसेको सन्दर्भ उठाउँदै कविले जातीय युद्धले देश टुक्राटुक्रा बन्न लागेको वर्तमान स्थितिमा नेताहरूले भ्यागुते एकताको बिगुल फुके पनि उनीहरूको ध्यान आफ्नै स्वार्थमा केन्द्रित भएकोमा कविले व्यङ्ग प्रहार गरेका छन् । स्वार्थकै कारण आफन्तबाट आफ्नै छोरीबुहारी बेचिनुपरेको प्रसङ्गलाई कोट्ट्याउँदै मान्छेको चित्त भिँगाको झैँ हुनपुगेको छ भन्ने कविको अनुभूति छ । कविले यिनै प्रसङ्गमार्फत सामाजिक, आर्थिक, राजनैतिक एवम् सांस्कृतिक पक्षहरूमा अनेक विकृतिविसङ्गति भित्रिएको विचार यस कवितामा गरेका छन् ।

[४१] शोधनायकबाट मौखिक जानकारी ।

प्रस्तुत कवितामा आत्मालापीय शैलीको प्रयोग गरिएको छ । कवितामा अभिधा अर्थभन्दा व्यञ्जनात्मक अर्थ प्रबल छ । शब्दचयनका दृष्टिले यस कवितामा तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ । जसका कारण यस कविताको भाषा प्रभावकारी बन्न पुगेको छ ।

(३) 'यात्रा लामो छ' कविताको विश्लेषण

कवि कुसुमद्वारा लिखित 'यात्रा लामो छ' शीर्षकको कविता **मधुपर्क** (वर्ष ३१, अङ्क ११, पूर्णाङ्क ३५७, चैत्र २०५५) मा प्रकाशित भएको थियो । यो उनको तेस्रो प्रकाशित कविता हो । यो कविता ४ अनुच्छेदमा संरचित छ । ती प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको असमान वितरण (पहिलो : १०, दोस्रो : ९, तेस्रो : १५ र चौथो : ५) गरिएको छ । न्यूनतम एक शब्द र बढीमा १० शब्दसम्ममा लामाछोटा पङ्क्तिहरू यस कवितामा आयोजित छन् । प्रस्तुत कवितामा कविले शान्ति, स्वतन्त्रता र परिवर्तनकामी जनताको चाहनालाई कसैले अपहरण गरेमा जनताले विद्रोहमार्फत त्यस्ता तत्त्वलाई पराजित गरिदिने विचार व्यक्त गरेका छन् ।

प्रस्तुत कविता गद्य कविताको मुक्त लयात्मक ढाँचामा संरचित छ । 'यात्रा लामो छ' भन्ने वाक्यलाई कविताका प्रत्येक अनुच्छेदमा आवृत्ति गरिएकाले यस कवितामा वृत्तात्मक ढाँचाको प्रयोग भएको स्पष्ट हुन्छ । कविताका धेरैजसो पङ्क्तिमा अन्त्यानुप्रासको प्रयोग गरी गद्यलाई लयात्मक बनाउने प्रयास गरिएको छ ।

प्रस्तुत कवितामा कविले जनताको यात्रा अनन्त छ त्यो यात्रा निरन्तर शान्ति, स्वतन्त्रता र परिवर्तनका निम्ति हुन्छ भन्ने भावना व्यक्त गरेका छन् । यस कवितामा कविले निरन्तर यात्रारत जनताका चाहनालाई कसैले रोक्न र दबाउन खोजेमा त्यसका विरुद्ध विद्रोह गरी जनताले नष्ट पारिदिन्छन् भन्ने विचार व्यक्त गरेका छन् । यस सन्दर्भमा कविले जनताको शक्तिलाई आगो, अरिङ्गालको गोलो र समुद्री आँधीका रूपमा चित्रण गर्दै जनताको शक्तिलाई सर्वोपरि शक्तिका रूपमा प्रस्तुत गरेका छन् । यहाँ कविले जनतालाई एकातिर विद्रोही शक्तिका रूपमा र अर्कातिर शान्ति र स्वतन्त्रताको पक्षधरका रूपमा चित्रण गरेका छन् । जनताको चाहनालाई दबाउने कुनै पनि तत्त्वमाथि जनता विद्रोही बन्न सक्ने अभिव्यक्ति कविले यसमा प्रस्तुत गरेका छन् । अन्त्यमा शान्ति र स्वतन्त्रताका प्रेमी जनताले नै निरन्तरको प्रयासबाट नयाँ संसारको निर्माण गर्न सक्छन् भन्ने विचार कविले प्रस्तुत गरेका छन् ।

प्रस्तुत कवितामा आत्मलापीय शैलीको प्रयोग गरिएको छ । यस कवितामा प्रतीकात्मक वैशिष्ट्य पनि पाइन्छ । यो कवितामा जनताको शक्तिलाई आगो, अरिङ्गालको गोलो, समुद्री आँधीजस्ता प्राकृतिक विम्बहरूमार्फत अभिव्यक्त गरिएको छ । यस खालका अनेक विम्बहरूले गर्दा

यो कविता निकै प्रभावशाली बन्न पुगेको छ । त्यसकारणले पनि यो कविता अभिधा अर्थभन्दा व्यञ्जना अर्थमा प्रभावकारी बन्न पुगेको छ । भावपक्षभन्दा विचारपक्ष बढी शक्तिशाली रहेको यस कवितामा कविले तत्सम, तद्भव तथा आगन्तुक शब्दको सन्तुलित प्रयोगमा रुचि देखाएका छन् ।

(४) 'बुद्ध किन बोल्दैनौ ?' कविताको विवेचना

कवि 'कुसुम'द्वारा लिखित प्रस्तुत कविता **पारिको अनुभव** (२०६०) यात्रासंस्मरणमा प्रकाशित भएको थियो । यो कविता उनको चौथो प्रकाशित कविता हो । प्रस्तुत कविता देशको समकालीन विद्रोहको स्थितिले पीडित बनाएको मानसिक अवस्थामा रचिएको थियो भन्ने कविको स्वीकारोक्ति छ । उक्त कवितामा विद्रोहका कारण देशमा हत्या, हिंसा र शून्यता छाएको अनुभूति प्रकट गर्दै शान्तिका अग्रदूत गौतम बुद्धलाई त्यस स्थितिबाट मुक्ति दिलाइदिन कविले अनुरोध गरेका छन् ।

प्रस्तुत कविता गद्य कविताको मुक्त लयात्मक ढाँचामा छ । आत्मपरक एवम् तृतीय पुरुष कथनढाँचा अँगालिएको यस कवितामा 'बुद्ध किन बोल्दैनौ ?' भन्ने वाक्यलाई थेगोस्वरूप प्रत्येक अनुच्छेदमा आवृत्ति गरिएको छ; जसबाट यो कविता वृत्तात्मक ढाँचा रचना हुन पुगेको छ । प्रस्तुत कविता ५ अनुच्छेदका आयाममा संरचित छ । गद्यमा लेखिएको भए तापनि यस कवितामा लय तत्त्व समृद्ध रहेको छ । यस कवितामा अनुप्रासको आयोजना सहज छ भने अन्तरअनुप्रासीयता पनि त्यक्तिकै प्रबल छ ।

यस कवितामा कविले शान्तिका अग्रदूत गौतम बुद्धलाई सम्बोधन गर्दै वर्तमान विद्रोहले देशमा मच्चिएको हत्या, हिंसा, शून्यता तथा त्रासको वातावरणको वर्णन गरेका छन् । यसै क्रममा कवि भन्छन् : युद्धको त्रासका कारण चौरीखर्क दिनप्रतिदिन रित्ता भएका छन् । पहाडी गाउँका युवा सबै पलायन भएका छन् । देश विकासका काम सबै बन्द भएका छन् । स्वच्छ पानीका मूलमा ढल र विषाक्त वस्तुको मिसावटले ती दूषित भएका छन् । हिजोसम्म लेबनानमा बम पड्क्यो, बच्चा मारियो भन्ने समाचार सुन्न पाइन्थ्यो तर आज आफ्नै देशमा बच्चा मारिएको, स्कुल जाने बालकलाई बारुद बोकाइएको, गाउँका सोझासिधालाई मानव ढाल बनाइएको, शिक्षकलाई झुन्ड्याइएको, ससुराली जाँदा खुट्टा काटिएको समाचारले कवि निकै चिन्तित बनेका छन् । उनी शान्तिका अग्रदूत गौतम बुद्धको देशमा यस्ता घटना हुँदा पनि गौतम बुद्ध आँखा चिम्लेर बसेको कल्पना गर्दै कवि बुद्धलाई किन बोल्दैनौ ? भनी प्रश्न गर्न पुग्दछन् । अन्त्यमा कवि यी सम्पूर्ण युद्धजनित कुतत्त्वलाई सदाका लागि अन्त्य गरी देशमा शान्ति र समृद्धि ल्याउन बुद्धलाई तेस्रो आँखा खोल्न अनुरोध गर्दछन् ।

प्रस्तुत कवितामा सम्बोधनात्मक शैलीको प्रयोग गरिएको छ । यहाँ कविले बुद्धलाई वर्तमान विद्रोहलाई हेरेर नबस्न आग्रह गर्दै मुक्तिको कामना गरेका छन् । उक्त कवितामा वर्णनात्मक शैलीको उपयोग गरिएको छ । कवितामा तत्सम, तद्भव तथा आगन्तुक शब्दको सन्तुलित एवम् सहज संयोजन पाइन्छ ।

(५) 'परेवा र चील' कविताको विवेचना

कवि कुसुमद्वारा लिखित 'परेवा र चील' शीर्षकको कविता **पारिको अनुभव** (२०६०) यात्रासंस्मरणमा प्रकाशित छ । यो कविता देशको वर्तमान विद्रोहको स्थितिले पीडित बनाएको मानसिक अवस्थाको अभिव्यक्त हो (कुसुम; २०६० : ३९) भन्ने कविको स्वीकारोक्ति छ । प्रस्तुत कवितामा कविले शान्तिको प्रतीक परेवालाई चिन्न नसकी त्यसलाई बाजका रूपमा लिएको मानवीय कमजोरीलाई प्रस्तुत गरेका छन् ।

प्रस्तुत कविता गद्य लयात्मक ढाँचामा रचिएको छ । यस कवितामा चक्रात्मक ढाँचाको प्रयोग गरिएको छ । यस कविताको संरचना पक्षलाई हेर्दा यो जम्मा ५ अनुच्छेदहरूमा संरचित छ । यसका प्रत्येक अनुच्छेदका अन्त्यमा तर, फगतजस्ता संयोजकको प्रयोग गरी कविताको भावलाई तन्काउने कोसिस गरिएको छ ।

यस कवितामा परेवा शान्तिको सन्देश लिएर पूर्वदेखि पश्चिमसम्म एकाग्र, एक सुर र एक लयमा विचरण गरिरहेका बेला तिखा नङ्ग्रा भएको बाजले ती परेवालाई भुइँमा पछार्दै आफ्नो ठोँडले तिनीहरूको रगत चुसेको कुरा व्यक्त गर्दै कविले आज मानिसहरू शान्तिलाई चिन्न नसकी विद्रोह तथा आतङ्कमा होमिएका र ती अपराधी बाजहरूलाई नै शान्तिका प्रतीक मान्दै जनताले काखी च्यापेर हिँडिरहेको अवस्थालाई यस कवितामार्फत कविले दर्साउन खोजेका छन् । कविले वर्तमान सयमा देशमा देखिएको युद्ध, आतङ्क, बिभीषिका, सन्त्रास आदिलाई बाजका प्रतीकका रूपमा प्रस्तुत गरेका छन् भने देशमा शान्ति चाहने जनतालाई परेवाको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । परेवाजस्ता शान्तिका वाहक जनतालाई बाजरूपी आतङ्कको मखुन्डो लगाएकाहरूले उनीहरूलाई दबाएर विश्वमा आतङ्क फैलाइरहेको यथार्थलाई कविले यस कवितामा व्यक्त गरेका छन् । वर्तमान संसारको यथार्थलाई समेट्न यो कविता सफल रहेको छ ।

प्रतीकात्मक रूपमा लेखिएको प्रस्तुत कविताको भाषाशैली केही जटिल प्रकारको देखिन्छ । बाजलाई आतङ्क र परेवालाई शान्तिको प्रतीकका रूपमा कवितामा चित्रण गरिएको छ । नेपाली भाषामा अत्यन्त प्रचलित तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोग गरी यो कविता लेखिएको छ । ठाउँठाउँमा अन्त्यानुप्रासप्रतिको मोह पनि कविले देखाएका छन् । 'उड्दै उड्दै', 'छर्दै छर्दै' जस्ता

द्वित्व भएका शब्दहरू कवितामा प्रयोग गरिएको देखिन्छ । ५१ हरफमा लेखिएको उक्त कविताको भाषा आलङ्कारिक छ । सरल, सहज, आलङ्कारिक भाषाशैलीमा लेखिएको यो कविता समकालीन सन्त्रासमय परिस्थितिको अभिव्यञ्जनाका दृष्टिले निकै सफल छ ।

४.४.३ निष्कर्ष

उपर्युक्त विवेच्य पाँचवटा गद्य कविताका आधारमा कुसुमलाई एक सफल गद्य कवि हुन् भन्न सकिन्छ । उनका सङ्ख्यात्मक रूपमा कविताहरू थोरै भए पनि गुणात्मक रूपमा निकै प्रभावशाली छन् । गद्य लयात्मक ढाँचामा लेखिएका उनका कवितामा देशको समकालीन विद्रोह र त्यसबाट उत्पन्न हत्या, हिंसा र त्रासको अवस्थालाई प्रतीकात्मक रूपमा अभिव्यक्ति दिन कुसुम सफल भएका छन् । आफ्ना अनुभूतिहरूलाई कवितामा सरल र सहज भाषामा प्रस्तुत गर्न सक्नु उनको कवि व्यक्तित्वको विशेषता हो । उनका कविताहरू मार्मिक, प्रतीकात्मक एवम् अन्त्यानुप्रासले युक्त छन् । उनी आफ्ना उपर्युक्त कविताहरूबाटै आफूलाई कविका रूपमा सफल भएका छन् ।

पाँचौं परिच्छेद
उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधपत्रको **पहिलो परिच्छेद**मा यस शोधकार्यको परिचय दिइएको छ । यस क्रममा विभिन्न उपशीर्षकहरूमार्फत शोधकार्यको प्रयोजन, शोधकार्यका समस्या, शोधकार्यका उद्देश्य, पूर्वाध्ययनको सर्वेक्षण, शोधको औचित्य, सामग्रीसङ्कलनका आधार र शोधविधि एवम् शोधसीमासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदअन्तर्गत गोविन्दप्रसाद 'कुसुम'को जीवनीबारे विवेचना गरिएको छ । वि. सं. २०११ असोज २० गते दाङ जिल्लाको हापुर गाउँमा कुसुमको जन्म भएको हो । यिनको बाल्यकाल दाङको हापुर, हेकुली र गुल्मी जिल्लाका विभिन्न स्थानहरूको वातावरणमा सुखपूर्वक बितेको पाइन्छ । २० वर्षको उमेरमा कुसुमको उपनयन संस्कार हाल नेकपा एमालेका नेता युवराज ज्ञवालीका बाबुले सम्पन्न गरिदिएका थिए । दाङ जिल्लाकै हेकुलीको स्थानीय गाउँको पाटीबाट अक्षरारम्भ गरेका कुसुमले प्राथमिक शिक्षा वीरेन्द्र निम्न माध्यमिक विद्यालय हेकुली, दाङबाट पूरा गरेका थिए । त्यसपछि महेन्द्र हाईस्कुल दाङ, तुलसीपुरबाट माध्यमिक शिक्षा पूरा गरेका थिए भने एस्. एल्. सी. चाहिँ पद्मोदय हाईस्कुल, दाङबाट पूरा गरेको पाइन्छ । कुसुमले इन्टरमिडियट पाल्पास्थित त्रिभुवन कलेजबाट द्वितीय श्रेणीमा पूरा गरेका हुन् भने व्यक्तिगत विद्यार्थीका रूपमा बी. ए., डी. पी. ए. र बी. एल् एवम् राजनीतिशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको देखिन्छ । उनले सन् २००४ मा द्वन्द्वव्यवस्थापन विषयमा त्रि. वि. बाट विद्यावारिधिको उपाधि पनि लिएका छन् ।

मध्यमवर्गीय परिवारमा जन्मिएका कुसुमको पारिवारिक आर्थिक स्थिति सुरुमा केही कमजोर रहेको थियो । पिताको असमायिक निधनले पारिवारिक आर्थिक स्थिति कमजोर भए पनि उनकी आमाले परिश्रम गरी कुसुमलाई पढाएकी थिइन् । २०३७ सालमा शाखा अधिकृतको परीक्षा उत्तीर्ण गरी निजामती सेवामा प्रवेश गरेपछि भने कुसुमको आर्थिक अवस्था सुदृढ बन्दै गएको पाइन्छ । हाल उनका परिवार काठमाडौंस्थित बुद्धनगर-१० मा निजी घरमा बसोबास गर्छन् भने उनी हाल पनि नेपाल सरकारको विशिष्ट श्रेणीका कर्मचारीका रूपमा कार्यरत छन् ।

अन्त्यन्त मिजासिलो र सरल स्वभावका धनी कुसुम त्यत्तिकै इमानदार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खानपान र साधारण पहिरनमै सन्तुष्ट हुने कुसुम साहित्यिसिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्दछन् । कुसुम कार्यक्षेत्रका दृष्टिले मुख्यतः प्रशासनिक सेवा र अंशतः सामाजिक क्षेत्रमा संलग्न भएका व्यक्ति हुन् । २०३७ सालमा सरकारी कर्मचारीका रूपमा शाखा अधिकृतबाट प्रशासन सेवामा संलग्न भएका कुसुमले विभिन्न

दसवटा प्रशासनिक कार्यालयहरूमा नेतृत्व पङ्क्तिमा रहेर सेवा गरिसकेका छन् भने उनी वर्तमान अवस्थामा नेपाल सरकारको गृह मन्त्रालयमा सचिव पदमा कार्यरत छन् ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने कुसुम कुनै राजनीतिप्रति संलग्न छैनन् । अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा कुसुमको देशको प्रशासनिक र सामाजिक क्षेत्रको विकास र प्रवर्धनमा ठूलो भूमिका रहेको देखिन्छ । व्यक्तिगत तथा प्रशासनिक उद्देश्यले कुसुमले स्वदेशका विभिन्न भागका अतिरिक्त २६ वटा विदेशी राष्ट्रहरूको भ्रमण गरेका छन् । साहित्य जीवन हो, जीवन नै साहित्य हो; जीवन नभएको साहित्य हुँदैन भन्ने दर्शन वा विचार लिएर अगि बढेका कुसुम निरन्तर आफ्ना उत्तरदायित्व तथा सृजनामा क्रियाशील छन् ।

तेस्रो परिच्छेदअन्तर्गत गोविन्दप्रसाद 'कुसुम'को व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा चिटिक्क परेको, निकै प्रभावशाली र आकर्षक देखिने कुसुम शारीरिक रूपले स्वस्थ छन् । कुसुमको स्रष्टा व्यक्तित्व कवि, कथाकार र संस्मरणकारका रूपमा परिचित र स्थापित छ । यसबाहेक उनी प्रशासक एवम् समाजसेवी व्यक्तित्वका रूपमा पनि त्यत्तिकै चर्चित छन् ।

चौथो परिच्छेदअन्तर्गत गोविन्दप्रसाद 'कुसुम'का साहित्यिक कृतिहरूको विश्लेषण गरिएको छ । कविता विधाबाट सृजनामा सार्वजनिक यात्रा प्रारम्भ गरेका कुसुमका हालसम्म केही फुटकर कविता तथा दुईवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । आख्यान विधाअन्तर्गत उनको **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रह प्रकाशित भएको छ भने अमेरिकाको यात्राका क्रममा आफूले देखेभोगेका घटनाहरूलाई विषयवस्तु बनाई लेखिएको **पारिको अनुभव** (२०६०) यात्रासंस्मरण प्रकाशित भएको छ ।

तन्द्राभित्रको अतीत सङ्ग्रहमा सङ्कलित बयालीसवटा कथाहरूमध्ये केही कथा छोटा तथा छरिता रहेका छन् भने केही कथाहरूको लमाइ सामान्य प्रकारको छ । यसमा सङ्कलित कथाहरू आआफ्ना संरचनामा पूर्ण छन् । अधिकांश कथाहरू आदि, मध्य र अन्त्यको कथानकीय संरचनामा आधारित छन् । संरचनागत पूर्णताका कारण उनका कथाहरू पाठकलाई कथात्मक सन्तुष्टि दिन सफल छन् ।

प्रस्तुत सङ्ग्रहभित्र सङ्कलित कथाहरू समसामयिक विषयमा आधारित छन् । अधिकांश कथाहरूले समाजका विभिन्न क्षेत्रका विकृति तथा विसङ्गतिलाई कलात्मक र प्रभावकारी ढङ्गमा प्रस्तुत गरेका छन् । कतिपय कथाहरूमा सामाजिक यथार्थको मार्मिक रेखाङ्कन गरिएको छ भने

कतिपय कथाहरूमा राजनीतिक एवम् प्रशासनिक क्षेत्रमा व्याप्त भ्रष्टाचारको व्यङ्ग्यात्मक अभिव्यक्ति भएको छ । समग्रमा उनका कथाहरू समाजका खजमज, अमिल्दोपन, ह्रास, पतन, धुर्त्याइँ र कप्ट्याइँका ऐना बनेका छन् । कुसुमले अधिकांश कथाहरूमा समाजको थङथिलो भएको र दुखेको पाटालाई यथार्थवादी रङ र मार्मिक ढङ्गमा अभिव्यक्त गरेका छन् । केही कथाहरूले भने विदेशी भूमिका विकृति र विसङ्गतिलाई आत्मसात् गरेको देखिन्छ भने 'वैज्ञानिक १३६ 'ए' को डायरी' कथा भने विज्ञान कथाका रूपमा उपस्थित भएको छ ।'मान्छे', 'यसरी रात ढल्छ ' र 'स्वतन्त्रता' कथाहरूमा उनले स्वैरकल्पनात्मक प्रवृत्ति अँगालेको देखिन्छ ।

चरित्रचित्रणका दृष्टिले यस सङ्ग्रहभित्रका कथाहरूमा कुसुमले प्रायः निम्नवर्गका पात्रहरूको चित्रण गरेका छन् । समाजमा अज्ञान, अशिक्षा तथा शोषणमा पिल्सिएका जनताको पक्षमा वकालत गर्दै उनले घटनाअनुसारका यथोचित पात्रहरूको संयोजन गरी कथा लेखेका छन् । पात्रचयनका दृष्टिले उनका केही कथामा मानवेतर प्राणीहरू पनि पात्रका रूपमा उपस्थित भएका छन् । उक्त सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये सबैजसो कथाहरूको परिवेश हाम्रै देशको ग्रामीण परिवेश र केही कथाहरू सहरिया परिवेशमा घटित भएका छन् भने 'सोचाइ', 'आफैँले बाँचेको जीवन', 'मृत्युको मुख' र 'इस्तानबुलको रात' कथाहरूको परिवेश विदेशी छ । परिवेश स्वदेशी वा विदेशी जे भए पनि सबै कथाहरू नेपाली जीवनकै भोगाइसँग सम्बद्ध छन् ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित कथाहरूको दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष रहेको छ । यसमा सङ्कलित सबै कथाहरू सरल, सहज, सार्थक, साभिप्राय र प्रभावी छन् । सुन्दर शैली, आकर्षक प्रस्तुति तथा बोधगम्य भाषाप्रयोगका कारण कुसुमका यस सङ्ग्रहका कथाहरू रोचक, व्यङ्ग्यात्मक तथा पठनीय छन् ।

कुसुमको दोस्रो पुस्तकाकार कृति **पारिको अनुभव** (२०६०) यात्रासंस्मरण हो । यस संस्मरणमा अमेरिकाको भ्रमणयात्राका क्रममा कुसुमले देखेभोगेका तथा यात्राका क्रममा घटेका घटनाहरूलाई विषय बनाई लेखिएका आठवटा संस्मरणहरू सङ्कलित छन् । संस्मरणहरू न्यूनतम २० पृष्ठदेखि अधिकतम ५० पृष्ठसम्मको लमाइमा फैलिएका छन् । सबै संस्मरणहरूमा कुसुमले सन् २००२ मा अमेरिकाको भ्रमणका क्रममा आफूले घुमेका स्थान, त्यस स्थानको इतिहास, विभिन्न सङ्घसंस्थाका व्यक्तिहरू तथा विभिन्न ठाउँका दृश्यहरू आदिलाई यथार्थ रूपमा वर्णन गरेका छन् । अमेरिकाका वासिङ्गटन डी. सी., सान्टाफे, प्युब्लो, चार्ल्सटन, साल्ट लेक सिटी, युटाह आदि सहरहरूको भौगोलिक अवस्था, रहनसहन, भाषाशैली, आर्थिक, राजनैतिक तथा सांस्कृतिक स्वरूपको वर्णन गर्दै कुसुमले ती सहरहरूको व्यवस्थापनपक्षलाई नेपालसँग तुलना पनि गरेका छन् । यात्राका

क्रममा घटेका ससाना घटनाहरूलाई पनि कुसुमले यथार्थ रूपमा यस संस्मरणमा समेटेको पाइन्छ । विभिन्न ठाउँमा अनेक व्यक्तिगत तथा सङ्घसंस्थाका व्यक्तिहरूसँग भएका संवाद, भेटघाट, छलफल, गोष्ठी, सेमिनार आदिका कुराहरूलाई पनि कुसुमले यी संस्मरणहरूमा जस्ताको तस्तै उल्लेख गरेको देखिन्छ । कैयौँ ठाउँमा भ्रमणका अवस्थामा अपनाउनुपर्ने सतर्कता तथा विदेशभ्रमणमा रहेका बेला यात्रीले ध्यान पुऱ्याउनैपर्ने कुराहरू प्रस्तुत गरिएका छन् । अवलोकनका रमाइला दृश्यहरूसँगै यात्राका क्रममा घटेका तीता यथार्थहरूलाई पनि कुसुमले यी संस्मरणहरूमा उल्लेख गरेको देखिन्छ भने अवलोकनपश्चात् आफ्ना अन्तर्मनका अनभूतिलाई पनि उनले सशक्त रूपमा प्रस्तुत गरेका छन् । संस्मरण लेख्ने क्रममा कतैकतै आयोजित र कतैकतै स्वाभाविक हास्यको पनि प्रयोग गरेको देखिन्छ । कतिपय अवस्थामा वर्णन गर्ने क्रममा विषयवस्तुको सम्बद्धताले कुसुमले आफ्ना जीवनका अतीतमा घटेका घटनाहरूको पनि सम्झना तिनको उल्लेख गरेको देखिन्छ ।

संस्मरणको शैली वर्णनात्मक पद्धतिमा आधारित छ । आफ्ना संस्मरणहरूमा कुसुमले कतै संवादात्मक र कतै वर्णनात्मक पद्धतिलाई पनि अँगालेका छन् । संस्मरण लेख्ने क्रममा नेपाली लेखाइ र बोलचालमा प्रचलित नेपाली भाषाको प्रयोग गरिए तापनि विभिन्न ठाउँमा विचलनयुक्त वाक्यहरूको प्रयोगका साथै विदेशी मुलुकको भ्रमण भएकाले अङ्ग्रेजी भाषाका शब्दहरू पनि प्रशस्त मात्रामा प्रयोग गरिएको छ । यात्राको सोझो वर्णन गर्ने क्रमसँगै कतै इतिहास, कतै राजनीतिक, सामाजिक सन्दर्भ एवम् विभिन्न स्थानहरूको विस्तृत वर्णनले गर्दा संस्मरणको भाषा कतैकतै केही जटिल पनि भएको छ । नेपाली समाजमा प्रचलित विभिन्न उखानहरूलाई पनि आफ्ना संस्मरणमा उनले प्रयोग गरेका छन् । । कतैकतै अङ्ग्रेजी शब्दहरूको आधिक्यले अङ्ग्रेजी नबुझ्ने पाठकहरूका लागि ती सन्दर्भहरू पाठकलाई अरुचिकर पनि बनेका छन् । जेहोस्; समग्रमा नेपाली साहित्यको यात्रासंस्मरण विधामा कुसुमको यो कृति उपलब्धिपूर्ण छ र अमेरिका जाने र अमेरिकाको ज्ञान राख्न चाहने पाठकहरूका लागि उपयोगी सामग्री पनि साबित भएको छ ।

गोविन्दप्रसाद 'कुसुम'का केही फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका हालसम्म प्रकाशित तथा उपलब्ध जम्मा पाँचवटा कविताहरूमध्ये दुईवटा कविताहरू **पारिको अनुभव** यात्रासंस्मरणअन्तर्गत 'त्रिभुवन विमानस्थलदेखि वासिङ्गटनसम्म' संस्मरणमा परेका छन् भने अन्य तीनवटा कविताहरू **मधुपर्क, समकालीन साहित्य**जस्ता पत्रिकामा छन् । यी कवितामार्फत कुसुमले देशको समकालीन अवस्थितिलाई अभिव्यक्त गरेका छन् । गद्यलयात्मक ढाँचामा लेखिएका उनका कवितामा देशको समकालीन विद्रोहको अवस्थाको चित्रण गर्दै मुक्तिको कामना गरिएको छ भने केही कवितामा मान्छेभित्रका जिजीविषाका कारण उसले भोग्नुपरेको

अवस्थालाई अभिव्यक्त गर्न खोजेका छन् । उनका सबै कविताको भाषा सरल तथा सहज देखिन्छ र उनका केही कविताहरू भने प्रतीकात्मक पनि छन् ।

पाँचौ परिच्छेदअन्तर्गत प्रस्तुत शोधपत्रको उपसंहार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यमा कवि, कथाकार र यात्रासंस्मरणकारका रूपमा परिचित कुसुम आजको पुस्ताका सामाजिक यथार्थवादी कथाकार हुन् । आफ्नो अथक र निरन्तर साधनाले कुसुमले नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन् । अझ विशेषगरी आख्यान, निबन्ध र कविताविधालाई यिनले आफ्नो कार्यक्षेत्र बनाएका छन् । आधुनिक कथा, यात्रासंस्मरण र कविताविधाका क्षेत्रमा एक प्रखर, देशभक्त, उन्नायक र राष्ट्रचिन्तक साहित्यकारका रूपमा कुसुमको योगदान उल्लेख्य रहँदै आएको छ ।

समग्रमा भन्नुपर्दा गोविन्दप्रसाद 'कुसुम' सानैदेखि मिहिनेती, लगनशील, प्रतिभाशाली र परिश्रमी व्यक्ति हुन् भन्ने कुरा उनको जीवनीबाट प्रस्ट हुन्छ । उनले समाज र राष्ट्रमा आफ्नो व्यक्तित्वलाई समाहित गर्दै नेपाल राष्ट्रको प्रशासनिक क्षेत्रमा आफ्नो कुशल प्रशासकीय व्यक्तित्वलाई उच्च राखेका छन् । उनी एक कुशल प्रशासक भएर पनि साहित्यसाधनामा क्रियाशील भएका देखिन्छन् । उनले साहित्यका कविता, कथा र यात्रासंस्मरण विधामा कलम चलाई नेपाली साहित्यमा आफूलाई स्थापित गरेका छन् ।

कुसुमको सृजनायात्रालाई हेर्दा उनले कविताविधाबाट नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ । कविता विधाको कुनै पुस्तकाकार कृति नभए पनि उनका कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । हालसम्म उपलब्ध पाँचवटा गद्य कविताहरूबाट उनको कवि व्यक्तित्वलाई चिनाउनु पर्दा उनका कविताहरू सङ्ख्यात्मक दृष्टिले भन्दा गुणात्मक दृष्टिले विशेष उल्लेखनीय छन् । प्रतीकात्मक कविताबाट समकालीन देशको अवस्थालाई चित्रण गर्न सक्नु उनको कवि व्यक्तित्वको महत्त्वपूर्ण पक्ष हो ।

कुसुमको अर्को पाटो यात्रासंस्मरण हो । सन् २००२ मा अमेरिकाको भ्रमणका क्रममा कुसुमले देखेभोगेका र घटेका घटनाहरूलाई विषयवस्तु बनाई **पारिको अनुभव** (२०६०) यात्रासंस्मरण कृति प्रकाशित गरेका छन् । यी संस्मरणहरू ८ वटा शीर्षकमा विभाजित छन् । यी सबै पूर्वापर सम्बन्धमा बाँधिएका छन् । त्यसैले यसलाई एउटा बृहत् संस्मरण ग्रन्थका रूपमा पनि लिन सकिन्छ । यसरी संस्मरणहरू लेखेर कुसुमले नेपाली साहित्यको यात्रासंस्मरण विधामा आफ्नो पृथक् पहिचान निर्माण गर्न सफल भएका छन् ।

कुसुमको सृजनाको अर्को पाटो कथाकारिता हो । बयालीसवटा कथाहरूलाई सङ्गृहीत गरी **तन्द्राभित्रको अतीत** (२०६०) कथासङ्ग्रह प्रकाशित गरेका कुसुमले यी कथाहरूमा समाजका विकृति तथा विसङ्गतिलाई उदाङ्गो पार्दै आफूलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा उभ्याएका छन् । सङ्ख्यात्मक दृष्टिले अन्य विधाभन्दा यस विधामा ज्यादा कलम चलाएका कुसुमका कथाहरू गुणात्मक दृष्टिले पनि त्यत्तिकै उत्कृष्ट छन् । उनको समग्र साहित्यिक व्यक्तित्व यसै कथाविधामा नै केन्द्रित भएको देखिन्छ । यिनै कथामार्फत नेपाली साहित्यको आधुनिक नेपाली कथापरम्परामा कुसुम आफूलाई पनि एक सामाजिक यथार्थवादी कथाकारका रूपमा उभ्याउन सफल भएका छन् ।

निष्कर्षमा कुसुमले कविताविधाबाट साहित्यमा प्रवेश गरे तापनि उनको कवि व्यक्तित्वभन्दा यात्रासंस्मरणकार व्यक्तित्व उज्ज्वल हुन पुगेको छ भने उनको सबैभन्दा प्राप्तिपूर्ण सृजनात्मक योगदान चाहिँ कथाविधा नै देखिएको छ ।

सन्दर्भसामग्री विवरण

अवस्थी, महादेव, (सम्पा)., **नेपाली कथा भाग २**, ललितपुर : साझा प्रकाशन, २०५५ ।

कुसुम, गोविन्दप्रसाद, **तन्द्राभित्रको अतीत**, काठमाडौँ : बगर फाउन्डेसन, २०६० ।

________________ , **पारिको अनुभव**, ललितपुर : जगदम्बा प्रेस प्रा. लि., २०६० ।

________________ , 'एक भियतनामी बालक', **श्रीनगर**, (वर्ष, अङ्क, पूर्णाङ्क अप्राप्त, २०२८) ।

________________ , 'जिजीविषा' **मधुपर्क**, (वर्ष ३०, अङ्क ९, पूर्णाङ्क ३४४, चैत्र २०५५), पृ. ५३ ।

________________ , 'यात्रा लामो छ', **मधुपर्क**, (वर्ष ३१, अङ्क ११, पूर्णाङ्क ३५६, चैत्र २०५५), पृ. ५९ ।

________________ , 'बुद्ध किन बौल्दैनौ ?', **पारिको अनुभव**, ललितपुर : जगदम्बा प्रेस प्रा. लि., २०६० ।

________________ , 'परेवा र चील', **पारिको अनुभव**, ललितपुर : जगदम्बा प्रेस प्रा. लि., २०६० ।

खनाल, चूडामणि, **जगदम्बा शतक**, ललितपुर : जगदम्बा प्रेस प्रा. लि., २०६१ ।

गौतम, देवीप्रसाद, **नेपाली कथा**, काठमाडौँ : नवीन प्रकाशन, २०५४ ।

त्रिपाठी, बासुदेव र अन्य, **नेपाली कविता भाग ४**, चौ. सं., ललितपुर : साझा प्रकाशन, २०६० ।

दिक्तेल, राविया, 'पत्र-प्रशंसा', **मधुपर्क**, (वर्ष २२, अङ्क ६, कात्तिक, २०४६), पृ. ४६ ।

दीक्षित, कमल, 'प्रकाशकीय', **पारिको अनुभव**, ललितपुर : जगदम्बा प्रेस प्रा. लि., २०६० ।

विकल, रमेश, 'यस अङ्कका रचनाकार', **समकालीन साहित्य**, (वर्ष ९, अङ्क २, पूर्णाङ्क ३४, २०५६), पृ. ७ ।

शर्मा, मोहनराज, **कथाको विकासप्रक्रिया**, ललितपुर : साझा प्रकाशन, २०५० ।

____________ , 'कथा 'कुसुम'का', **तन्द्राभित्रको अतीत**, काठमाडौँ : बगर फाउन्डेसन नेपाल, २०६० ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल, **शोधविधि**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।

शर्मा, मोहनराज र राजेन्द्र, सुवेदी, (सम्पा.), **समसामयिक साझा कथा**, ललितपुर : साझा प्रकाशन, २०४१ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०६० ।

श्रेष्ठ, दयाराम र मोहनराज, शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँ. सं., ललितपुर : साझा प्रकाशन, २०५६ ।

सिलवाल, नकुल, 'प्रकाशनको मन्तव्य', **तन्द्राभित्रको अतीत**, काठमाडौँ : बगर फाउन्डेसन नेपाल, २०६० ।

_______________ , **स्नातकोत्तर नेपाली निबन्ध भाग ३**, ते. सं., काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६ ।

हमाल, यज्ञबहादुर, 'पत्र-प्रशंसा', **मधुपर्क**, (वर्ष २२, अङ्क ६, कात्तिक २०४६), पृ. ४ ।